Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भक्ति-सरिता

चारुशीला मिश्र



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भक्ति-सरिता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भक्ति-सरिता

(अन्तस्फुरित लेख-सङ्ग्रह)

चारुशीला मिश्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रकाशक : कुमारप्रसाद उपाध्याय
भाटभटेनी, काठमाडौं
सर्वाधिकार : कृतिकारमा
संस्करण : पहिलो, २०६२
सङ्ख्या : १००० प्रति
मूल्य : रु. १००।-
टाइपसेटिङ : परम्परा कम्प्युटर (४-२५०२८१)
मुद्रक : स्थापित अफसेट प्रेस, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



मेरी प्यारी छोरी किरण उपाध्याय

(२००४ ज्येष्ठ १० - २०५२ चैत्र १७)

मा

यो कृति समर्पण गर्दछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भक्ति-सरिता : एउटा आकर्षक कृतित्व

कवयित्री चारुशीला मिश्रको कवित्वसँग साक्षात्कार गर्न पाएको केही समयपश्चात् उहाँको गद्यकारितासित पनि परिचित र प्रभावित हुने सुअवसर प्राप्त भयो । उहाँको गद्यशैली अपेक्षाकृत सहज प्रवाहशील र आकर्षक रहेछ । प्रत्येक रचना पढ्न थालेपछि नसकी धरै नपाइने ! यथार्थमा सहज-स्वाभाविक शैलीगत मोहनीले लठ्यायो मलाई । प्रारम्भमा मैले यस किसिमको आकर्षणको कल्पना गरेको थिइनँ, परन्तु प्रतिभा भन्ने कुरा कहाँ कसरी प्रदर्शित हुनसक्छ त्यसको पूर्वानुमान गर्न कठिन हुन्छ ।

भक्ति-सरिताभित्र गद्यकार चारुशीला मिश्रद्वारा लिखित पन्ध्रवटा गद्यरचनाहरू समावेश गरिएका छन् । विषय-क्षेत्रगत विविधताले नौलो स्वाद चखाउने प्रयत्न गरेको पाइन्छ । ईश्वर-भक्ति, अध्यात्मराग, ईश्वरीय लीलाजस्ता आध्यात्मिक विषयप्रतिका आफ्ना अनुभव र अनुभूतिलाई अभिव्यक्त गर्दै आफ्नो अध्यात्मचिन्तनतर्फको आकर्षणलाई प्रस्तुत गर्न लेखिका सफल रहेको एकातर्फ पाइन्छ भने अर्कातर्फ जीवनभोगाइका क्रममा अनुभव गरिएका सामाजिक, सांस्कृतिक, राजनीतिक एवं भौगोलिक परिदृश्यहरूलाई समेत यथावत् अङ्कन गर्न सक्ने क्षमताले सार्थकता प्राप्त गरेको अनुभव हुन्छ ।

चाहे अस्पतालको अकल्पनीय पीडाजन्य प्रसङ्ग होस् चाहे विभिन्न कारणले गरिएका विविध स्थानका यात्राप्रसङ्गहरू हुन्, सबै रचनामा उत्तिकै आकर्षण छ, मोहनी छ । जीवनलाई विवशतापूर्वक दुःखको सागरका रूपमा परिभाषित गर्नुपर्ने सन्दर्भहरूले पाठकका पनि आँखा रसाउने कुरामा दुईमत हुन सक्तैन । सरल र सुबोध भाषाको प्रयोगले प्रस्तुत कृति सबै खालका पाठकका निमित्त रुचिकर हुन सक्ने देखिन्छ । कतिपय रचनाहरू विचारात्मक छन्– 'ईश्वर-भक्तिको झलक,' 'श्रीकृष्णको रासलीला : एक दृष्टि,' 'व्यापक प्रेम : निष्काम भक्तिको रूप,' 'गीताका अमृतमय वाणी,' 'नारीजीवनप्रतिको दृष्टिकोण' र 'श्रीशिवजीको विषपान' ।

यीमध्ये 'नारीजीवनप्रतिको दृष्टिकोण' नेपाली समाजमा विद्यमान नारी-पुरुषका भेदभावजन्य विधि-व्यवहार र त्यसबाट उत्पन्न नकारात्मक परिणामहरूप्रति सङ्केत गर्दै परस्पर आत्मीय व्यवहारबाट नै दुवैका मनोवाञ्छाहरू पूर्ण हुने तथा परिवार,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समाज, राष्ट्र एवं समग्र विश्व नै आदर्श बन्न सक्ने सन्देश दिन उत्प्रेरित रचना देखिन्छ भने अन्य सबै रचनाहरू आध्यात्मिक चिन्तनमा केन्द्रित छन् र तदनुकूल विचार एवं धारणा प्रस्तुत गर्दै सङ्क्षिप्त विश्लेषणमा अग्रसर देखिन्छन् ।

'मेरो छोटो यात्रा,' 'भुटानसितको साक्षात्कार,' 'वृन्दावन परिक्रमा,' 'संस्करण एक दुःखद यात्राको,' 'कुम्भस्नानको यात्रा र अनुभूति' जस्ता रचनाहरू नियात्राका रूपमा रहेका छन् । यिनमा एउटा भुटान तथा अन्य सबै भारतका विभिन्न क्षेत्रको भ्रमणसँग सम्वद्ध देखिन्छन् । चाहे अध्यात्मप्रेरित तीर्थयात्रा होस् चाहे अन्य कुनै प्रसङ्गका यात्रा हुन्, लेखकीय प्रस्तुति-कला उत्तिकै रोचक र सूचनात्मक लाग्दछन् । कतिपय वर्णनहरू चमत्कारपूर्ण एवं रहस्यमय भारतीय सभ्यता चिनाउन सक्षम देखिन्छन् । प्रसङ्गवश नेपाल राष्ट्रका विभिन्न पक्षबारे चर्चासमेत गरेको पाइन्छ । त्यस्तै, 'कमलालाई चिठी,' 'वियोगको सम्झना,' 'जीवनघटनाका सम्झनाहरू,' 'एक शून्य क्षणको मृत्यु' जस्ता रचनाहरू पारिवारिक वियोग-व्यथाका कारुणिक प्रसङ्गहरूले भरिपूर्ण छन् । मानवीय संवेदनाको सूक्ष्म झलक यिनमा पाउन सकिन्छ । नेपालका राणाकालीन उच्चवर्गीय परम्पराको चित्रण यथा प्रसङ्ग गरेर कुनै रचनालाई ऐतिहासिक जलप लगाउने प्रयास पनि भएको पाइन्छ ।

कृतिकार चारुशीला मिश्रको जीवनदर्शन, अध्यात्म-अनुराग एवं मानवीय संवेदनाका पक्षमा रहेको झुकावजस्ता मूलभूत कुरालाई यहाँ प्रस्तुत रचनाहरूले उद्घाटन गरेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक, सांस्कृतिक, सामाजिक जनजीवनका झाँकीहरू पनि यथास्थान प्रदर्शित भएका छन् । जीवनलाई प्रेममय बनाउन सकेमा नै मानवजीवनले सार्थकता प्राप्त गर्ने निचोड पनि निकालिएको छ । अस्तव्यस्त र हिंसामुखी संसार भोग्नु मानवहितमा नरहेको तथा सुन्दर, शान्त एवं आदर्श विश्वको परिकल्पनामा लेखिका चिन्तनशील रहेको बुझ्न सकिन्छ ।

यसरी अध्यात्म-चिन्तन, मानवीय करुणा र नियात्राको त्रिवेणीमा संरचित **भक्ति-सरिता** आकर्षक र उपलब्धिपूर्ण कृति बनेको कुरामा विश्वस्त बन्न सकिन्छ । यसको स्वाभाविक आस्वादनले पनि गुणग्राही पाठकहरूमा दीर्घकालीन प्रभाव पार्न सक्ने कुरामा आशावादी बन्दै आगामी दिनहरूमा आफ्ना अमूल्य अनुभव र अनुभूतिहरूलाई मूर्त रूप प्रदान गर्नतर्फ लेखकीय निरन्तरताको कामना गर्दछु ।

डा. शैलेन्दुप्रकाश नेपाल

२०६२ श्रावण १२

वसुन्धरा, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मेरा दुई शब्द

भक्ति-सरिता । गद्यको मेरो प्रथम प्रकाशित किताब हो । पद्यका दुई-तीन सङ्ग्रह प्रकाशित भइसके पनि योचाहिँ मेरो अन्तिम चिनारीका रूपमा निस्केको हो जस्तो मलाई लाग्दछ । यो जस्तो छ, जे छ, त्यो त यसको आफ्नै रूप र गुणले परिभाषित गर्ने नै छ ।

प्रथमतः यसमा मेरा ईश्वरानुभूतिका आफ्नै अनुभव र अनुभूतिद्वारा आत्मसात् गरिएका मनोभावना र मेरा एकाकी विचारधाराहरू नै समावेश भएका छन् ।

अर्को पक्षचाहिँ मैले बेलामौकामा गरेका देश-विदेश भ्रमणका सम्झनाहरू र साथै अनेकौं घटनाविशेष तथा अपरिचित व्यक्तिविशेषद्वारा पाएको स्नेहयुक्त सरल र मानवीय भावनाले पनि यसमा स्थान पाएका छन् ।

अनि अर्को पक्ष छ जो मेरा बाल, यौवन, प्रौढावस्थासम्म आइपुग्दै जाँदाका सम्झनामा जीवित रहेका समयानुकूल सामाजिक परिवेश तथा त्यस गतिविधिसितै बग्दै गएका मेरा तीतामीठा अनुभवका आफ्नै किसिमका कुराहरू छन् । तर जे होस्, यसमा कृत्रिमता भने छैन, सत्य र यथार्थलाई नै मैले जोगाउने अथक प्रयास गरेकी छु ।

एउटा सानो काल्पनिक कथा ('एक शून्य क्षणको मृत्यु') चाहिँ आजको दारुण परिस्थिति-द्वारा द्रवीभूत बनेर, कल्पनामा डुबेर, भावनालाई अँगालेर, आफ्नो देशको सौन्दर्यमा हराएर खोलानाला, भीरपाखाका आफ्ना स्वजाति बन्धुहरूको दुःखद घटनालाई साक्षात्कार गर्ने मनोभावनाले अचानक डोऱ्याएर लेखिन पुगेको हो ।

यसका अन्तिम दुई लेख 'गीताका अमृतमय वाणी' तथा 'श्रीशिवजीको विषपान' चाहिँ पौराणिक कथाहरूको श्रवण, मनन, अध्ययन र गीता प्रेसका प्रकाशनहरूमा निस्केका विषयबाट प्रोत्साहन पाएर र आफ्नो योगसम्बन्धी सारूप्य बोधले मुग्ध बनेर लेखिन पुगेका हुन् । यी सबै कुरा मेरो निरन्तरका प्राणस्पन्दनमा अनुभूत भएका यथार्थ विषय पनि हुन् ।

यो मेरो प्रथम प्रयास भन्नुमा अत्युक्ति हुनेछैन । मात्र लेख्नु लेखकको स्वकर्म हो । हाम्रा शरीरका इन्द्रियहरूले बिहानदेखि बेलुकासम्म र जाग्रत, स्वप्न, सुषुप्तिपर्यन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आआफ्ना कर्म गरिरहेजस्तै समाजमा पनि सबैका आफ्ना विषय र कर्महरू छन् । त्यस्तै कसैले लेख्छ, कसैले पढ्छ अनि बुद्धिमान् र बुद्धिजीवीहरूले आलोचना, समालोचनासम्म गएर सम्पूर्ण अङ्ग पूरा गरेर त्रुटि र दोषहरूलाई देखाएर र केलाएर छर्लङ्ग पारिदिनुहुन्छ । यो नै उहाँहरूको दायित्व हो ।

यति भनेर म आफ्नो कलमलाई विराम दिन्छु ।

२०६२ श्रावण ३२ **चारुशीला मिश्र**
कुपण्डोल, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषयसूची

१.	ईश्वर-भक्तिको झलक	१
२.	कमलालाई चिठी	११
३.	मेरो छोटो यात्रा	१६
४.	भुटानसितको साक्षात्कार	२५
५.	श्रीकृष्णको रासलीला : एक दृष्टि	२८
६.	वृन्दावन परिक्रमा	३०
७.	व्यापक प्रेम : निष्काम भक्तिको रूप	४५
८.	गीताका अमृतमय वाणी	५१
९.	संस्करण एक दुःखद यात्राको	५६
१०.	वियोगको सम्झना	६०
११.	कुम्भस्नानको यात्रा र अनुभूति	६२
१२.	जीवनघटनाका सम्झनाहरू	७०
१३.	एक शून्य क्षणको मृत्यु	८०
१४.	नारीजीवनप्रतिको दृष्टिकोण	८४
१५.	श्रीशिवजीको विषपान	९०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ईश्वर-भक्तिको झलक

भक्ति भनेको ईश्वर-तत्त्वको अलौकिक सन्दर्भ हो। यसबारे विचार र विवेचना गर्न सहज छैन। यो ज्यादै सूक्ष्म विषय हो। भक्ति त्यो प्रेम हो जो प्रेममै अभिन्न भएको हुन्छ। नवधा वर्णित भक्ति श्रवण-कीर्तनदेखि सुरु भएर साख्य-दास्य हुँदै आत्मनिवेदनमा गएर टुङ्गिन्छ। पूर्ण समर्पण नै भक्तिको परिपूर्णता हो। अब प्रश्न आउँछ– समर्पण त समर्पण, परन्तु केको समर्पण ?

पहिले 'मेरो' को समर्पण। धन, जन, गृह जसलाई 'मेरो-मेरो' भनिन्छ, यी सबै वस्तु ईश्वरकै हुन्। यी वस्तु मेरा होइनन् भन्ने दृढ निश्चय गरी निस्पृह, निरहङ्कारी वन्नु नै यथार्थमा समर्पण हो।

समर्पणको अर्थ घर-संसार त्याग्नु वा जोगी-वैरागी वेश धारण गर्नु होइन। यथार्थमा त्याग पनि मनको र समर्पण पनि भावनाको मात्र हो। जुन कुरा आफ्नो होइन त्यसैलाई हामीले अज्ञानमा मेरो भनेको मात्र हो। जस्तो– सपनामा देखुन्जेल कुनै पनि वस्तु सत्यजस्तै लाग्छ। सपनामा देखिएका वस्तु वा व्यवहारलाई हामी 'मेरो' भनिरहेका हुन्छौं तर बिउँझँदा ती सबै असत्य हुन्छन्। यो जागृत दृश्य पनि सपना मात्रै हो जो हामीले आँखा चिम्लिन नपाउँदै हराउँछ। 'मेरो-मेरो' को सुरुआत 'म' बाटै हुन्छ। यस कारण 'म' को नाश नभई 'मेरो' कसरी नाश हुने ? अब प्रश्न आउँछ– 'म' कसरी नाश हुने ? 'म' को नाश दुई प्रकारले हुन सक्छ– एक ज्ञानबाट र अर्को भक्तिबाट। आज भक्तिकै प्रसङ्ग भएकाले म भक्तितिरै बढ्न चाहन्छु।

भक्ति हो अनन्य प्रेम, अलौकिक प्रेम। प्रेम सर्वसमर्पणको अर्को नाम हो। कसैले कसैप्रति पनि कहीँ सच्चा प्रेम गरेको छ भने, चाहे त्यो क्षणभरका निम्ति वा सांसारिक नै किन नहोस्, त्यसको अनुभूति अवश्य पनि भिन्दै खालको, त्यागपूर्ण र निष्ठापूर्ण हुन्छ। यसको प्रतीति मनुष्य जीवनको उच्च खालको स्थितिमा मात्र पाइन्छ। अब ईश्वर-प्रेमको विशिष्टता त अद्वितीय, अलौकिक अवश्य नै हुने भयो। प्रेमको पहिला अवस्था द्वैतपूर्ण हुन्छ– प्रेमी र आफू। तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जतिजति प्रेम पूर्णतातिर बढ्दै जान्छ उत्ति नै प्रेम र प्रेमी एक वन्दै जान्छन् । द्वैत हराउँछ, प्रेम मात्र वाँच्छ, प्रेमी हराउँछ । वत्तीलाई प्रेम गर्ने कीराहरू बत्तीमै हराएजस्तै भक्त ईश्वरमा एकाकार हुन्छ । यसैले प्रेमको पूर्ण अवस्था भक्ति हो ।

अनन्य भक्ति, ईश्वरमै हराइरहने अवस्था प्रेमभक्ति अनि ज्ञानभक्ति । तर मलाई प्रेमभक्तिकै विषयमा लेख्न मन लागेको छ । अब विचार अवश्य आउँछ– ईश्वर-प्रेम कसरी गर्ने त ? पहिले नदेखेको कुरालाई प्रेम गर्न सजिलो छ र ? ईश्वरानुभूति हुन साह्रै गाह्रो छ । दृश्य जगत् र आफूप्रति अन्तर्मुखी नवने ईश्वरको सर्वव्यापकताको झलक कसरी पाउने ? ईश्वर-अनुभव कसरी गर्ने भन्दा मलाई हिन्दू-पूर्वजद्वारा प्रतिपादित दूरदर्शिताको सिद्धान्त अतिप्रिय र असाध्यै सजिलो लाग्छ । कस्तो सजिलोसित उहाँहरूले हामीलाई ईश्वराभिमुख वन्ने प्रेरणा दिनुभएको रहेछ ! सर्वव्यापी र सर्वशक्तिसम्पन्न ईश्वरलाई नजिकभन्दा नजिकको वस्तुमा देख्न खोज्ने र तिनमा अन्तर्निहित ईश्वर-अभिमुख हुँदै जीवनमा अगाडि वढ्दै जाने । विश्वब्रह्माण्डदेखि जीव-चराचरमा ईश्वर छ । प्रेमपूर्ण विश्वास लिएर सम्झिनुपर्ने यस्तो प्रणालीलाई छाडेर नयाँ कसरी, कहाँ के पाउने ! पञ्चतत्त्वदेखि सुरु गरेर अन्तमा प्राणीजगत्‌लाई दृष्टि दिने व्यवस्था वनाइएको जस्तो लाग्छ ।

जव हामी जन्मन्छौं, वढ्छौं र वाहिरी जगत्‌लाई नै देख्न थाल्छौं । सूर्य देख्छौं, धर्तीको सुन्दरता अनुभव गर्छौं । पहिले हामी वाहिरी जगत्‌लाई नै देख्छौं । त्यस कारण बाहिरी जगत्‌वाटै ईश्वर-दर्शनको चेष्टा गराउनु उपयुक्त पनि छ । हामी प्रकाश देख्छौं, प्रकाशलाई नै भगवान् भनेर सिकाइन्छ । जव हामीलाई तिर्खा अनुभव हुन्छ, पानीलाई नै वरुणदेवता भनेर पूजा गर्न भनिन्छ । यसै गरी हामीलाई वायुलाई पनि देवता भन्ने शिक्षा प्राप्त हुन्छ । पृथ्वी नभई हामी वाँच्न सक्दैनौं । हाम्रो अन्नमय शरीर अन्नमै टिकेको छ । अनि पृथ्वीलाई पनि माताको पदवीले विभूषित गरिन्छ । आकाश नभए व्रह्माण्डको अस्तित्व नै रहन सक्दैन । अनि आकाशलाई पनि परम पिताको संज्ञा दिइएको हुन्छ । यसरी वाहिर घुम्दै हाम्रो ज्ञान सूक्ष्मातिसूक्ष्म बन्दै अन्तश्चेतनाभित्र, आफ्नै अस्तित्वभित्र ईश्वरानुभूत गर्ने तरिका अपनाउँदै अगाडि बढ्दै जान्छ– बालककालदेखि नै ।

यस्तै शिक्षाले युक्त मनुष्य अन्तरविहीन तत्त्व र अस्तित्वप्रति विचार गर्दै जान्छ । जस्तै– जीव-चराचरप्रति अनेकौं कथाका रूपमा माछा, चरा, सिंह, वराह, कछुवा गर्दागर्दै अन्तमा मनुष्यरूपको सर्वोपरि श्रेष्ठताको अनुमान हुँदै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जान्छ । सूक्ष्म विचार स्फुरण गराउने ध्येयले परमेश्वर स्वरूपको वर्णन गरिन्छ । अनि ईश्वरका रूपमा भगवान्का अनेक अवतारका अनेक कथाहरूबारे हामीलाई ज्ञान हुन्छ । पहिले भक्ति गर्न मनुष्यलाई आफ्नै प्रतिरूप चाहिएको हुन्छ । त्यसमै सहज प्रवृत्ति बढ्दै गएपछि मात्र निराकार ईश्वरको अनुभव हुन्छ । यही दृष्टिकोणले होला, साकारबाट निराकार एवं स्थूलबाट सूक्ष्ममा लगिएको छ र यो अवश्य पनि सहज र सरल उपाय हो भन्नुपर्छ ।

यसै हेतु सर्वप्रथम आमा, बाबु, पति, गुरुलाई ईश्वरको प्रतिरूप बनाइयो र हामीलाई प्रेम गर्न, निःस्वार्थ सेवा गर्न प्रेरणा दिँदै अन्तमा समर्पणकलासमेत सिकाइयो । अहिलेको युगका मानिस यस प्रणालीमा निरङ्कुशता, अन्याय, अत्याचार देख्छन् । तर मलाई यस लौकिक जगत्बाटै अलौकिक प्रेम र दृश्यबाट अदृश्यप्रतिकै चेतनालाई चिनाउने उन्नत र अन्तर्मुखी भावबाट बिस्तारै धैर्य, क्षमा, सहिष्णुता, त्याग र अन्तमा समर्पण-भावमा निमग्न तुल्याएर लैजाने प्रक्रिया हो जस्तो लाग्छ ।

यस हिसावले विचार गर्दा एक मनुष्यलाई पहिले ईश्वरको रूप चिनाउन निकै आदर्श, संयम र त्याग चाहिन्छ । दोष र गुणले भरिएको पुरुषलाई पतिपरमेश्वर भन्दै उसमै आफ्ना आशा, अभिलाषा, इच्छा, आकाङ्क्षा सुम्पिदिएर आफूचाहिँ अस्तित्वविहीन हुँदै वा हराउँदै जाने र अन्तमा सम्पूर्ण अस्तित्वको स्वामी ईश्वरलाई आफ्नै हृदयमा प्राप्त गर्ने । यसै गरी आफूअघि आइपर्ने वा व्यवहार गर्नुपर्ने विषयमै त्याग र समर्पण गर्न अभ्यस्त भएपछि समर्पण चरम सीमामा पुग्छ । र, यस्तो सीमान्त समर्पण नै ईश्वरानुभूति गराउन पनि सक्षम हुन्छ । नत्र भने हामी ईश्वरको मर्मदेखि, मनुष्यको आवश्यकतादेखि हुत्तिएर आफैंप्रति, आफ्ना नजिकैका सृष्टिप्रति वैरागिएर आफ्नो स्वार्थको खोजीमा अन्याय र न्यायको सीमारेखादेखि टाढा पुग्न सक्छौं ।

आफूभित्रको अनन्त सत्य परमेश्वरलाई देख्न र चिन्न अति गाह्रो छ । यसका लागि सर्वप्रथम आफ्नो भावना र चेतनालाई ब्युँझाउनुपर्छ । भावनालाई जगाएर सम्पूर्ण प्रेमभावले भिजाउँदै जाँदा आफ्नो स्वार्थ बिर्सिएर, आकार हराएर, दोष-गुण बिलाएर जान्छ र अन्तर्निहित ईश्वरबोध हुन्छ । अर्थात्, सर्वहृदयवासी परमेश्वर 'मणिगणाइब' भनेजस्तै मणिको दाना हराएर दानालाई जोड्ने धागो मात्र बच्छ अनि सम्पूर्ण जगत् ईश्वरमय बन्छ । हुन त सबै समयमा सम्पूर्ण जगत् ईश्वरमय नै छ । अनुभवमा आउन मात्रै यी सबै कुराको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आवश्यकता परेको हो । यस कारण सम्पूर्णलाई अँगालेर ईश्वरप्रति श्रद्धा जगाउने युक्ति मलाई ज्यादै प्यारो लाग्छ। परन्तु ईश्वरप्राप्तिका लागि श्रद्धाले मात्र पुग्दैन, पूजाले मात्र हुँदैन, विश्वास मात्रले सकिँदैन, सर्वसमर्पण नै चाहिन्छ। केको समर्पण भन्दा भन्नुपर्छ– सम्पूर्ण अस्तित्वको समर्पण। तर यसो गर्न विनाप्रेम सम्भव हुन्छ त ? अवश्य हुँदैन। प्रेमविनाको समर्पण के समर्पण ? त्यस कारण प्रेम गर्ने, ईश्वरसित अनन्य प्रेम गर्ने, सबै विर्सेर प्रेम गर्ने, 'म' लाई विर्सने, 'मेरो' लाई बिर्सने, आफ्नो भनिने देह पनि ईश्वरको नै सम्फने। अनि अभिन्नताको अनुभवमा डुबेर अस्तित्व नै समावेश गरिदिने परमेश्वरमा। यही प्रक्रियाको नाम नै भक्ति हो। भक्ति प्राप्त भएपछि हामी पूर्ण हुन्छौं, आफैंभित्र आफूमा। यसै प्रसङ्गमा, आफूले गरेका कर्म ईश्वरमा अर्पण गरेर कर्म-वन्धनबाट मुक्त हुने विषयमा श्रीकृष्ण गीतामा आज्ञा हुन्छ–

यत्करोषि यदस्नासि यज्जुहोषि ददासि यत् ।
यत्तपस्यसि कौन्तेय तत्कुरूस्व मदर्पणम् ॥

ईश्वरको भक्त बनेपछि केको दु:ख ? सबै समयमा रक्षा गर्ने भारा आफूले भिर्दै भगवान् फेरि भन्नुहुन्छ–

जहाँ मेरा भक्त पग धरे, वहाँ धरूँ मैं हाथ,
पीछेपीछे मैं फिरूँ कभी ना छोडूँ साथ ।

यदि यो सत्य नभइदिए प्रह्लादको कथा पनि हुने थिएन, न त खम्वा फोरेर नृसिंह भगवान्‌को प्रादुर्भाव नै हुने थियो। अखण्ड विश्वाससाथ गरिएको समर्पण र अनन्य प्रेमभक्तिलाई परमेश्वरले कदापि उपेक्षा गर्नुहुन्न। यस्तो भएको भए संसारबाट भक्ति भन्ने शव्दै हराइसक्ने थियो।

अव केही मात्रामा भक्त भइसकेको स्थितिको लक्षणवारे पनि उल्लेख गर्नु उपयुक्त नै हुनेछ। सर्वप्रथम त भक्त नम्र हुन्छ, सन्तोषी हुन्छ र मितभाषी हुन्छ। नम्रता भक्तको ठूलो पहिचान हो। आफू सानो भएर रहने, अरूलाई ठूलो तुल्याउने। कसैभन्दा कहीं जान्ने हुन नखोज्ने। जानेकै भए पनि नजानेझैं व्यवहार गर्ने। आफू आफैंमा निमग्न हुने, सानो भएर बस्ने। यसमै उसको महानता हुन्छ।

सच्चा भक्तहरू वादविवादतिर लाग्दैनन्। मौन बस्ने, एकान्तवास गर्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हुन्छन् । उनीहरूका निम्ति प्रेमपूर्ण बनेर आनन्दमा डुब्नु नै मुख्य काम भएको हुन्छ । उनीहरूको प्रश्न निर्मूल भइसकेको हुन्छ । सर्वस्वीकार प्रवृत्ति बढेर गएको हुन्छ । तर्क-वितर्क त अनुभव नभएसम्मका लागि मात्र हो । आत्मानुभवमा डुब्नेलाई वादविवादको के आवश्यकता ? भक्तहरू भगवान्‌का लीला, कथा, गुणानुवादमै तल्लीन हुन मन पराउँछन् । साकार र निराकारको फरक हुँदैन । ईश्वरको वर्णन सुन्न पाए पुग्छ । त्यो पवित्र स्थान जहाँ प्रभुबारे केही चर्चा सुन्ने सौभाग्य प्राप्त हुन्छ, ती महान् पुरुषहरू जसद्वारा आफ्ना आराध्यको गुणानुवाद सुन्न पाइन्छ, भजन र कीर्तनमा विभोर बनेर अलौकिक आनन्दावस्थामा डुब्ने सौभाग्य प्राप्त हुन्छ, त्यो भक्तका निम्ति सार्थक प्रतीत हुन्छ । स्मरण र कीर्तनमा आह्लादित, हर्षित, उल्लसित बन्दै ऊ आनन्दावस्थाको अहोभावमा डुब्न थाल्छ ।

यस्तै अवस्थामा सर्वत्र ईश्वर-दर्शन सम्भव हुन्छ । ऊ रुन्छ, हाँस्छ, नाच्छ, लोकलाजबाट मुक्त । अन्तस्करणका भाव-आवेगलाई कहिले ऊ रोक्न असमर्थ बन्छ । ऊ भित्रभित्रै ईश्वरमय भइसक्छ । द्वैत हराउँछ, सच्चा भक्त र भगवान् एक भएकै हुन्छ । यस्तो स्थितिमा पुगेपछि सांसारिक व्यवहार र व्यक्तिबाट ऊ टाढा हुँदै जान्छ । उसबाट लोकलाई केही प्राप्त हुन सक्दैन अनि कसैले पनि उसलाई मन पराउँदैन । ऊ एक्लिँदै जान्छ भित्र आफ्नै हृदयवासी ईश्वरसित । यस्ता मनुष्यप्रति गीतामा भगवान् फेरि आज्ञा हुन्छ–

यस्मान्नोद्विजते लोको लोकोन्नो द्विजते च यः ।
हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः ॥

लोकबाह्य नभई कोही पनि यस अवस्थामा पुग्न सम्भव छैन । जसले लोकलाई वास्ता गर्दैन, स्वतः लोकले पनि उसको वास्ता छोड्दै जान्छ । हामीलाई धनजन, स्वजनले समातेको पनि होइन, आफ्नै अज्ञान र मोहद्वारा हामी लोकमा बाँधिएका छौं । यहाँ कसैलाई कसैले रोकेको छैन । मनुष्यले नै आफूलाई संसारमा बाँधेको छ ।

मनुष्यले ईश्वरको स्मरणबाटै आनन्द पाउन सक्छ । अरू के छ र ? सबै ईश्वरमय छ । अभिमान हराएको अन्तस्करण चाहिन्छ । 'मैले गरें' भन्नु नै मिथ्या अभिमान हो । विश्व प्रभुकै छ र प्रभुमय छ । आफैं विश्वब्रह्माण्डमा ओतप्रोत भएर रहेको सर्वव्यापक तत्त्व छ । यो नै ईश्वरको रूप हो । यस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावना प्रचुर मात्रामा बढेर आएपछि मनुष्य हराउँदै जान्छ र ईश्वर प्रकट हुँदै आउँछ । अनि ऊ आह्लादित देखिन्छ, हर्षित हुन्छ । ऊ उल्लसित बन्छ । यस्तै अवस्थाको अर्को नाम आनन्दावस्था हो । अनि उसले कणकणमा दर्शन पाउँछ परमेश्वरको । यही प्रसङ्गमा चैतन्य महाप्रभुको अवस्थाको वर्णन गर्न सम्भव छैन । अनुभव मात्र गर्न सकिएला ।

पहिले चैतन्य वेदान्ती हुनुहुन्थ्यो र ज्यादै विद्वान् हुनुहुन्थ्यो । त्यो समय उहाँ ज्यादै उच्च प्रवचन र तर्क गर्ने एवं वेदान्तीहरूलाई परास्त गर्नेहरूमा अद्वितीय सिद्ध भइसक्नुभएको थियो । उपनिषद्, गीताहरूमाथि उहाँको व्याख्या बेजोडको हुन्थ्यो । यस्तै प्रकारवाट अगाडि बढ्दै जाँदा पछि निकट आकर्षणले उहाँलाई तीव्रतापूर्वक समायो र उहाँ प्रेमभक्तिमा डुब्न थाल्नुभयो । चैतन्यको कीर्तन-मण्डली वन्यो । आफ्ना चेलाहरूका साथ उहाँ अब सधैं भजन-कीर्तनमा निमग्न रहन थाल्नुभयो । त्यस बेलाका पण्डित-पुजारीहरू र वेदान्ती समाजले उहाँलाई सताउन र कष्ट पुऱ्याउन केही बाँकी राखेनन् । तर जतिजति भक्तलाई दु:ख दिइन्थ्यो, उति नै परमात्मामा प्रवेश हुँदै जान्थ्यो । सच्चा भक्तिलाई कसले बिगार्न सक्ने ! भक्तिमार्गका ज्यादै आकर्षक व्यक्तिहरूमा सर्वश्रेष्ठ चैतन्य नै वन्नुभयो । पछि उहाँवाट आश्चर्यजनक अलौकिक प्रतिमाहरूको पनि मानिसले दर्शन पाउन थाले । प्रभुले आफ्ना सच्चा भक्तहरूको कहिले रक्षा नगर्नुभएको छ र ?

कहीं उल्लेख छ– भक्तिमा नडुवुन्जेल चैतन्यमा आनन्द र शान्तिको वाढी आएन । उहाँलाई तृप्ति मिलेन । जव उहाँ भक्तिको उच्च अवस्थामा पुग्नुहुन्थ्यो त्यस वेला वहिर्ज्ञान हराउँथ्यो । अनायास श्रीकृष्णमा समावेश भएर मूर्च्छित भई लड्नुहुन्थ्यो । अगाडि वढ्दै जाँदा अब उहाँ सधैंजसो भावमग्न, आफैंभित्र प्रेममा निमञ्चित वन्नुहुन्थ्यो र लोकलाज, भोकप्यास सवै विर्सेर सडकसडकमा नाच्दै कीर्तनमा विभोर वनेर खैजडी वजाउँदै हिँड्नुहुन्थ्यो ।

आज पनि चैतन्यको यस्तो चित्रण कैयौं मन्दिरहरूमा राखिएको देख्न सक्छौं । कहिले उहाँ सागरको उर्लेर आएको छाललाई देखेर 'कृष्ण !' भनेर हामफाल्नुहुन्थ्यो र सागरमा विलीन हुनुहुन्थ्यो । उहाँका चेलाहरू धेरैवेर पर्खन्थे, नभेटेपछि उहाँको मृत्यु भयो सम्झेर फर्कन्थे, तर उहाँ जीवितै भेटिनुहुन्थ्यो । यस्तै क्रममा एकपल्ट सात दिनपछि माझीले माछा मार्दा जालमा फसेर आएको भेट्टायो, मूर्च्छित अवस्थामा । पछि गएर सवैले उहाँलाई चिने र शत्रुहरू पनि शरण पर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

थाले । अनि उहाँको नाम चैतन्य महाप्रभु रहन गयो । यस्ता महान् भक्तहरूले सदैव ईश्वरानुभूति पाइनै रहन्छन् । भक्तहरूको महानताले नै मन्दिर मन्दिर वन्छ । तीर्थ तीर्थ वन्छ । नदी, पर्वत, वृक्ष सवै पावन वन्छन् । प्रकृतिका चेतन तथा अचेतन सम्पूर्ण वस्तु संवेदनशील बन्छन् ।

चैतन्य महाप्रभुको स्मरणले म फेरि मीरालाई सम्झन वाध्य भएकी छु । मीराको भक्ति-प्रसङ्गवारे लेखेर साध्य छैन । यहाँ एउटा सानो प्रसङ्ग मात्र दोहोऱ्याउन चाहन्छु । मीराको समयमा श्रीजगन्नाथ पुरी मन्दिरमा एक पुजारी थिए रे, जसको अखण्ड व्रतको नियम थियो । उनी आजीवन स्त्री-स्पर्शको त के कुरा, स्त्रीहरूको मुखै नहेर्ने व्रत गर्दथे । त्यस कारण त्यस वेला महिलाहरूलाई मन्दिरमा प्रवेश निषेध गरिएको थियो । विचरा स्त्रीहरू भगवान्को दर्शनवाट समेत वञ्चित थिए ।

मीरालाई भने जगन्नाथ पुरीको दर्शन गर्ने प्रवल इच्छा भयो । अन्तश्चेतनामा दर्शनको लालसा तीव्र भयो । मीरा एकतारे लिएर नाच्दै-गाउँदै, कहिले कृष्ण-वियोगको भावनाले रुँदै, कहिले हाँस्दै, भावविभोर अवस्थामा लड्दै-पड्दै यातायात नभएको त्यस वेला कति दिन लगाएर तदाकार अन्तर्मुखी अवस्थामै मन्दिर-प्राङ्गणमा पुगिन् । पुजारी पनि पूजामा व्यस्त थिए । मन्दिरका पहरेदारहरूले एक अद्वितीय ओजपूर्ण अलौकिक नारीलाई देखे, तर उनीहरूले केही सोच्न नपाउँदै आँधीभित्र लुकेको विजुली चम्केजस्तो वाह्य जगत्देखि वेपर्वाह मीरा मन्दिरको ढोकाभित्र पसिन् ।

ढोकेहरू किङ्कर्तव्यविमूढझैं वने । उनीहरूले सायद आँखा झिम्म गर्न पनि विर्से । उनीहरू पनि आफैंमा हराएका थिए । मन्दिरमा नारीको प्रवेश निषेध छ भन्न विर्सेर अपलक मीरालाई हेर्न लागे । भित्र मीरालाई देखेपछि पुजारी चिच्च्याए- "ए नारी, तँ को होस् ? किन मन्दिरमा अनुमतिविना पसिस्, भन् ? किन मेरो अखण्ड नियममा विघ्न पारिस् ? तँलाई थाहा थिएन, यस मन्दिरमा स्त्री-प्रवेश निषेध गरिएको छ भन्ने ? मैले आजीवन स्त्री-मुख नहेर्ने व्रत लिएको छु भन्ने ?"

मीरा त्यस वेलासम्म जगन्नाथ प्रभुको शरणमा लडिसकेकी थिइन् । उनलाई वल्लवल्ल वहिर्ज्ञान भयो । उनी उठिन् र शान्त, गम्भीर मृदुल स्वरमा हाँसेर पुजारीलाई भन्न लागिन्- "अहो, तपाईंले के भन्नुभएको ! मेरो त श्रीकृष्णवाहेक अरू पुरुष नै कोही छैन । के तपाईं आफूलाई पुरुष सम्झनु-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हुन्छ ? मैले त पृथ्वी, पाताल, स्वर्ग त्रिभुवनमा श्रीकृष्ण श्यामसुन्दरसिवाय कोही पुरुष देखेको छैन । सम्पूर्ण चराचरमा उही एक पुरुष जो मेरो श्यामगिरिधारी छ । जगत् सब राधेमय छ ।

"कृष्ण चेतन-आत्मा छ । जीवभाव राधा छ भने चेतन-आत्मा श्रीकृष्ण हुनुहुन्छ । यहाँ सम्पूर्ण स्त्रीहरू छन् पुरुषचाहिँ उही परमपावन परमात्मा पुरुषोत्तम मात्र हुनुहुन्छ । प्रभुको मन्दिर नित्य निवास गरेर पनि अझै तपाईं आफूलाई पुरुष भन्दै हुनुहुन्छ । छोड्दिनुस् यो मिथ्या अभिमान । ब्युँझनुस् चिरनिद्रावाट ।"

यो सुनेर पुजारीका आँखा खुले । उनका आँखावाट अविरल अश्रु प्रवाह हुन थाल्यो । उनको शरीर थरथर काम्यो । उनी उभिरहन सकेनन् । मीराका चरणमा परे र अनुगृहीत बनेर क्षमा मागे ।

भक्तका निम्ति समर्पण नै मुख्य हो । सम्पूर्ण समर्पण नभए कोही कदापि भक्त वन्न सक्तैन । उसले सम्पूर्ण लालसाको जाल नष्ट गरिसकेको हुन्छ । माया र ममताको सिक्री चुँडाएको हुन्छ । उसले जान्ने-वुझ्ने, सम्मान पाउने सवै प्रलोभन त्यागेको हुन्छ । इच्छा मात्रको अवसान भइसकेको हुन्छ । जगत् नै उसको दृष्टिमा ईश्वरमय भाषित भइसकेको हुन्छ । उसले आफूभित्रै आफ्नो आराध्यको दर्शन पाउँछ । भित्र नपाई वाहिर पाउन सकिँदैन । ऊ स्थिर, धीर, एकात्मामा निमग्न हुन्छ । यही अनुभवलाई ज्ञानीले 'अहं ब्रह्मास्मि' भन्छन् भने भक्त 'केवलानुभवानन्द' भनेर मौन वन्छन् । ज्ञानीले आफ्नै रूपमा विश्वब्रह्माण्डलाई हेर्छ– आत्मारूपमा ।

ज्ञान र भक्ति एकै हो, भिन्न होइन । अनुभव नभएसम्म मात्रै भिन्न लाग्ने हो । गन्तव्य एकै हो । भक्ति नभई ज्ञान हुन सक्दैन भने ज्ञान नभए भक्ति पूर्ण वन्दैन । साधनामार्गमा नियमहरू अवश्य हुन्छन् । जस्तो– अष्टाङ्ग-योग । तर सच्चा भक्तका निम्ति प्रेमभक्ति नै उपयुक्त छ । यसमा नियमहरू पनि छुट्दै जान्छन् । जब प्रभुकृपा सुरु हुन्छ, अनि भक्त आडम्वर र नियमदेखि पनि मुक्त भएको हुन्छ । जो व्यक्ति साँच्चिकै प्रभुपरायण वन्दै जान्छ, विस्तारैविस्तारै उसका वाह्य क्रियाकलाप पनि आफ्नो अधीनमा रहन सक्दैनन्, छुट्दै जान्छन् ।

भक्त जति अन्तर्मुखी, एकाकी वन्दै जान्छ, उत्ति नै उसको अस्तित्व हराउँदै जान्छ । जसरी नदीको लहरमा परेको सुकेको पातको आफ्नो अस्तित्व हुँदैन, त्यस्तै भक्तको पनि आफ्नो सामर्थ्य केही रहँदैन । ईश्वर जता लान्छन् उतै जान्छ । उसको वेग्लै कर्म हुँदैन । ऊ भगवान्को निष्काम भक्त वन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जसको हृदय अर्पित छ उसलाई आसको के आवश्यकता ? ध्यानमा तल्लीन भएपछि स्वयं सव कुरा प्राप्त हुन्छ ।

आँखावाट बगेको पवित्र प्रेमधारालाई हृदयले स्वागत गर्दछ । श्वासको गति पनि आफैंभित्र सीमित वन्दै जान्छ । यसपछि त के कुरा, सब 'केवलानुभवानन्द' मात्र हो, जुन वर्णनवाट टाढा हुन्छ । मनदेखि पर, बुद्धिदेखि परको वस्तुलाई वाणीद्वारा व्यक्त गर्न सम्भव छैन । ज्ञानीहरू ज्ञाननिष्ठामा रम्छन् भने भक्तहरू ईश्वरपरायण बन्छन् । अनि सर्वसमर्पण गरेर निरातिशयानन्दमा निमग्न एकाकार वनेर डुवेका हुन्छन् । भक्त बनेपछि उसलाई कुनै पनि प्रलोभनवाट विचलित वनाउन सकिँदैन । जस्तो– प्रह्लादलाई आफ्नो इष्टको ध्यान र भजन-कीर्तनवाहेक अरू कुनै वस्तुले वाँध्न सकेन ।

भक्तविषयक यस्ता प्रसङ्ग हामी धेरै पाउँछौं । ईश्वर-समर्पणमा रमेपछि देहादिको विस्मरण, भोकप्यासको निवृत्ति हुन्छ । यस्तो उच्च अवस्थाको भक्त भएपछिका वारेमा श्रीमद्भागवतमा श्लोक आउँछ–

न नाकपृष्ठं न च सार्वभौमम्
न पारमेष्टं न रसाधिपत्यम् ।
न योगसिद्धिं न पुनर्भवं वा
वाञ्छन्ति यद्पाद रजप्रपन्न ॥

यस्ता महान् भक्तहरूका लागि भगवान्लाई स्वयं उपस्थित हुन कर लाग्छ । ज्ञानी र भक्तवारे विद्वान्हरूको कथन छ– ज्ञानी त्यो छोरा हो जो हुर्किसकेको छ, जो आमाका औंला समातेर मात्र हिँड्न सक्छ । तर भक्तचाहिँ त्यो छोरा हो जसलाई प्रतिपल आमाको सामीप्य चाहिएको हुन्छ ।

उसलाई वोक्नुपर्छ, ख्वाउनुपर्छ, सुताउनुपर्छ । ऊ आमा नभई एक क्षण पनि वाँच्न सक्दैन । ऊ आमासित अभिन्न छ, एक छ । उसलाई आमाले आँखा झिम्म नगरी हेर्नुपर्छ । ऊ आमालाई नै चाहिरहेको हुन्छ, आमालाई नै हेरिरहन्छ । उसका निम्ति आमावाहेक अरू कोही छँदै छैन । यदि कुनै कारणवश आमाले उसलाई छाडेर गए, ऊ त्यही ठाउँमा वसेर आमालाई कुरिरहन्छ र रोइरहन्छ ।

यस्ता वच्चाको देखभाल आमाले जसरी गर्नुपर्छ, जस्तो किसिमको स्याहारसुसार गरेर हुर्काउनुपर्छ, भगवान्ले पनि आफ्ना शरणागत अकिञ्चन,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावुक भक्तहरूको त्यसरी नै रक्षा गरिरहनुभएको हुन्छ। यसमा केही पनि शङ्का छैन। भक्तिको मात्रा वढ्दै गएपछि आन्तरिक प्रेमको वाढी आउन थाल्छ, भक्त त्यसैमा डुवेर वसेको हुन्छ। अनि उसलाई जंताततै ईश्वर-दर्शन हुन थाल्छ भनिन्छ।

प्रभु-मन्दिरमा भक्तको प्रवेश नाच्दै, गाउँदै, खुसी मनाउँदै हुनुपर्छ। उदास चित्त त सांसारिक व्यक्तिको मात्र हुन्छ। भक्तको कदापि हुँदैन। भक्तको चित्त त सर्वकाल मयूरपङ्खी हुनुपर्छ, उसको दुःख सकिइसकेको हुन्छ। विवाद शान्त भइसकेको हुन्छ। उसका वरिपरि आनन्द, वाहिरभित्र आनन्द, जता हेर्‍यो उतै आनन्द। पूर्ण आनन्दित, प्रमोदित, उज्ज्वल प्रतिभासम्पन्न नभई भक्त भन्न सुहाउँदैन।

म यस्तै भक्त-दर्शनको कल्पना गर्छु। आशा गर्छु, प्रतीक्षा गर्छु। आनन्दाकारण आनन्द यही नै भक्त-हृदयको पराकाष्ठा हो। अस्तु !

❑

 CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कमलालाई चिठी

प्रिय कमला,

धेरै दिनदेखि तिमीलाई चिठी लेख्ने इच्छा गर्दागर्दै पनि लेख्न सकिनँ । यो कुरा आफैंलाई पनि भन्न मुस्किल छ । भेलौर C.M.C. अगाडिका उराठलाग्दा ती तीनवटा ढुङ्गेपहाडले कालो पोतिएको भयङ्कर अनुहारमा टल्केका आफ्ना सेता दाँत देखाएर प्रतिपल मेरा आशा र अभिलाषाप्रति उपेक्षा दर्साएर अँध्यारो रातमा पनि हाँसिरहेझैं मलाई लाग्छ ।

M. Ward को ढोकामा उभिएर ओहोरदोहोर गरिरहेका मानिसहरूका साथै स्फूर्तिसित हतारिँदै दौडिरहेका डाक्टर, नर्स तथा रोगीहरूलाई म निरुद्देश्य हेरिरहन्छु । यही हूलमा किन मलाई अचानक तिम्रो अनुहार देखेझैं लाग्छ तर यसको उत्तर पनि मसित छैन । करिव एक महिना लगाएर गरेको जाँचपछि डाक्टरले दिएको निर्णयले सदाका निम्तिको एक विछोड अनि कहिले पूर्ति नहुने रित्तोपनले सम्पूर्ण हृदयलाई विदीर्ण बनाइसकेपछि अव फेरि यहाँ मेरा निम्ति वाँकी नै के छ र ? यो वाध्यता र मौन व्याकुलतापछिका दिनहरू कसरी वित्दै छन्, यो भन्ने सामर्थ्य पनि ममा वाँकी छैन ।

विरामीको सिरानमा वसेर उसका निधारमा सुमसुम्याउँदा आशाको भीख मागेझैं उसका ठूल्ठूला आँखामा टलपलिएको आँसु पुछ्न मेरा हातहरू काम्छन् । वोल्न खोज्दा मेरो आवाज लरवरिन्छ । के भन्ने उसलाई ? कसरी सान्त्वना दिलाउने ? मैले वोकेका असङ्ख्य दर्शनका भारी तथा मिथ्यात्वको वोध कसरी सम्झाउने ? अचानक एक महिना नवित्दै मृत्युको ढोकामा अस्वाभाविक तवरले उभिएको स्वस्थ, सुन्दर युवकका लागि जीवनका जिजीविषा अकस्मात् त्यागन पनि त त्यति सजिलो छैन । यो त त्यही व्यक्तिको मनलाई थाहा होला जसलाई यस परिस्थितिबाट गुज्रनुपरेको छ ।

भेलौर सफल व्यक्तिहरूका निम्ति स्वर्ग पनि होला, तर दुःख-कष्ट भोगेर र धन स्वाहा पारेर पनि असमर्थ निराश रोगीलाई, पन्ध्र दिनको म्याद दिएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

फर्काइएका परिवार तथा रोगीहरूलाई भने आँखा उठाइहिँड्न पनि इच्छा हुँदैन होला भन्ने म अनुभव गर्दै छु। साथै सफलता र असफलताप्रतिको द्वन्द्वको यथार्थ, कटु सत्य अनुभव पनि गर्दै छु। यस्तै दुःखको घड़ीमा पनि मानिसको मन कताकता के खोज्छ, कता जान्छ, कसरी आफ्नो वेदना पोख्ने वाटो खोज्छ, यो पनि एक परम आश्चर्यको विषय रहेछ।

हाम्रो कोठाअगाडि एक जना वङ्गाली केटो मृत्युको अन्तिम घडी पर्खिरहेको धेरै दिनदेखि हामी सवैले देख्दै थियौं। तर उसका वृद्ध मातापिता कस्तो धैर्य र साहसले नियमित तवरले छोराको सेवा गर्दै थिए ! उनीहरू छोरालाई निको पारेर घर फर्काउने अथक प्रयासमा तल्लीन थिए। तर प्रारब्धका अगाडि प्रयास खित्का छाडेर हाँस्दै थियो। परन्तु आफ्नो एक मात्र छोराको मृत्यु र आफ्ना भविष्यको कल्पना गर्ने शक्ति नै उनीहरूमा थिएन जस्तो मलाई लाग्थ्यो। आज मलाई लाग्यो, अव केही क्षणको मात्र ऊ पाहुना छ। उसको जीवनज्योति क्षीण हुँदै गएको थियो।

निभ्न लागेको वत्तीमा तेल थपेझैं आँखावाट आँसु वगाउँदै वावु मलाई सम्वोधन गरेर वङ्गालीमा भन्दै थियो- "दिदी, मान्छेको मुटु सधैं रगतको पनि हुँदैन क्यार, कहिले फलामको पनि वनेको हुन्छ।" उसको वाक्यमा मलाई यथार्थ झल्किएको लाग्यो। मलाई ती दुई असहाय निर्वल वृद्ध दम्पतीको दुःखमा व्याकुल वन्दै उनीहरूलाई आफ्नो अँगालामा भरी यस नश्वरताको भयानक यथार्थ स्वीकार्दै डाँको छाडेर रुन मन लाग्यो।

"दिदी, दिदी," यो सम्वोधनले C.M.C. 'M' वार्ड गुन्जिसकेझैं भएको थियो। साँच्चै भनूँ भने मलाई विराग लागिसकेको थियो दिदीको नाता र सम्वोधनवाट। जसको भाग्यमा जन्मकालदेखि नै भाइको अभाव छ, जसले भाइ वनेर स्नेह, प्रेम, श्रद्धा, सम्मान दिन्छन् र मलाई दिदी वनाउँछन्, तिनीहरू नै मलाई वीचवाटामै छाडेर अल्पकालमा यस संसारवाट विदा लिन्छन्। सायद यो मेरो भाग्यको विडम्वना नै होला। त्यस कारण अव म कसैलाई पनि भाइ भन्न पनि चाहन्नँ र दिदी वनाउन पनि मन पराउन्नँ। म यो सोच्दै मात्र थिएँ, पछाडिवाट कसैको "दिदी, दिदी" भन्ने आवाजले कल्पनावाट व्युँझाइदियो। ऊ वङ्गाली आवाजमा भन्छ- "दिदी, कल्पनाले एक मिनेट वोलाई।"

म अनायास युवकको पछि लाग्छु। पाँच-सात दिनदेखि परिचित एक युवतीको, जसको नाता-कुटुम्व कोही छैन यस धर्तीमा, खालि एक गरिव तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सहृदय बङ्गाली डाक्टरको सहयोग तथा दयाको अनुग्रहले सिक्किमदेखि भेलौरसम्म आएर उपचार गर्ने सुव्यवस्था मिलेको थियो । उसको हार्ट (मुटु) बालककालदेखि नै कमजोर थियो । त्यस रोगबाट मुक्ति त्यति सजिलो थिएन त्यस गरिब परिवारका निम्ति तर अपरेसन भने अनिवार्य थियो । कल्पनाकी माता छोरीको अपरेसन चेष्टा गर्दागर्दै असफल संसारबाट बिदा भइसकेकी थिइन् । तर केही पैसा भने छोरीका निम्ति बचाएर अवश्य राखेकी थिइन् र आफ्नो अन्तकालमा आफ्नो इच्छामा छोरीलाई प्रतिज्ञाबद्ध गराएर मात्रै यस धर्तीलाई छाडेकी थिइन् । तर त्यति पैसाले भेलौरमा हार्ट अपरेसन कदापि सम्भव थिएन । त्यसपछि रोगबाट उन्मुक्तिका निम्ति कल्पनाले गरेको अथक सङ्घर्ष सुन्दा त्यसलाई फेरि एकपल्ट जिजीविषा भन्न कर लाग्छ ।

परमेश्वरले जसलाई जीवन दिन मन गर्छन्, उसलाई अनेक सुयोग प्राप्त पनि हुँदै जान्छन् । एक दिन कहाँबाट अर्की एक महान् आमा सिक्किमबाट आइन्, जो सम्पूर्णकी आमा थिइन् (मदर टेरेसा) । संयोगले कमलाको मुटुका तीनवटा भल्भ फेर्ने इच्छा उनले आमाका अगाडि राखिन् । आमाले साह्रै ठूलो अनुग्रहको आश्वासन दिएर भेलौर O.M.C. लाई फ्री अपरेसनका निम्ति लेखिदिइन् । उनी त्यही प्रत्याशाले १५ दिनदेखि भेलौरको अस्पतालमा थिइन् । उनी बिस्तारै बोल्छिन्, बिस्तारै हिँड्छिन्, भोलि उनको अपरेसन निश्चित भएको छ । किन फेरि उनीसित स्नेह भयो, यो पनि जान्दिनँ । मैले छोइदिँदा किन उनलाई मृत्युको गर्तमा हराइसकेकी आमाको संस्पर्शको याद आउँछ !

उनी भन्छिन्- "दिदी, आज मेरी आमा बाँच्नुभएको भए कति खुसी हुनुहुन्थ्यो होला ! जसको चिरअभिलाषा नै मेरो अपरेसन गराउनु थियो ।"

"कल्पनाजी, तपाईंकी आमा यस धर्तीबाट हराए पनि आत्मा हराएको छैन," मेरो मुखबाट अनायास निस्कन्छ- "उहाँकै सशक्त प्रेरणाले तपाईंलाई आज यहाँ पुऱ्याइरहेछ ।"

यो सुनेर उनका आँखाबाट दुई थोपा आँसु खस्छन्, तर मुखमा एक उज्ज्वल आभा झुल्किन्छ । यस्तै केही आदर्श र केही यथार्थ प्रसङ्गसँगै हाम्रो मित्रता गहिरिँदै जान्छ ।

एउटा अर्को कोठामा एक नेपाली सज्जन दम्पती मुटुकै उपचारनिम्ति एक बीस वर्षीया छोरीलाई साथ लिएर आएका छन् । एक-दुई दिनको परिचयले नै उनीहरू मप्रति स्नेहमय मित्रताको भाव देखाउन थालेका छन् । मलाई सँगै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राखेर आफ्ना जीवनका तीतामीठा अनुभवका गाँठा फुकाउँदै जान्छन् । तीन छोराहरूका धनी उक्त सज्जनलाई देखेर म भन्छु- "तपाईंहरूले छोराहरूलाई किन ल्याउनुभएन ?"

यो सुनेर उनी दीर्घ निःश्वास तान्दै भन्छन्- "के गर्नु दिदी, एउटा छोरो अमेरिका गएको उतै वसोवास गरिहाल्यो, एउटा दिल्लीमा डाक्टरी गर्दै छ, अर्को घरमा वसेर मेरो व्यापार तथा आफ्नो पढाइ चलाउँदै छ, कसैलाई फुर्सत नै छैन ।"

उनको विवशता वर्णन सुनेर म सान्त्वनाको मीठो वोली वोलिदिन्छु- "के भयो त उषाजीलाई नै तपाईंहरूले सुयोग्य, कुशल, सक्षम बनाउनुभएको रहेछ । छोराको काम छोरीले नै गर्न सकेपछि छोरा नै पनि किन पो चाहियो र !"

हुन पनि उषा एक विदुषी, पढेलेखेकी स्मार्ट केटी छिन्, सबै काम आफैं गर्छिन् । आजकाल जुन वेला पनि उनीहरू मलाई भेटेर कुरा गर्न मन पराउन थालेका छन्, म कहिलेकाहीँ कामविशेषले वाहिर निस्कँदा पनि कोठामा आएर सोध्छन्- "दिदी खोइ ? कहाँ जानुभयो ?"

मेरा भाइलाई अस्वस्थताको दारुण दुःखमा पनि मेरो कुरा सुन्दा अचम्म लागेर म फर्केपछि मलाई हेरेर मुस्कुराउने असफल चेष्टा गर्दै भन्छन्- "'उदार चरितानां तु वसुधैव कुटुम्वकम्' भन्ने कुरा अवश्य नै सत्य रहेछ ।"

उनीहरूले गरेको स्नेह देख्दा मलाई पनि आश्चर्य लाग्दछ । खानेकुरा आफूले खानुअगाडि सधैं मेरो भाग छुट्ट्याएर राखेका हुन्छन् । चिया पनि मेरो भाग थर्मसमा राखेका हुन्छन् । यो देख्दा मलाई अति सङ्कोच लाग्छ । म भन्छु- "किन यस्तो दुख गर्नुहुन्छ ? यो त सबैको परदेश हो, आफ्नो घर होइन । मैले खाएकै छु । म भर्खर खाएर आउँदै छु । मैले यो भारा कसरी तिर्नू ?"

मेरो कुरा सुनेर उनीहरू साह्रै दिक्क मान्छन् र भन्छन्- "अहो, दिदीजस्तो व्यक्तिले पनि यसो भन्न सुहाउँछ ! दिदी, म पनि तपाईंको भाइ होइन ! विन्ती छ, आजदेखि मलाई नै भाइ सम्झिनुस् न । कतिपय सम्बन्ध जन्मको मात्र नभएर व्यवहार र कर्मको पनि त हुन्छ नि ! त्यसमध्ये दिदीलाई म आफ्नी दिदी मान्छु भने मलाई पनि त दिदीले भाइ स्वीकारिदिनुपर्‍यो !"

म उनीहरूको तर्क, स्नेह, आत्मीयता र प्रेमका अगाडि नतमस्तक बनेर मुस्कुराइरहन्छु । उनीहरू फेरि भन्छन्- "आफूले उपचारका निम्ति ल्याउनुभएको

 CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

एक भाइको जीवनदीप केही दिनका निम्ति मात्र जीवित छ भन्ने हामीलाई थाहा भयो । परन्तु यो संसारमा आफूले गर्न नसकिने कुरा भएपछि सबैले सहनैपर्छ । म पनि त भाइकै साथी हुँ । मलाई भाइ सम्झेर बाँचेको भाइमाथि स्नेह र विश्वास गर्नुपर्‍यो ।"

म छक्क पर्छु, यो ईश्वरीय विडम्बना देखेर । कहाँ म भाइको नाताबाट विरक्त भएर टाढा हुन खोज्ने विचार लिएर बसेकी, कहाँ फेरि भाइको नयाँ नाताको अविस्मरणीय यो प्रेम र स्नेहको व्यवहार ! म छक्क पर्छु । उनी भन्छन्- "म त अब जहिले काठमाडौं आए पनि दिदीलाई नभेटी फर्कन्नँ । अनि दिदीले जति खुवाउन चाहे पनि म चित्त बुझाएर खाइदिनेछु, हुन्न दिदी ?"

यस्तै प्रकारसित असहनीय दुःख पनि केके भएर बित्दै गयो । मृत्युको यथार्थ दारुण दृश्यसँगसँगै जीवनका नवागन्तुक दृश्यावलीले चेतनालाई कताकता पुऱ्याए । त्यहीअगाडिका उद्यानमा गर्मीले झस्केर छरिएका गुलाबका फूलसँगै फेरि नवकोपिलाहरू फक्रिन उद्यत देखेर म टोलाइरहन्छु । यस्तै छ यो जीवन कमला, अरू के लेखूँ ? सुख र दुःख, संयोग र वियोग, हर्ष र आँसु, जन्म र मृत्युको विशृङ्खलतामा बन्द मानव कति दुर्बल तथा क्षीण छ ! तिमी विचार गर । अस्तु !

तिम्री स्नेही दिदी

चारुशीला

❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

फर्काइएका परिवार तथा रोगीहरूलाई भने आँखा उठाइहिँड्न पनि इच्छा हुँदैन होला भन्ने म अनुभव गर्दै छु। साथै सफलता र असफलताप्रतिको द्वन्द्वको यथार्थ, कटु सत्य अनुभव पनि गर्दै छु। यस्तै दु:खको घड़ीमा पनि मानिसको मन कताकता के खोज्छ, कता जान्छ, कसरी आफ्नो वेदना पोख्ने वाटो खोज्छ, यो पनि एक परम आश्चर्यको विषय रहेछ।

हाम्रो कोठाअगाडि एक जना वङ्गाली केटो मृत्युको अन्तिम घडी पर्खिरहेको धेरै दिनदेखि हामी सवैले देख्दै थियौं। तर उसका वृद्ध मातापिता कस्तो धैर्य र साहसले नियमित तवरले छोराको सेवा गर्दै थिए ! उनीहरू छोरालाई निको पारेर घर फर्काउने अथक प्रयासमा तल्लीन थिए। तर प्रारब्धका अगाडि प्रयास खित्का छाडेर हाँस्दै थियो। परन्तु आफ्नो एक मात्र छोराको मृत्यु र आफ्ना भविष्यको कल्पना गर्ने शक्ति नै उनीहरूमा थिएन जस्तो मलाई लाग्थ्यो। आज मलाई लाग्यो, अव केही क्षणको मात्र ऊ पाहुना छ। उसको जीवनज्योति क्षीण हुँदै गएको थियो।

निभ्न लागेको वत्तीमा तेल थपेझैं आँखावाट आँसु वगाउँदै वावु मलाई सम्वोधन गरेर वङ्गालीमा भन्दै थियो- "दिदी, मान्छेको मुटु सधैं रगतको पनि हुँदैन क्यार, कहिले फलामको पनि वनेको हुन्छ।" उसको वाक्यमा मलाई यथार्थ झल्किएको लाग्यो। मलाई ती दुई असहाय निर्वल वृद्ध दम्पतीको दु:खमा व्याकुल वन्दै उनीहरूलाई आफ्नो अँगालामा भरी यस नश्वरताको भयानक यथार्थ स्वीकार्दै डाँको छाडेर रुन मन लाग्यो।

"दिदी, दिदी," यो सम्वोधनले C.M.C. 'M' वार्ड गुन्जिसकेझैं भएको थियो। साँच्चै भनूँ भने मलाई विराग लागिसकेको थियो दिदीको नाता र सम्वोधनवाट। जसको भाग्यमा जन्मकालदेखि नै भाइको अभाव छ, जसले भाइ वनेर स्नेह, प्रेम, श्रद्धा, सम्मान दिन्छन् र मलाई दिदी वनाउँछन्, तिनीहरू नै मलाई वीचवाटामै छाडेर अल्पकालमा यस संसारवाट विदा लिन्छन्। सायद यो मेरो भाग्यको विडम्वना नै होला। त्यस कारण अव म कसैलाई पनि भाइ भन्न पनि चाहन्नँ र दिदी वनाउन पनि मन पराउन्नँ। म यो सोच्दै मात्र थिएँ, पछाडिवाट कसैको "दिदी, दिदी" भन्ने आवाजले कल्पनावाट व्युँझाइदियो। ऊ वङ्गाली आवाजमा भन्छ- "दिदी, कल्पनाले एक मिनेट वोलाई।"

म अनायास युवकको पछि लाग्छु। पाँच-सात दिनदेखि परिचित एक युवतीको, जसको नाता-कुटुम्व कोही छैन यस धर्तीमा, खालि एक गरिव तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सहृदय वङ्गाली डाक्टरको सहयोग तथा दयाको अनुग्रहले सिक्किमदेखि भेलौरसम्म आएर उपचार गर्ने सुव्यवस्था मिलेको थियो । उसको हार्ट (मुटु) वालककालदेखि नै कमजोर थियो । त्यस रोगबाट मुक्ति त्यति सजिलो थिएन त्यस गरिव परिवारका निम्ति तर अपरेसन भने अनिवार्य थियो । कल्पनाकी माता छोरीको अपरेसन चेष्टा गर्दागर्दै असफल संसारवाट विदा भइसकेकी थिइन् । तर केही पैसा भने छोरीका निम्ति बचाएर अवश्य राखेकी थिइन् र आफ्नो अन्तकालमा आफ्नो इच्छामा छोरीलाई प्रतिज्ञावद्ध गराएर मात्रै यस धर्तीलाई छाडेकी थिइन् । तर त्यति पैसाले भेलौरमा हार्ट अपरेसन कदापि सम्भव थिएन । त्यसपछि रोगवाट उन्मुक्तिका निम्ति कल्पनाले गरेको अथक सङ्घर्ष सुन्दा त्यसलाई फेरि एकपल्ट जिजीविपा भन्न कर लाग्छ ।

परमेश्वरले जसलाई जीवन दिन मन गर्छन्, उसलाई अनेक सुयोग प्राप्त पनि हुँदै जान्छन् । एक दिन कहाँबाट अर्की एक महान् आमा सिक्किमवाट आइन्, जो सम्पूर्णकी आमा थिइन् (मदर टेरेसा) । संयोगले कमलाको मुटुका तीनवटा भल्भ फेर्ने इच्छा उनले आमाका अगाडि राखिन् । आमाले साह्रै ठूलो अनुग्रहको आश्वासन दिएर भेलौर O.M.C. लाई फ्री अपरेसनका निम्ति लेखिदिइन् । उनी त्यही प्रत्याशाले १५ दिनदेखि भेलौरको अस्पतालमा थिइन् । उनी विस्तारै वोल्छिन्, विस्तारै हिँड्छिन्, भोलि उनको अपरेसन निश्चित भएको छ । किन फेरि उनीसित स्नेह भयो, यो पनि जान्दिनँ । मैले छोइदिँदा किन उनलाई मृत्युको गर्तमा हराइसकेकी आमाको संस्पर्शको याद आउँछ !

उनी भन्छिन्- "दिदी, आज मेरी आमा वाँच्नुभएको भए कति खुसी हुनुहुन्थ्यो होला ! जसको चिरअभिलाषा नै मेरो अपरेसन गराउनु थियो ।"

"कल्पनाजी, तपाईंकी आमा यस धर्तीबाट हराए पनि आत्मा हराएको छैन," मेरो मुखबाट अनायास निस्कन्छ- "उहाँकै सशक्त प्रेरणाले तपाईंलाई आज यहाँ पुऱ्याइरहेछ ।"

यो सुनेर उनका आँखाबाट दुई थोपा आँसु खस्छन्, तर मुखमा एक उज्ज्वल आभा झुल्किन्छ । यस्तै केही आदर्श र केही यथार्थ प्रसङ्गसँगै हाम्रो मित्रता गहिरिँदै जान्छ ।

एउटा अर्को कोठामा एक नेपाली सज्जन दम्पती मुटुकै उपचारनिम्ति एक वीस वर्षीया छोरीलाई साथ लिएर आएका छन् । एक-दुई दिनको परिचयले नै उनीहरू मप्रति स्नेहमय मित्रताको भाव देखाउन थालेका छन् । मलाई सँगै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राखेर आफ्ना जीवनका तीतामीठा अनुभवका गाँठा फुकाउँदै जान्छन् । तीन छोराहरूका धनी उक्त सज्जनलाई देखेर म भन्छु- "तपाईंहरूले छोराहरूलाई किन ल्याउनुभएन ?"

यो सुनेर उनी दीर्घ निःश्वास तान्दै भन्छन्- "के गर्नु दिदी, एउटा छोरो अमेरिका गएको उतै बसोबास गरिहाल्यो, एउटा दिल्लीमा डाक्टरी गर्दै छ, अर्को घरमा वसेर मेरो व्यापार तथा आफ्नो पढाइ चलाउँदै छ, कसैलाई फुर्सत नै छैन ।"

उनको विवशता वर्णन सुनेर म सान्त्वनाको मीठो बोली बोलिदिन्छु- "के भयो त उषाजीलाई नै तपाईंहरूले सुयोग्य, कुशल, सक्षम बनाउनुभएको रहेछ । छोराको काम छोरीले नै गर्न सकेपछि छोरा नै पनि किन पो चाहियो र !"

हुन पनि उषा एक विदुषी, पढेलेखेकी स्मार्ट केटी छिन्, सबै काम आफैं गर्छिन् । आजकाल जुन वेला पनि उनीहरू मलाई भेटेर कुरा गर्न मन पराउन थालेका छन्, म कहिलेकाहीं कामविशेषले बाहिर निस्कँदा पनि कोठामा आएर सोध्छन्- "दिदी खोइ ? कहाँ जानुभयो ?"

मेरा भाइलाई अस्वस्थताको दारुण दुःखमा पनि मेरो कुरा सुन्दा अचम्म लागेर म फर्केपछि मलाई हेरेर मुस्कुराउने असफल चेष्टा गर्दै भन्छन्- "'उदार चरितानां तु वसुधैव कुटुम्वकम्' भन्ने कुरा अवश्य नै सत्य रहेछ ।"

उनीहरूले गरेको स्नेह देख्दा मलाई पनि आश्चर्य लाग्दछ । खानेकुरा आफूले खानुअगाडि सधैं मेरो भाग छुट्ट्याएर राखेका हुन्छन् । चिया पनि मेरो भाग थर्मसमा राखेका हुन्छन् । यो देख्दा मलाई अति सङ्कोच लाग्छ । म भन्छु- "किन यस्तो दुख गर्नुहुन्छ ? यो त सबैको परदेश हो, आफ्नो घर होइन । मैले खाएकै छु । म भर्खर खाएर आउँदै छु । मैले यो भारा कसरी तिर्नू ?"

मेरो कुरा सुनेर उनीहरू साह्रै दिक्क मान्छन् र भन्छन्- "अहो, दिदीजस्तो व्यक्तिले पनि यसो भन्न सुहाउँछ ! दिदी, म पनि तपाईंको भाइ होइन ! विन्ती छ, आजदेखि मलाई नै भाइ सम्भिनुस् न । कतिपय सम्बन्ध जन्मको मात्र नभएर व्यवहार र कर्मको पनि त हुन्छ नि ! त्यसमध्ये दिदीलाई म आफ्नी दिदी मान्छु भने मलाई पनि त दिदीले भाइ स्वीकारिदिनुपऱ्यो !"

म उनीहरूको तर्क, स्नेह, आत्मीयता र प्रेमका अगाडि नतमस्तक बनेर मुस्कुराइरहन्छु । उनीहरू फेरि भन्छन्- "आफूले उपचारका निम्ति ल्याउनुभएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

एक भाइको जीवनदीप केही दिनका निम्ति मात्र जीवित छ भन्ने हामीलाई थाहा भयो । परन्तु यो संसारमा आफूले गर्न नसकिने कुरा भएपछि सवैले सहनैपर्छ । म पनि त भाइकै साथी हुँ । मलाई भाइ सम्झेर बाँचेको भाइमाथि स्नेह र विश्वास गर्नुपऱ्यो ।"

म छक्क पर्छु, यो ईश्वरीय विडम्बना देखेर । कहाँ म भाइको नाताबाट विरक्त भएर टाढा हुन खोज्ने विचार लिएर बसेकी, कहाँ फेरि भाइको नयाँ नाताको अविस्मरणीय यो प्रेम र स्नेहको व्यवहार ! म छक्क पर्छु । उनी भन्छन्- "म त अब जहिले काठमाडौं आए पनि दिदीलाई नभेटी फर्कन्नँ । अनि दिदीले जति खुवाउन चाहे पनि म चित्त बुझाएर खाइदिनेछु, हुन्न दिदी ?"

यस्तै प्रकारसित असहनीय दुःख पनि केके भएर बित्दै गयो । मृत्युको यथार्थ दारुण दृश्यसँगसँगै जीवनका नवागन्तुक दृश्यावलीले चेतनालाई कताकता पुऱ्याए । त्यहीअगाडिका उद्यानमा गर्मीले झस्केर छरिएका गुलावका फूलसँगै फेरि नवकोपिलाहरू फक्रिन उद्यत देखेर म टोलाइरहन्छु । यस्तै छ यो जीवन कमला, अरू के लेखूँ ? सुख र दुःख, संयोग र वियोग, हर्ष र आँसु, जन्म र मृत्युको विशृङ्खलतामा बन्द मानव कति दुर्बल तथा क्षीण छ ! तिमी विचार गर । अस्तु !

तिम्री स्नेही दिदी

चारुशीला

❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मेरो छोटो यात्रा

मलाई कुनै कामविशेषले रामनगर (भारत) सम्म जानुपरेको थियो । मैले भाद्र १६ बुधबारको दिनलाई कस्मिक एयरलाइनको टिकट दुई दिनअगाडि नै लिएँ । तर अघिल्लो दिन इराकमा कामका निम्ति गएका १२ जना नेपालीको वीभत्स तवरले निर्मम हत्या गरिएको खबर सुनियो । यसले समस्त नेपालीको हृदय छियाछिया पाऱ्यो । एक-दुई दिनअघिदेखि नै बन्दी बनेकाहरूको अनुहार र "हामीलाई बचाऊ" भन्ने आर्तनाद टीभीमा सुनिँदै र देखिँदै थियो । तर खै के भो, के गरियो, कति प्रयत्न भयो, कति देशले चासो लिए, केकति गरियो वा गरिएन, यसको यथार्थ खबर भने हामी साधारण नेपालीले थाहा पाउने कुरै थिएन ।

वेलुकाको खवर सुनेर म निदाउन सकिनँ । उनीहरूका त्रस्त आँखाले प्रत्येक नेपालीअघिल्तिर हात पसारेर जीवनको भिक्षा मागिरहेझैं मलाई लाग्यो । उनीहरूका ती दयनीय, भयाकुल आँखालाई मैले विर्सिनै सकिनँ । बल्ल आँखा मात्र के चिम्लेकी थिएँ, एक्कासि ठूलो हल्ला भयो, नारा लाग्यो, तोडफोड सुनियो । अरू वेला भने मलाई वास्तै लाग्दैनथ्यो । यो त हाम्रो नेपालको दैनन्दिन कार्यक्रम नै भइसकेको थियो । तर आज मेरो आत्मालाई पनि कुनै निर्दयी हातले समातेझैं लागिरहेको थियो । मन छियाछिया थियो, घडीमा ११ बजेको थियो ।

हत्तपत्त उठेर मेरो मान्छेलाई वोलाएँ- "वालु ! वालु !!" म छोटकरीमा उसलाई यही भन्थें ।

ऊ उठेर आयो ।

"हेर् न वाबू, यो के भयो !"

ऊ तल ओर्ल्यो ।

मैले भनें- "तल नजा, हूलमा नजा ।"

तर ऊ पनि एउटा नेपाली केटो, ऊ पनि भित्र क्रोधित तथा आक्रोशित

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

देखिन्थ्यो । भन्दै थियो- "होइन मामी, यसमा त जानैपर्छ ।" मैले वल्लवल्ल उसलाई सम्झाएँ र फर्काएँ । ऊ झ्याल खोलेर बाहिर हेर्न लाग्यो ।

मैले भनें- "झ्यालबाट नहेर् बाबू, बत्ती पनि नबाल्, आक्रोशित भएका वेला दर्शक बन्नेहरूसित रिस उठ्न सक्छ ।" ऊ कोठा अँध्यारो पारेर बाहिर हेर्न थाल्यो । हाम्रो घरअघिका झ्यालका सिसाहरू झ्न्यामझुरुम फुटाइँदै थिए । भयावह दृश्य थियो । म दुःखित स्वरमा बोलें- "अब हाम्रो पनि फुट्छ कि ?"

"होइन मामी, हाम्रो केही गर्दैनन्, त्यहाँ म्यानपावरको अफिस बसेकाले केटाहरूले यस्तो गरेका हुन् ।" यसमा चाहिँ मेरो मनले पनि अन्याय र अत्याचारविरुद्ध आवाज उठाउनु त मानवधर्म नै हो भन्दै थियो ।

तर नेपालको चाहिँ यो यस्तो अवस्था थियो, रङ्गमा वेरङ्ग, कर्ममा कुकर्म, निःस्वार्थमा स्वार्थ, अर्थमा अनर्थ पस्न बेरै लाग्दैनथ्यो । एक उच्च ओहदाका भूतपूर्व व्यक्तिलाई कुनै त्रुटिवश एयरपोर्टबाट फर्कनुपर्दा त कति दिनसम्म चक्काजाम, तोडफोड, हूलदङ्गा, लुटपाट, आगजनी, मारपिट हुने वेलमा यो त सानो घटना थिएन ।

यस्तैमा हूल अगाडि बढ्दै गयो । कानदेवतास्थान मेरो घरतिर केही शान्तिजस्तो भयो । म सुत्दै सुतिनँ । चार बजे नै उठेर नित्यकर्म सबै सकी एक कप चिया पिएर आफ्नू सानो ब्याग ठीक पारें र भनें- "बालु, प्लेन जान्छ ? हामी जाने कि नजाने एयरपोर्ट, भन् त ?"

उसले भन्यो- "जान त जानैपर्छ मामी, प्लेन नगए पनि हामी त त्यहाँ पुग्नैपर्छ ।"

मैले उसलाई टिकट दिँदै भनें- "हेर् त कति बजेको फ्लाइट ? जाने भए गइहालौं, आज के हुन्छ केही भन्न सकिन्न ।"

"आठ बजेको रहेछ ।"

छ मात्र बजेको थियो, हामी घरबाट निस्किहाल्ने विचारले बाहिर निस्क्यौं । मेरो टोल ट्याक्सीका निम्ति साह्रै सजिलो थियो । ढोकैअगाडि ट्याक्सी थियो, हामी हिँडिहाल्यौं ।

ड्राइभरले कमलपोखरीतिरबाट लान खोज्यो, प्रहरीले दिएन । फेरि फर्काएर रिङरोडबाट जान खोज्यो, त्यहाँ त झन् परबाट जुलुस आइरहेको थियो । त्यहाँबाट नयाँ बानेश्वरको भित्री बाटो पस्न खोज्यो, त्यहाँ पनि प्रहरीले रोक्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अनि म आत्तिएँ ।

"अब के गर्ने भाइ ?" मैले ड्राइभरसित सोधें । मलाई आफ्नू मात्रै चिन्ता थिएन । रामनगरवाट मलाई लिन भानिज बाबू सिमरामा आउने कुरा थियो । म टाइममा नपुगे सवै काम विग्रिने थियो ।

ड्राइभरले मीठो स्वरमा भन्यो- "नआत्तिनुस् मुमा, म भित्रभित्र जतावाट भए पनि हजुरलाई टाइममा अवश्य पुऱ्याउँछु । हजुर चाँडै आइवक्सेकाले साह्रै राम्रो भयो ।"

उसको आश्वासनले म स्वस्थ भएँ । उसले भित्रभित्र लुक्दै, यता फर्काउँदै, उता फर्काउँदै, भित्र गल्लीगल्लीवाट घुमाईघुमाई मलाई एयरपोर्ट पुऱ्यायो । त्यस बेला उसले चारपल्ट ओहोरदोहोर गर्ने पैसा लिए पनि मलाई चित्त दुखेन । उसलाई धन्यवाद दिएर म ओर्लिएँ ।

म भित्र पसें । राति नसुतेको र टुलुटुलु हेरिरहेका ती आफ्ना युवक नेपालीको मृत्युको बीभत्स दृश्यले ज्यादै दुःखी तथा विक्षिप्तझैं भएकी थिएँ । शरीर थरथर कामिरहेको थियो । हरे, आज यस्तो दिनमा मलाई किन हिँड्नुपरेको भगवान् ! लामो सास फेरेर यात्रीको लाइनमा गएर वसें । सानो व्याग पनि काउन्टरमा दिन विर्सेर आफैंसित राखिछु । त्यस दिन म लाटी तथा वहिरीजस्ती भएकी थिएँ ।

सात मात्र वजेको थियो । त्यसपछि त सवैतिर कर्फ्यु पनि लागेछ । आउनेहरू विचरा सवै कहाँकहाँवाट हिँडेर आएका थिए । सबै रातो मुख लगाएर पसिना पुछ्दै थिए । म एक्लै वसिरहें अनि विस्तारविस्तारै पोखरा क्यान्सल भनेर एनाउन्स गऱ्यो । अनि त्यस्तै गरेर जोमसोम, रुम्जाटार, नेपालगन्ज धेरै ठाउँ क्यान्सल हुँदै गयो । मानिसहरू रातो मुख लगाएर फर्किन थाले । आठ वज्यो, नौ बज्यो, दश वज्यो, सबै फर्के ।

मलाई फेरि पीर पऱ्यो । अब फर्कनुपऱ्यो भने मैले के गर्ने ? म त अलिकति पनि हिँड्न सक्दिनथिएँ । कर्फ्युको खबरले मुटु अझै काम्न थाल्यो । मैले सोचें- 'अब जे होला, यो व्याग बाहिर काउन्टरमा जिम्मा लगाएर विस्तारै वस्दैवस्दै चाबहिल बहिनीकहाँ जानुपर्ला ।' मनुष्यले समस्या परेपछि समाधान पनि गरिहाल्दो रहेछ, म ढुक्क परेर बसें ।

हुन त तीन-चारपल्ट छोराछोरीले प्लेनमा हालेर पठाइदिँदा युएसएवाट समेत एक्लै पनि आएकी थिएँ । तर आजको भयावहता वाहिरीभन्दा सायद मेरो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आन्तरिक थियो । अव क्रमशः कोठा खाली हुँदै गयो । मलाई लाग्यो– सिमरा जाने कुनै यात्रुसित कुरा गर्नुपर्‍यो । म कसैलाई "एनाउन्स गरेको पनि नसुनिएला, मलाई भन्नोस् है" भनूँजस्तो लागेर उठें र एक जनाछेउ पुगेर "तपाईं कहाँ जाने ?" भनेर सोधें ।

अलि हँसिला र सभ्य देखिएका सवै विराटनगरका थिए, सिमराका मान्छेहरू हेर्दै जाँदा सवैले उपेक्षित तवरले आफूलाई हेरेजस्तो लाग्यो । फेरि आफ्नै स्थानमा आएर वसें ।

वल्लवल्ल साढे १२ वजे सिमराको उच्चारण सुनियो र यात्रु चलमलाउन थाले । म आफ्नो ब्याग घिसार्देघिसार्दे अगाडि वढें । वल्लतल्ल एयर वसमा चढेर नजिकै पुगें । कसैमा पनि सहयोग र दयाको भाव त्यहाँ थिएन । चराजस्तै सानो प्लेन, अप्ठ्यारो भऱ्याङ । हरे, मैले यो ब्याग किन आफूसित ल्याएको ! मनमनै आफ्नू बुद्धिलाई धिक्कार्दै उक्लें । तर ढोकानिर पुगेपछि केही लागेन ।

तल एक जना उभिएको देखेर "प्लिज, अलिकति समाइदिनोस् न" भनेपछि उसले अलिकति मदत गरेपछि भित्र पसें र सिट-वेल्ट बाँधें । एयरहोस्टेस पनि त्यस्तै अँध्यारमुखे, हिस्सी नै नपरेकी, टिमटिम परेकी, उसले आफूलाई राजकुमारी नै सम्झेजस्तो लाग्यो । अनि के भयो यो नेपाल, के भए नेपाली भन्ने विचार गर्दै चुप लागेर वसें ।

अलिकति कपास र केही चकलेट ट्रेमा हल्लाउँदै ऊ आउँदै थिई । उसले मेरा अगाडि ट्रे पनि ल्याइपुऱ्याइन, मैले पनि मागिनँ । मनमनै भनें- 'खाओस् आफैं ।' आजकाल मान्यजनलाई अपमान गर्ने, हेप्ने, हेला गर्ने, उपेक्षा गर्ने नै काल छ । कहाँ गयो आदरसम्मान, मानमर्यादा, स्नेह, प्रेम ? खै के भयो सभ्यता अनि कस्तो भयो समाज ? अनि आफ्नै मनले मलाई भन्यो- 'हरे, कस्ती मूर्ख, आज नेपालीले नै नेपालीको रक्त वगाएका वेला, मातृत्वलाई नगण्य पारेर खिल्ली उडाएका वेला, हजारौं नारीको एकैपल्ट सिन्दूर पुछिएका बेला अनि वालकको निर्मम हत्या गरिएका बेला के खोजेको ?' अनि म चुप लागें । लज्जित भएँ आफैंसित ।

यस्तै विचार गर्दागर्दै प्लेन ल्यान्ड गऱ्यो । मात्र १५-१६ मिनेटको वाटो । ब्याग निक्कै गह्रौं थियो । मेरा गोडा साँच्ची नै अझै कामिरहेका थिए । यता टेकूँ कि उता गर्दै म बल्लवल्ल अगाडि बढें । अलि टाढैवाट मेरा भानिज मलाई हेर्दै हुनुहुँदो रहेछ । मुसुमुसु हाँस्दै अगाडि वढेर शिर निहुऱ्याउँदै मेरा ब्यागहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.
लिनुभयो । अनि बल्ल मलाई पूर्ण विश्रान्ति अनुभव भयो । "ल सवारी होस् मामी" भनेर राजकुमारजस्तो राम्रो भानिजले मलाई एयरपोर्टको ट्याक्सीमा वसाली सामान राखेपछि हामी प्रस्थान गऱ्यौं ।

वीरगन्जमा पनि हूलदङ्गा छ कि भन्ने अलिकति भय थियो । तर त्यहाँ शान्ति थियो । पसलहरूचाहिँ वन्दै थिए । हामी रक्सौल पुग्यौं । त्यहाँ भानिज रञ्जन वावूको आफ्नो कार र ड्राइभर हामीलाई पर्खिरहेको थियो । हामी गर्मीले निथ्रुक्क थियौं । पसिना पुछ्दै, पङ्खा हम्कँदै, खल्ड्याङखुल्डुङ परेको वाटो हुँदै हिँड्दै रह्यौं ।

साँझ करिव ५ वजे हामी वेतिया पुग्यौं । त्यहाँ रञ्जन वावूका केही कार्यालयीय काम सकेर हामी उहाँहरूको कोही आफन्तकहाँ गयौं । त्यहाँ प्रमीलाजी र भान्जीवुहारी विसूको हार्दिक स्वागत मैले पाएँ । १०-१२ वर्षअगाडि देखेकी थिएँ, त्यसपछि भेटघाटै थिएन । नुहाइ-धुवाइ गरी म निश्चिन्त भएँ । अघिल्लो दिनदेखिका चिन्ता, दुश्चिन्ता, पीडा सवैले मलाई विस्तारै छाड्दै गए । मेरो मस्तिष्कका सम्पूर्ण कष्ट निद्रादेवीको कोमल काखमा विलाउन लागे ।

यो अव भोलिपल्टको सूर्योदयको सुन्दर विहानी थियो । मीठो वोलीमा चराहरू वोलिरहेका थिए । सूर्यकिरणले उज्यालो फ्याँक्नुपहिले नै हामी त्यहाँवाट रामनगरतिर जान तयार थियौं । रञ्जन वावूको सम्पूर्ण ध्याउन्न नै आफ्नी माइजूलाई गर्मीको कष्टवाट वचाउने भइरहेको म अनुभव गर्दै थिएँ ।

आज १७ गते विहीवार म भारतभूमिमा थिएँ । यहाँ आएर मेरो मुटुले आनन्द अनुभव गरेको थियो । मेरो फोक्सोले हरिया वृक्ष, आँपका रूख अनि हरिया धानखेतलाई स्पर्श गरेर वहेको शुद्ध चिसो चोखो वायु तानिरहेको थियो । प्रदूषणविहीन वायुको स्पर्श सहरनिवासीहरूले विर्सी पनि सके कि भन्ने लाग्यो ।

रञ्जन वावूकी श्रीमतीलाई धेरै वर्षअगाडि, १०-१२ वर्ष पनि भयो होला, झलक्क देखेकी मात्र थिएँ । आज उनको आतिथ्य मैले वेतियामा प्रमीलाको घरदेखि नै पाउन थालें । उनको हँसाइ, सत्य र स्पष्ट वोलाइ, कार्यकुशलतालगायत सभ्य, सुशील युवतीमा पाइने गुणहरू नियाल्दै म रामनगर छोड्या गाउँ पुगें । अलि टाढैदेखि देखिने धेरै पुस्तादेखिको आलिसान घर मैले देखें । विस्तारै गाडी भित्र पस्यो । रञ्जन वावू र विसूले समातेर मलाई मोटरवाट ओरालेर भित्र लगे ।

त्यहाँ अर्को ढोकामा मेरी साहिँली नन्द रेनु मैया हार्दिक स्वागतमा उभिवक्सेको देखें । अनि स्नेहयुक्त आलिङ्गनमा हामी वाँधियौं, अनायास हाम्रा आँखावाट हर्षको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आँसु पनि थाहै नपाई वाहिरियो केही क्षणसम्म । त्यसपछि मात्रै हाम्रा मुखवाट आवाज निस्क्यो । हामी नन्द-भाउजू बालसङ्गी थियौं । दुईवीच उमेरमा ज्यादा अन्तर थिएन । वालसुलभ चञ्चलता उहाँमा ज्यादै थियो । म पनि डराईडराई उहाँको पछि लाग्दै आफ्नू वालिकावस्थालाई मनोरञ्जक वनाउन उत्सुक हुन्थें । यसै गरी, सँगै हाँस्दै-रुँदै, रिसाउँदै र झगडा गर्दै हाम्रा दुई-चार वर्ष वितेका थिए ।

अनि विसूले हत्तपत्त मीठो खाना पकाएर ख्वाइन् । न थकाइ न आलस्य । कस्तो कर्तव्यपरायणता ! अव विस्तारै सूर्यकिरणले आगोजस्तो ज्वाला फ्याँक्न थालेको थियो । म ठन्डा ठाउँबाट आएकी, आँखा वन्द हुँदै गएकाले ओछ्यानमा गएर पल्टें । अनि कतिवेर सुतें, थाहै भएन ।

अब भोलिपल्ट १८ गतेको दिन थियो । म यताउता सवै हेर्दै घुम्दै गएँ । पूजाकोठा देख्दा साह्रै आनन्द लाग्यो । सबै कुरा आ-आफ्ना ठाउँमा । दश-बाह्र ठूल्ठूला कोठाहरू । त्यस घरमा एक सय अतिथि एकैपल्ट पसे पनि केही असुविधा हुने मैले देखिनँ ।

मेरा ज्वाइँसाहेव राजु बाबू स्वर्गीय भएको केही वर्ष भयो । १० वर्षदेखि श्वासको रोगले उहाँलाई शिथिल पार्दै ल्याएको थियो । आफू हुँदै उहाँले सम्पूर्ण कार्यभार आफ्ना कान्छा छोरा रञ्जन वावूलाई जिम्मा लगाइसकिवक्सेको रहेछ । आफ्नू जीवनकालमै योग्य सन्तानलाई अभिभारा सुम्पिन पाउनु पनि कम भाग्यको कुरा होइन जस्तो मलाई लाग्छ ।

रामनगर फौदार परिवार भनेपछि नेपाल र भारत सवैतिर प्रख्यात थियो । त्यसमा पनि अम्विकाप्रसाद र कालीप्रसाद दुई दाजुभाइ कलकत्ता र पटनामा प्रख्यात वकिल हुनुहुन्थ्यो । माहिला भाइ शारदाप्रसादचाहिँ रामनगरको आफ्नो पुर्ख्यौली जमिनदारी सम्हालेर सवै परिवारको हितको विचार गरेर त्यहीँ रम्न थाल्नुभयो । उहाँका दुई छोरा र एक छोरी हुनुहुन्थ्यो । पछि एक छोराको सानै उमेरमा मृत्यु भएछ ।

मेरी नन्द रेणु मैयाको यसै परिवारमा राजेश्वरीप्रसादसित विवाह भयो । उहाँका पनि पहिलेका धेरै सन्तान नाश भए । पछि चार छोरी दुई छोरा भएका थिए । तर वम्वईको राम्रो कलेजबाट इन्जिनियर उत्तीर्ण ठूलो छोरा वैजु वावूको त्यहीँको एयरपोर्टमा प्लेन मर्मतका बेला चिप्लेर खसी साह्रै दुःखदायी निधन भयो । यो दुःख आमाको मुटुले कसरी विर्सनू ? तर के लाग्छ, संसारै यस्तै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चारै छोरीहरू विवाहपछि आ-आफ्ना घरगृहस्थीमा संलग्न हुनुहुन्छ।

यसरी मैले देखें सुख, शान्ति र प्रेमको गृहस्थी अनि विसूलाई देखेर म नन्दको खुसीमा गदगद बनें। उहाँको हाँस्ने बानी थियो। सधैं हाँसिरहने। हामी नन्द-भाउजू ५० वर्षअघिका अनेकौं हाँसखेल, मीठो कुरा राखेको ठाउँवाट झिकेर खाएको जस्ता सम्झनामा डुब्दै, उत्रँदै गयौं।

यस्तै किसिमले मैले आठ दिन रामनगरमा बिताएँ।

मेरा भानिजको मलाई पठाउने इच्छा थिएन। अरू १०-१५ दिन वस्न कर गर्दै होइवक्सिन्थ्यो तर "अहिले मिल्दैन बाबू, बरु पछि आउँछु" भनेर प्रतिज्ञा गरेपछि मानिवक्सियो। म अब २४ गते त्यहाँवाट विदा हुने भएँ। भानिज फेरि पुऱ्याउन पनि आफैं जान तयार होइवक्स्यो। मैले कति गर्दा पनि नमानेपछि चुप लागें।

विदा हुने वेलामा फेरि हाम्रो अङ्कमाल भयो। यो त झन् बिदाइको क्षण थियो। अव भेट हुन्छ/हुँदैन, के भन्न सकिन्छ र? जीवन त अनिश्चित छ, मृत्यु निश्चित छ। आँसु पुछ्दै म मोटरमा बसें र अन्तिम बिदाइको हात हल्लाएँ। जाने वेलामा म मोटरबाटै बेतिया गएकी थिएँ। तर फर्किंदा ट्रेनमा आएँ। हरिनगर रामनगरवाट नजिकै रहेछ।

हामी हरिनगर प्लेटफार्ममा पुग्नेबित्तिकै ट्रेन पनि आइहाल्यो। राम्रो ए.सी. कम्पार्टमेन्टमा गएर बसेर साह्रै सजिलोसित रक्सौल पुगियो। त्यहाँबाट म र भानिज रिक्सामा वस्यौं। तर म मोटी भएर होला, वल्लतल्ल वीरगन्ज पुगियो। त्यहाँ मकालु होटलमा मलाई राखेर भानिज टिकटका निम्ति वाहिर गइवक्स्यो। उहाँ फर्केपछि खाना खायौं। मेरा लागि विसूले रामनगरबाटै खाना वनाएर हालिदिएकी थिइन्। रञ्जन वावूले होटलकै खाना खाइवक्स्यो। खानपिनपछि हामी निदायौं।

अव २५ गतेको विहानी भयो। म चाँडै नुहाई तयार भएँ। त्यहाँ एक-एक कप मीठो चिया पिएर हामी वाहिर निस्क्यौं र ट्याक्सीमा बसी एयरपोर्टतिर लाग्यौं। सिमरा पुगेको ५-७ मिनेट मात्रै भएको थियो, काठमाडौंबाट प्लेन उड्यो भन्ने थाहा भयो।

अनि रञ्जन बाबूले मलाई भित्र पठाई बिदा लिइवक्सियो। उहाँलाई छोड्दा मलाई मेरो कान्छा छोरा प्रदीपलाई छाडेजस्तो लाग्यो। त्यस्तै धैर्य, त्यस्तै विवेक, विचार, हेरचाह। म भित्र गएर अरू यात्रीनजिकै बसें। यसपल्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मसित सानो ह्याण्ड व्याग मात्रै थियो । एक युवक हँसिलो मुख लगाएर मनजिकै आएर वसे र विस्तारै सभ्य तवरले भने- "मुमा, हजुर एक्लै ?"

मैले भनें- "हो वावू, यो छोटो वाटोमा के छ र ? १६-१७ मिनेटको वाटो त हो नि ।"

यत्तिकैमा प्लेन ल्यान्ड गऱ्यो । अरूसँगै म पनि चढें ।

अब म निश्चिन्त थिएँ । आनन्दसित झ्यालवाट वाहिर हेर्दै थिएँ । मनुष्यको मन कहाँ धेरैवेर आनन्दित रहन सक्छ र ? प्रख्यात चारकोसे झाडी देख्दा मलाई आश्चर्य लाग्यो– हरे, त्यस्तो केही नदेखिने हरियो जङ्गल, खेत ! के भयो ? ठूल्ठूला सालका रूख खै ? अहिले त कतैकतै एकाध रूख मात्रै उभिएको पो छ त । हरे, कसरी नङ्ग्याएको यस देशलाई ! ('हरियो वन नेपालको धन' भन्दै थिए, तर यहां कर्म र सिद्धान्त आकाश र पाताल भनेझैं टाढा पो छन् । मुखमा यौटा कुरा काममा अर्कै कुरा त नेपालीको चिनारी नै भइसक्यो भन्नुमा पनि अत्युक्ति छैन ।)

देशको मासु लुछेर अब हाडैहाड मात्र पो वाँकी रहेछ । शक्तिमान् नै विग्रिएपछि शक्तिहीनले के गर्ने ? मैले आँखा चिम्लें । अव प्लेन भित्री मधेशलाई छिचोल्दै विस्तारै आकासिंदै थियो । महाभारतमाथिवाट वादललाई तल पारेर सानो चराजस्तो प्लेन अगाडि वढ्दै थियो । उच्च डाँडामा सानासाना घरहरू विहानीको मधुरो घाममा टल्किरहेका थिए ।

खोलानालामाथिदेखि वहेका तीव्र झरना, खोल्वी, डाँडाकाँडा, चुचुराचुचुरी, प्राकृतिक सौन्दर्यको सीमा थिएन । हिमालको काखमा अद्भुत सौन्दर्यले भरिएको यो सुन्दर देश । हरे, यसको नेपालीले न त माया गर्न सके न त कदर ! म जहाँवाट फर्केर आउँदा पनि आफ्नो देशजस्तो राम्रो कहीं लाग्दैनथ्यो । विदेशका सम्पूर्ण सौन्दर्य मेरो दृष्टिमा फिका हुन्थ्यो ।

तर खै आफ्नै सन्तानले नै कदर नगरेपछि के लाग्छ ?

मेरो मनको विक्षेपसँगै प्लेनले धर्ती छोयो । सवै ओर्ले, म पनि ओर्लें । प्लेनको कारले वाहिर सामान ल्याउने ठाउँमा पुऱ्यायो । अब आफ्नो सामानको प्रतीक्षामा म उभिरहें । निक्कैवेर लाग्यो । अव ट्याक्सीसम्म कसरी पुऱ्याऊँ भन्दै थिएँ, उही सिमरामा भेटेका युवक मलाई पर्खिरहेका रहेछन् । उनको त केही रहेनछ ।

आफ्नो सामान चिन्नुपऱ्यो भनेर म ट्याग भिरेर अगाडि वढ्दै थिएँ, मेरो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हातवाट लिएर उनले "ल मुमा यहाँ आएर देखाइदिइबक्स्योस्" भने । मैले देखाएँ, उनी ट्रली लिएर सामान हालेर निस्के, म पछि लागें ।

ट्याक्सीमा सामान हालेर बसें र उनलाई "बाबू कहाँ जाने ? यसमै जाऊँ" भनें ।

"मेरो घर त बानेश्वर हो, मलाई गौशालामै छोडे हुन्छ," उनले भने । गौशाला पुगेपछि उनी ओर्लिन खोजे ।

"हैन बाबू, बानेश्वरै भएर जाऊँ, कति फरक पर्छ र ?" मैले भनें । बानेश्वरको भित्रभित्र कच्याङकुचुङ वाटो रहेछ । २०/२५ मिनेटमा बल्ल उनको घर आयो ।

उनले उत्रिएर "मुमा, मेरो घरमा पसेर एक कप चिया पिएर जाऊँ न" भने ।

"हैन बाबू वेर हुन्छ," मैले भनें- "जे गर्नुभयो त्यो नै सम्झनामा चिरकालपर्यन्त मीठो यादमा बाँच्नेछ ।"

म घरतिर लागें । जाँदाखेरिको नमीठो दुःखद घटनामा एक स्नेही व्यक्तिले अमृत छर्किदियो । यत्तिकैमा मेरो छोटो यात्राको अन्तिम विन्दु आइपुग्यो ।

❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भुटानसितको साक्षात्कार

सानो देश भुटानको नाम त अरू देशको नाम सुनेझैं मैले सुन्दै आएकी थिएँ । तर थाहा थिएन, एक दिन मलाई त्यहाँ जाने सौभाग्य प्राप्त होला भन्ने ।

२०४२ साल वैशाख ८ गते म नेपालनजिकैको सानो देश भुटान जाने भएँ । मेरा श्रीमान् र म भुटानको सानो प्लेन चढेर करिब ४५ मिनेटमा भुटान एयरपोर्टमा उत्रियौं । उत्रनेबित्तिकै ज्वाइँसाहेब र छोरी किरणले हामीलाई हार्दिक स्वागत गरे । यात्रा त कहिले कता कहिले कता भइरहन्थ्यो, तर किन हो, यो यात्राचाहिँ मेरा निम्ति साह्रै उत्साह र आनन्दवर्द्धक थियो । मेरी छोरी किरणको मृदुलता र श्री ज्वाइँसाहेवज्यूको कार्यकुशलता सबैले मलाई ज्यादै आनन्दित तुल्याइरहे ।

त्यहाँबाट भुटानको राजधानी थिम्पू पुग्न पनि दुई घण्टाभन्दा बढी नै लाग्ने रहेछ । पहाडी बाटो, नदीको किनारवरपर हेर्दै, कुरा गर्दै रमाइलोसित हिँड्दै गऱ्यौं । मेरी छोरी हँसिलो स्वभाव अनि पिता-मातासित निर्धक्कसित घरमा बस्न पाएको खुसीले आफ्नो खुसीसितै हामीलाई पनि अलौकिक आनन्द दिएर त्यहाँको दृश्यावलोकन गराउँदै अगाडि बढ्दै गई ।

बाबु, छोरी-ज्वाइँ सबै आफ्ना कुराकानीमा मस्त बन्दै अगाडि बढ्दै थिए, तर मलाईचाहिँ त्यहाँको हरियालीले ढाकेको पहाडभरि ठूल्ठूला रूखहरू, चिसो पवित्र हावा, स्वच्छ निर्मल जल, शान्त वातावरण, शुद्ध जल आनन्ददायी र हृदयस्पर्शी थिए । आफ्नै संस्कृतिमा कलात्मक ढाँचा बोकेका भुटानी घरहरू तथा मीठा स्वरले शान्त गतिमा प्रवाहित स-साना नदी अनि नदीका दुवै किनारामा बसेका स्वच्छ सहर तथा बस्तीहरूवरिपरि हरियालीले सिँगारिएका पर्वत तथा पहाडहरू । न कतै नाङ्गो पहाड न त कहिल्यै पहिरोले बिगारेका आकृतिहरू ।

यो सुन्दर, शान्त वातावरणले मलाई मुग्ध तुल्यायो, मानौं आफैंमा डुबायो । साँच्चै भनूँ भने म मस्त बन्दै गएर त्यही अलौकिक वातावरणमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हराउन थालें । त्यहाँका सबै कुराले मलाई आनन्दित बनाउन थाले । मेरा विचार र चेतनाहरू त्यहाँको शान्त शून्यतामा विलीन बन्दै मभित्र विलाउन खोजेझैं लाग्न थाल्यो ।

यस्तै मनस्थितिमा म ज्वाइँसाहेबको घरको ढोकाभित्र पसिसकेछु । पछि छोरीले मेरो हात समातेर "हाम्रो घर यही हो, हामी आइसक्यौं" भनेपछि पो झसङ्ग भएर ब्युँझिएँ । अनि वेलुकाको खाना खाएर हामी आ-आफ्ना कोठामा विश्राम गर्न गयौं ।

भोलिपल्ट पनि मलाई रमाइलो लागिरह्यो, त्यसमा पनि छोरीसित ढुक्कसित बस्न नपाएको धेरै समय भइसकेको थियो । यो आनन्दको वातावरण, स्नेह र ममताको क्षणले स्वर्गीय सुखानुभूति दिइरह्यो । त्यहाँका राजनीति र सामाजिक कुराहरूप्रति मलाई त्यत्ति चाख लागेन । त्यो मेरा निम्ति आवश्यक पनि थिएन । सायद आफ्नो विषयवस्तु नभएर होला, मलाई वास्ता पनि भएन ।

म त त्यहाँका सुन्दर दृश्यहरू र प्राकृतिक रमणीयताले अभिभूत बन्दै गएँ । त्यहाँका कुनै व्यक्तिविशेषसित मेरो सम्वन्ध पनि भएन र भाव/भाषाको कुनै आदानप्रदान पनि भएन । अशिक्षित भुटानीसँग स्थानीय भाषा र शिक्षितहरूसित अङ्ग्रेजी भाषामा पनि कुरा गर्न नसक्ने भएकीले मेरो मित्रता अरू कसैसित हुन पाएन । म त आफ्नो सानो परिवारसित नै रमिरहें र त्यहाँको दृश्यावलोकनमै हराउन थालें ।

अलि भावुक प्रकृतिकी भएकीले मलाई कृत्रिम सौन्दर्यले कहिल्यै आकृष्ट गरेन । ठूल्ठूला सहरबजार, घर कहीं घुम्न मन लागेन । मलाई शान्त वातावरण, नदी, सागर, पहाड, जङ्गल यस्तै प्राकृतिक स्थल मन पर्छ । यो मेरो एकाकी स्वभाव पनि हुन सक्छ । यसैले मलाई भुटानले मज्जाले अँगाल्यो ।

यस्तैयस्तै भावप्रवाहले मलाई उडाएर फेरि कताकता लग्न थाल्यो । अब म आफ्ना अतीतका दृश्यहरूमा गएर उभिन थालें । मेरो चेतनाले भूतकालका लामा वाटाघाटाबाट तान्दै पचास वर्ष पुराना विस्मृतिलाई जाग्रत तुल्याएर आफ्ना बाल्यावस्था, किशोरावस्था, युवावस्थातिर अनायास तान्न थाल्यो ।

म आठ-दश वर्षकी छँदा मेरो देश, वातावरण (मेरो स्वच्छ देश नेपाल) अनि आफ्नै अगाडि कलकल गरेर बगेकी निर्मल वाग्मती जसको जल त्यहाँका वासिन्दाहरूले निर्धक्क पिएको दृश्य मेरो चेतनाले औंल्यायो । सम्पूर्ण स्वच्छ सुन्दर दृश्य बटुलेर अहिले देखेको भुटानसित सामञ्जस्य गर्न थाल्यो । वरिपरिका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ठूल्ठूला मसलाका रूख, शान्त सफा सडक, मेरो सानो राजधानीलाई छोपेर उभिएझैं उभिएका ती हरिया सघन जङ्गल तथा शुद्ध, शान्त जलधाराहरू, शान्त वातावरणलाई भङ्ग गर्ने चेष्टाले चहचहाइरहेका चराका मधुर आवाज ! म भुटानमा हराउदै गएँ, टोलाउँदै गएँ, आफ्नो देशको परापूर्व मर्मान्त पीडा बोकेको सम्झनाका खण्डहरहरूमा । अनि मैले विस्तारै प्रश्न गरें आफैंसित- के मेरो देश पनि यस्तै थिएन त ? अहिलेको भुटानजस्तै, यस्तै रम्य थिएन ? शुद्ध थिएन ? शान्त थिएन ? अहिले के भो ? कसले वाग्मतीलाई मैल्यायो ? कसले आर्यतीर्थ, आर्यघाटलाई छुन नसक्ने तुल्यायो ? म विह्वल भएँ, आफ्नो जननी जन्मभूमिलाई सम्झेर मेरा आँखाहरू रसाएर बग्न थाले ।

के हामीले आफ्नै दुर्बुद्धि तथा अकर्मण्यताद्वारा नै आफ्नी आमाको दुर्गति तुल्याएको होइन त ? मेरो हृदयमा प्रश्नैप्रश्नको ताँती लाग्न थाल्यो । आफ्नै अकर्मण्यताले इज्जत त गएको होइन ? के हाम्रै स्वार्थपरायणताको अत्याचारले नै आमाको रक्त सुकेको त होइन ? अनि अनायास मेरो हातले कलम समात्यो र मलाई लेखायो । सायद कल्पनाको रङ्गमा रङ्गायो । म आफैं नेपाल-आमा बन्न थालेको जस्तो पनि मलाई लाग्यो । अब मैले के लेखें, त्यो सबै यसमै छ । म कति कल्पनामा दौडिएँ, कति यथार्थमा धुनिएँ, कति भावनाको अथाह जलमा पौडिएँ, त्यो मलाई थाहा छैन ।

❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्रीकृष्णको रासलीला : एक दृष्टि

श्रीकृष्ण परम आत्मा हुनुहुन्छ । अनि सम्पूर्ण जीवन मात्रको आत्माकार वृत्ति नै रास हो । भगवान्‌की आह्लादिनी शक्ति गोपीहरू हुन् । श्रीकृष्णमा यिनीहरूको धाराप्रवाह अनन्त प्रेम नै रास हो । आत्माको परमात्मासित अखण्ड तैलधारावत् मिलन नै रास हो । प्रत्येक योगीको ध्यानस्थ अवस्थामा नित्य आत्मरमण भइरहेको हुन्छ । अझ भनूँ, यस जगत्‌मा सम्पूर्ण जीवन, चराचर परमात्मामा रमण गरिरहेकै छ । यस कारण सम्पूर्ण जगत् नै रासमण्डल हो र सबैमा आत्मा र जीवको रमण भइरहेकै छ ।

यस कारण भगवान्‌को वाहिरी कथालाई मात्र हेरेर श्रीकृष्णको चरित्रलाई बुझ्न असम्भव छ, सम्भवै छैन । हाम्रा प्रत्येक धर्मशास्त्रका कथाहरूमा दोहोरो अर्थ छिपेको हुन्छ । एक साधारण सरल श्रद्धालु भक्तहरूका निम्ति, एक कर्मिष्ठ कर्मप्रधान रजोगुणी मनुष्यहरूका निम्ति, अर्को विशिष्ट ज्ञानी तत्त्वमुखी-वेदान्तमुखी वेदान्तवादीहरूका निम्ति तथा अर्को अहैतुकी प्रभु-समर्पित श्रेष्ठ भक्तविशेषहरूका निम्ति । यसरी छानिँदै गरेर शुद्ध वनेको पिउने पानीजस्तै मनुष्यको पनि अन्तरावस्था हुन्छ । अनि त्यहीअनुरूप अर्थ र सार पनि प्रतिपादित हुँदै जान्छ ।

यस कारण शास्त्रकार महापुरुषहरूले व्यक्तिको अन्वेषणद्वारा नै कर्म र भावज्ञानको व्याख्या गरेको देखिन्छ । यसरी विचार गर्दा भागवतमा सर्वश्रेष्ठ मानिएका गोपिनीहरूलाई शारीरिक मोह र सांसारिक निम्न सम्बन्धको दृष्टिले हेर्न मिल्छ ? .रासको समयमा श्रीकृष्ण आठ-नौ वर्षको मात्र हुनुहुन्थ्यो । भगवान्‌प्रतिको गोपीप्रेम नैसर्गिक र अलौकिक थियो । यसलाई बुझ्न हामीले निकै भक्तिशास्त्र अध्ययन र मनन गर्नुपर्छ । यही लौकिक दृष्टि लिएर श्रीकृष्ण-कथालाई हेर्नु महान् अज्ञानता हुन्छ ।

यसरी सर्वश्रेष्ठ भक्तिमती गोपिनीहरू र श्रीपरम सच्चिदानन्द परमात्माप्रति पनि निम्न खालको शारीरिक तुच्छ प्रेमको दृष्टि राख्नु अन्याय मात्रै नभएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

महान् अपराधसमेत हो । आजका 'आधुनिक' युवक-युवतीहरूले आफ्नो अज्ञानताको नाश गर्न धेरै श्रवण-मनन गर्नु आवश्यक छ ।

धर्मशास्त्र पनि सम्पूर्ण सारतत्त्वले भरिएको भागवतशास्त्रलाई मानिन्छ । अठार पुराणका रचयिता व्यासजीलाई कुनै शास्त्र लेखेर पनि शान्ति प्राप्त भएन । मन झन्झन् अशान्त र चञ्चल बन्दै गयो । कुनै आनन्द मिलेन । आखिरमा नारदद्वारा अभिप्रेरित भई व्यासजीले भक्ति, ज्ञान र वैराग्यले ओतप्रोत यो महान् शास्त्र रचना गर्नुभयो । यस कारण यसमा सबै शास्त्रको सारतत्त्व संयोजित छ ।

परन्तु भागवतभक्ति प्रधान छ, भक्तको प्राण छ, कृष्णावतार नै प्रेमावतार हो जस्तो लाग्छ । पहिलेका तपस्वीहरूलाई ईश्वरावतारबारे अवतार लिनुभन्दा पहिले नै अन्तर्ज्ञान प्राप्त भइसकेको हुन्थ्यो । यस कुराको पुष्टि प्रत्येक शास्त्रमा पाइन्छ । श्रीरामावतारका अरण्यवासी मुनीश्वरहरूलाई पनि रामावतारको पूर्वज्ञान थियो । यस कारण उहाँहरूले श्रीराम-दर्शनहेतु योगाभ्यासद्वारा आफ्नो शरीर धारण गरेर श्रीरामको प्रतीक्षा गर्नुभएको थियो । राम वनवास जानुभयो, परन्तु रामले आफ्नो मर्यादा भङ्ग हुने हुनाले र क्षत्रिय मर्यादाको रक्षानिम्ति ऋषिहरूलाई आफ्नो पादस्पर्श गर्न दिनुभएन । यसको फलस्वरूप उहाँहरूको वासना शेष रह्यो, मुक्तिमा वाधा पऱ्यो । यो कुरा प्रभुलाई थाहा थियो । यस कारण ती सम्पूर्ण ऋषिहरू गोप र स्त्रीसमाज गोपी बनेर श्रीकृष्णावतारमा गोकुल तथा वृन्दावनमा जन्म लिए, अनि श्रीकृष्णस्वरूप भागवत-माधुर्यमा तल्लीन बनेर परमात्मामै लीन बने, मुक्त भए ।

अव विचार गरौं, यस्ता तपस्विनीहरूमा वासना र निम्नस्तरको कामना शेष रहेको थियो र ? यो पवित्र गाथामा लौकिक दृष्टि राख्नु अघोर पाप वृद्धि गर्नु मात्र हो । श्रीकृष्णावतारको महारासमा श्रीसदाशिवजीको पनि समाधि भङ्ग भएको थियो । केही गरे पनि शिवलाई समाधि लागेन । पछि शङ्कर पनि स्त्रीरूप लिएर रासमा प्रवेश गर्नुभयो । अद्यापि वृन्दावनमा गोपेश्वरको नाममा प्रसिद्ध भएर रहनुभएको छ । यस मूर्तिलाई भस्मधारी, त्रिपुरारि शिवरूप मानी विहानविहान रुद्रीद्वारा पूजापाठ गरिन्छ र वेलुका पूरै नारीरूपमा शृङ्गार गरिएको हुन्छ । रासमा जान उद्यत शिव-स्त्रीरूपले सुशोभित बनेको दर्शन हुन्छ । यसरी विचार गर्दा रासको महिमा अवर्णनीय छ । आत्मानुभूति-वृत्ति नै गोपीहरू हुन् ।

❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वृन्दावन परिक्रमा

तीर्थयात्राका नाममा हिमशैल, शिखर, पहाड, पर्वत, गुफा, अनेकन् सुन्दर स्थानमा रहेका मूर्तिको कष्टसाध्य दर्शन गर्नु, अनेकानेक शैली र कलापूर्ण देवमन्दिरहरूको अवलोकन गर्नु, नदीनाला, सरोवर, कुञ्जदेखि सागरपर्यन्तमा स्नान गरेर शारीरिक पवित्रता र आन्तरिक विशुद्धताको अनुभव गर्नु हिन्दू धर्ममर्यादाभित्रको कुरा हो ।

यस क्रममा परापूर्वकालदेखि चलिआएको संस्कारले डोऱ्याएर हो वा अन्तर्निहित भगवत्-भावनाले ब्युँझाएर, धेरैजसो पुरुष र नारीमा तीर्थभ्रमणको प्रवल इच्छा भएको पाइन्छ । कतिपयले तीर्थाटन गरेको देखिन्छ पनि । व्यवहारको वोझ अलिकति घटेपछि, वृद्धावस्था अनुभव हुन थालेपछि अनि नश्वरताको बोधले आफूलाई पिरोल्न थालेपछि मानिसलाई कहाँ के छ, केमा शान्ति छ, अनि केमा सत्य छ भनेर सोच्न मन लाग्दो रहेछ । कहाँ आनन्दको सानो अनुभूति पाइन्छ भनेर व्यक्ति सचेत भएर यताउता दृष्टि दिन थाल्छ । यसकै प्रतिफल मानिसलाई घुम्न मन लाग्छ । यस्तो लाग्नु अस्वाभाविक पनि होइन ।

वर्णाश्रम व्यवस्थावारे विचार गर्दा वानप्रस्थ आश्रमको पूर्वावस्था परिव्राजकत्व नियमभित्रको कुराजस्तो देखिन्छ । तीर्थयात्रा गृहस्थाश्रम अन्त्य र वानप्रस्थाश्रम सुरु गर्नुभन्दा केहीअगाडि गर्नुपर्ने शास्त्राध्ययनद्वारा ज्ञात हुन्छ ।

यस अवस्थामा पुग्दा मनुष्य अन्तश्चेतनाले दार्शनिक बन्न खोजिरहेको हुन्छ । आफ्ना प्रियभन्दा प्रिय व्यक्तिको वियोग, भोगिएका इच्छावाट असन्तुष्टि, भोगको तीव्र इच्छा अनि इच्छाको प्रतिकूल प्राप्ति, कहिले तृप्त नहुने विषयलालसा, भोग्न वाँकी अन्तर्निहित इच्छा-आकाङ्क्षाको खिचातानीमा मनुष्य निर्वल र व्यामोह भएर टोलाएको देखिन्छ ।

भूतका सम्पूर्ण निस्सारताको अनुभूति हुन थालेको हुन्छ । यस्तै अवस्थामा प्रत्येकलाई केही नयाँ अनुभव, नयाँ विचार, नयाँ ठाउँ, नयाँ वातावरण, नयाँ सङ्गत र नयाँ अनुभवको खाँचो पर्छ अनि स्वस्थ मनस्थितिका निम्ति पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

एकान्तको परम आवश्यकता परेको हुन्छ। यस्तै मनोभावनावाट व्युँझिनकै निम्ति भगवत्-चेतना तथा तीर्थको मर्यादा आरम्भ भएको जस्तो मलाई लाग्छ। तीर्थयात्रा चाहे जसरी नै सुरु भएको होस् तर सवै गएकै पाइन्छ।

तीर्थयात्रा श्रीरामले पनि गर्नुभएको थियो। तीर्थयात्रावाट फर्केपछि श्रीरामलाई प्रवल वैराग्य प्राप्त भयो। फलस्वरूप राजकाज, चहलपहल, उद्यान, महल, रसरङ्ग सवैप्रतिको आकर्षण हट्यो। खालि एकान्तमा निश्चल विचारमा तल्लीन, उदास श्रीरामलाई देखेर राजदरबारमा खलबली मच्चियो। राजा दशरथलाई ठूलो चिन्ता पऱ्यो। यो देखेर राजपुरोहित वशिष्ठजीलाई ज्ञानयोग उपदेश गर्न डाकियो। धेरै दिन लगाएर उहाँले श्रीरामलाई ज्ञानयोगको उपदेश गर्नुभयो। यो शास्त्र पछि 'योग वाशिष्ठ' का नामले संसारमा प्रख्यात भयो।

कृष्णावतारमा वलदेवजीले पनि तीर्थाटन गर्नुभएको छ। उहाँले गरेको तीर्थको प्रस्ट उल्लेख श्रीमद्भागवतमा छ। साथै तीर्थयात्रीका निम्ति पथप्रदर्शकका रूपमा अहिले प्रत्यक्ष प्रमाणित भएको छ। वलदेवजीलाई कौरव र पाण्डव-युद्ध निश्चित भएपछि महान् नरसंहार हुन लागेको देखेर, त्यो पनि आफ्नै दाजुभाइका सन्तान आपसमा लडेको दारुण दृश्य हेर्न मन लागेन र वैराग्य लिएर उहाँ तीर्थतिर लाग्नुभयो। त्यस्तै ज्ञानी विदुरजी पनि महाभारतको अनर्थ रोक्न केही गर्दा पनि आफू असफल भएपछि गृहस्थाश्रम त्यागेर तीर्थाटनतिर लाग्नुभएको प्रस्ट देखिन्छ। यी सवैलाई दृष्टिगत गर्दा जीवनको दोस्रो अवस्थामै तीर्थको इच्छा मनुष्यमा उठेको पाइन्छ।

साँच्ची नै विवेक-विचार पुऱ्याएर तीर्थ भ्रमण गर्ने हो भने मनुष्यले अवश्य ज्ञान र भक्ति प्राप्त गर्न सक्छ, तर सबै कुरामा त्याग र तपस्याको आवश्यकता छ। नियमभित्रका तप-अभ्यास-वैराग्य, स्वाध्याय-सन्तोष-सौख्य-ईश्वर प्राणिधान– यी सबै मर्यादाको पालन गरेर तीर्थ गर्नुचाहिँ सही तीर्थसेवा हुन सक्छ। अरू केही नभए पनि तितिक्षा त नचाहे पनि तीर्थयात्रामा अवश्यम्भावी हुन्छ। यो नै तीर्थको एक महत्त्वपूर्ण कुरा पनि हो। आफ्नो घरमा बसेर वेलावेला आहार-विहार, शयन, शरीरको अत्यधिक विचार गर्ने र शरीरलाई नै 'म' भन्ने व्यक्तिले तीर्थको दुःख र कष्ट सहन गर्न सक्दैन। त्यसैले तीर्थको मर्यादा र विवेक प्राप्त गर्न कदापि सक्दैन।

शारीरिक सौख्यको स्थान तीर्थाटनमा छैन। शारीरिक तपस्या गरेर शीतोष्ण सुखदुःखवाट वैरागिएर भगवत्-भावनामा चुर्लुम्म डुब्नु र मानसिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

संयमद्वारा त्यसमा रम्नु नै तीर्थको सही अर्थ हो । वास्तवमा देवदर्शन गौण हो । मानसिक शान्ति, वैराग्याभ्यासको उपक्रम नै तीर्थको पहिलो सोपान हो ।

तीर्थाटनमा घरको जस्तै खानपिन र भोग्य वस्तु उपभोगको खोजी गर्ने हो भने त्यसलाई, मेरो विचारमा चाहिँ, तीर्थयात्राको संज्ञा दिन मिल्दैन । हाम्रो हिन्दू-सभ्यताभित्रको तीर्थ-मर्यादा र पश्चिमी पर्यटकहरूको देश-विदेश भ्रमण, सुन्दर दृश्यावलोकन, प्राकृतिक सौन्दर्य खोज्ने अभीप्साबीच आकाश-पातालको अन्तर छ । हिन्दू धर्मको तीर्थभ्रमण आत्मोन्नति र ज्ञान-वैराग्याभ्यासको पहिलो सिँढी हो । यसको प्रक्रिया अवश्यमेव आत्मासित सम्बन्धित छ ।

यस्तै विचारवाट प्रेरित मेरो चित्तले पनि तीर्थभ्रमणको इच्छा गऱ्यो र एक-दुई वर्ष गरेर केही तीर्थभ्रमण गरायो । तर जे विषयमा जति अगाडि बढ्यो, गहनतातिर लाग्यो उत्ति नै उसको यथार्थता र गहनताको वोध बढ्दो रहेछ र उसको लगाव पनि चित्तमा पर्दै जाँदो रहेछ । भगवत्-रस र सांसारिक रस सबै त्यस्तै रहेछ । मनुष्य-मस्तिष्क जता तान्यो उतै तानिने रहेछ ।

तीर्थकै क्रममा एक-दुई व्यक्तिबाट मैले वृन्दावन चौरासीको वर्णन सुनेकी थिएँ । महात्मा र ब्रह्मचारीहरूको आयोजनामा यो व्रजयात्रा प्रत्येक वर्ष कार्तिक महिनामा उठ्ने कुरा सुनेकीले म पनि सहभागी हुने निश्चय गरेर दुई-तीन साथीहरूको खोजी गर्दै थिएँ । मेरो हृदय हर्षित थियो र दृढनिश्चयात्मक पनि । जे भए पनि नगई छाड्दिनँ भन्ने हौसलाले हृदय व्याप्त थियो । श्रीकृष्ण जन्मभूमि मथुरा, लीलाभूमि गोकुल वृन्दावन, नन्दगाउँ, श्रीराधाजीको जन्मभूमि वर्षाना यो सबै सम्झनाले मात्रै पनि म हर्षित, प्रफुल्लित र उत्प्रेरित थिएँ । कुनै भय, त्रास र बाधा मेरा अगाडि पर्न सक्दैनथे ।

मैले एक-दुई मात्र साथी लिएर जाने चेष्टा गर्दागर्दै एक हूल साथीहरू "म पनि, म पनि" भन्दै मेरा अगाडि आउन थाल्नुभयो । अस्वीकार गर्नु पनि धर्मविरुद्ध भयो । अनि तेह्र जना नारीहरूका साथ हामी कार्तिक १२ गते बेलुका छ वजे बसद्वारा सुनौलीतिर लाग्यौं ।

बिहान करिव ७ वजे भन्सारअगाडि पुग्यौं । साथीहरूले ठूल्ठूला गुन्टाका साथै निकै लुगाफाटा बोक्नुभएको रहेछ । यसले तेह्र जनाको सामान प्रशस्त देखिएकाले कर्मचारीहरूले अनेक कुरा गरेर दुःख दिने उपक्रम गर्न लागे । हिन्दुस्तानमा यो त कुनै आश्चर्यको विषय पनि थिएन । पचास रुपैयाँको माग गर्दै थिए तर केहीवेरको विवादपछि कुरा टुङ्गियो र हामी अगाडि वढ्यौं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

एउटा एक्सप्रेस वसमा वसेर लखनउका लागि प्रस्थान गऱ्यौं । दिनभरिको यात्रापछि वेलुका १० बजे लखनउ वस-विसौनीमा हाम्रो हूल उभियो । त्यहाँ बुझ्दा रेल पनि मथुरा छुटिसकेको र रातिको वस पनि नभएकाले हामी सवै जिल्ल पऱ्यौं । कसैले दिल्ली जाने र त्यहाँबाट आगरा जाने कुरा पनि गरे । तर मैलेचाहिँ एक रात रेलवे प्लेटफार्ममा बिताएर भोलिपल्ट जानु नै उचित देखें । त्यसै गर्ने व्यवस्था भयो । राति त्यहीं गुजाऱ्यौं । विहान विसौनीमा दुई घण्टा पर्खंदा पनि बस आएन । जिल्ल परेर यताउति वस्यौं ।

केहीवेरपछि यताउति घुम्दै थियौं, एक जनाले नजिकै आएर सोध्यो- "तपाईंहरू कहाँकहाँ जाने ?" वृन्दावन उत्तर पाएपछि उसले भन्यो- "त्यसो भए तपाईंहरू यहीं वस्नुस्, म बस बन्दोवस्त गर्छु । मलाई पनि पितामाता लिएर वृन्दावन जानु छ । भोलि नै भाइटीका भएकाले आज नपुगी हुन्न ।"

यति भनेर ऊ कता हरायो, धेरैवेरसम्म हामी वसिरह्यौं । तर ऊ आएन । पछि यताउता सोधपुछ गर्दा थाहा भयो– चुनावमा केही गोलमाल भएकाले वृन्दावनको वस हडताल भएको रहेछ । हामीलाई पनि त्यो दिन नपुगे परिक्रमा हुने थिएन । त्यसैले सवैको अनुहारमा चिन्ताको रेखा खिचिएको थियो, तर केही उपाय थिएन चुप लागेर पर्खनुसिवाय ।

केही घण्टापछि ऊ फेरि आयो र भन्यो- "चिन्ता नगर्नुस् । जसरी भए पनि म आज एउटा बस वृन्दावन नलगी छाड्दिनँ ।" पछि हामीलाई थाहा भयो– ऊ कन्डक्टर रहेछ । यस्तै परिस्थितिमा पाँच घण्टा बित्यो अनि ऊ आयो वस लिएर । हामीहरूको मन आनन्द भयो र बसमा वसेर प्रस्थान गऱ्यौं ।

दिनभरिको यात्रापछि वेलुकी १० वजे मथुरा पुगियो । त्यहाँ वृन्दावनको वस खडा देखिएकाले हतार गर्दै चढ्यौं र करिव ११ बजे वृन्दावन पुग्यौं ।

त्यहाँ एक परिचित नेपाली परिवारको घरमा गएर भित्र मात्रै के पसेका थियौं, घरकी गृहिणीले भनिन्- "यसपालि परिक्रमा नहुने भएको छ, तपाईंहरू वुझेर मात्र आउनुपर्थ्यो । चालीस वर्षदेखि परिक्रमा चलाएर आउनुभएका वैष्णवदासजीले यसपालि देह त्यागनुभएकाले नहुने भएको हो ।"

यो सुनेपछि मलाई साह्रै दिक्क लाग्यो । उत्साह, कल्पना, भावना र भक्तिको पहाडै चकनाचूर भएर मेरा अगाडि खसेजस्तो भयो । अनि आत्मग्लानिको सरोवरमा मेरो अस्तित्व नै बिलाएर शून्यमा परिणत भएको अनुभव भयो । सवै खाना खान लागे, तर मलाई केही गर्न पनि मन लागेन । ओछ्यानमा गएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पल्टिएँ । ओढ्नेले मुख छोपेर अन्तर्यामीसित आफ्नो व्यथा पोख्न थालें ।

'यो के भयो प्रभु ? सत्कर्ममा यस्तो विघ्न किन ? कति कुरा मिलाएर गृहवन्धनलाई त्यागेर प्रभुको दर्शननिम्ति नै कत्रो सङ्घर्ष गरेर यहाँसम्म आएँ । परिक्रमा नै नहुने भयो भने त साह्रै दु:खको कुरा हुन्छ । रक्षा गर्नुहोस् नाथ, जसरी भए पनि परिक्रमा नरोकियोस् । यस्तो पुण्य कर्ममा उद्यत मनले निराश भएर कदापि फर्किन नपरोस् ।'

यस्तै प्रलाप गर्दागर्दै थाहा छैन म कुन वेला निदाएँ । भोलिपल्ट सल्लाह भयो– जे होस्, आज वृन्दावन तीन कोसको परिक्रमा मात्रै भए पनि गरिहालौं । यहीबमोजिम जमुना स्नान गरेर परिक्रमातिर लाग्यौं । फर्कंदा बाटो त्यही पर्दो रहेछ जहाँबाट परिक्रमा सुरु गरिन्छ । क्षीण आशा थियो तैपनि भइहाल्छ कि भन्ने । मैले भित्र पसेर सोधें- "महाराजजीको परिक्रमा नहुने नै भयो ?"

त्यहाँ बसेका एक वृद्धले मेरा कुरा सुनेर भन्नुभयो- "नहीं वहिनजी, परिक्रमा अवश्य होगी, यह रुकेगी नहीं, आप निश्चिन्त हो जाइए । अन्दर जाकर हरिदासजी से बात पक्की कर लिजिए ।"

यो सुनेपछि मेरो हर्षको ठेगान रहेन । कारण जेसुकै होस्, तर मलाई भने आफ्नै प्रार्थना सफल भएको अनुभव भयो र आनन्दमग्न भई डेरातिर लागें । त्यहाँ पुगेर खाना खायौं र हामी चार जना पैसा वुझाएर कुरा पक्का गर्न फेरि त्यही ठाउँमा गयौं । त्यहाँभित्र एक वृद्ध ब्रह्मचारी खाटमा वस्नुभएको रहेछ । मैले सवै कुरा गरें । उहाँले भन्नुभएअनुसार पैसा वुझाएपछि नामको लिस्ट हेरेर सोध्नुभयो- "चारुशीला कौन है ?" मैले आफ्नो परिचय दिएँ ।

उहाँले भन्नुभयो- "आप लोग तेरह हैं । इसमें एक ग्रुप मुखिया होना आवश्यक है, आप वनिये ।" मैले अस्वीकार गर्न खोज्दाखोज्दै साथीहरूले स्वीकार गरिदिनुभयो र म चुप लागें । फर्किंदा हामी हाँस्दै फर्कियौं । फर्किंदा म अग्रणी ठहरिएँ ।

वाहिर निस्कँदा एक व्यक्तिले भने- "कल आप लोग पाँच वजे से पहले आ जाना और सामान भी लेकर आना, क्यों कि पर्सो तो सवेरे से ही परिक्रमा निकलेगी ।" यति कुरा भइसकेपछि मेरा मनमा एउटा कल्पना उठ्यो– हामी तेह्र जना छौं, सवैले एकै रङ्गको लुगा लगाएर परिक्रमा गर्न पाए कस्तो हुन्थ्यो होला ? अनि मैले आफ्नो मनोभावना साथीहरूसित निवेदन गरें । उहाँहरू सवैले मेरो विचारलाई सहर्ष स्वीकार्नुभयो । म हर्षित भएँ । हामी सवै वजारतिर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लाग्यौं । एकै रङ्गको सिल्कको बीचमा पहेंलो र किनारमा रातो भएका साडी लियौं । साथै रामनामी पनि ।

भोलिपल्ट उपयुक्त ठाउँमा हामी सवै उपस्थित भयौं तर निक्कै ढिलो भएछ । साँझबत्ती पनि वलिसकेको थियो । यात्रीहरू खचाखच, भरिभराउ थिए । मेरा साथीहरूमध्ये सायदै कसैले यस्तो ठूलो भीड देखेका थिए । यसैले सवै डराएका र तर्सेका थिए अनि सबैमा चिन्ताको रेखा र त्रासको चिह्न देखिन्थ्यो, तर मलाई भने डर-त्रास केही थिएन । उमङ्ग र हर्षोल्लासले हृदय व्याप्त भएको थियो । जे होस्, सवैले ओछ्यान लगायौं र पल्टियौं ।

भोलिपल्ट विहान चार वजेदेखि नै यात्रीहरूको खलबल र चहलपहल थियो । त्यही हूलमा मिसिंदै गयौं । त्यस बेला हामीलाई केही पत्तो नभए पनि हाम्रो एकनासको परिधान निक्कै भव्य देखिएछ । पछि हामीलाई अरू यात्रीहरूले भने । हुन पनि चार हजारको जनसमुदायवीच हाम्रो के अस्तित्व हुन्छ भन्ने ठान्नु ! तर आफ्ना साथीलाई पत्ता लगाउन भने साह्रै सजिलो भएको थियो ।

यसपछि गोरे दाउजीको विशाल प्राङ्गणमा अगाडि वसेर एक आकर्षक व्यक्ति आफ्नो सुमधुर स्वरमा भक्तिरसले ओतप्रोत आनन्ददायी भजन गाउन थाल्नुभयो । करिव सात फुट अग्लो स्वस्थ व्यक्ति ब्रह्मचारीको वेशमा वीचमा वस्नुभएको थियो । अरू सहयोगीहरू वरिपरि बसेर उहाँलाई साथ दिइरहेका थिए । स्थानाभावमा कोही उभिरहेका थिए भने कोही वसेका पनि थिए । दर्शक समुदाय भगवत्-भावनामा तल्लीन देखिन्थ्यो । हामी पनि एक कुनामा उभिएर हेर्दै थियौं । एक कार्यकर्ताले आएर भने- "तपाईंहरू पनि अब गएर भजनमा सम्मिलित हुनुहोस् । अब सामान हाम्रो जिम्मा भइसक्यो ।"

यो सुनेर हामी सवै नजिकै गएर बस्यौं । हाम्रा निम्ति त्यहाँको प्रत्येक कुरा नौलो थियो । करिव एक घण्टाको उक्त कार्यक्रमपछि एक वृद्ध महात्मा त्यहाँ पदार्पण हुनुभयो । उहाँको भव्य आकृतिबाट नै दर्शक समुदायमा हर्षको सागर उर्लिएको जस्तो देखिन्थ्यो ।

त्यसपछि एउटा सिंगारिएको सानो टोकरीमा वालगोपालजीको मूर्ति वोकेका साना ब्राह्मण बालक उठे । उनका साथै एक भव्य पहेंलो जरीले सिंगारिएको श्रीराम लेखेको झन्डा बोकेका हँसिला ब्रह्मचारी युवक प्रस्थानको आज्ञापालनमा उन्मुख वनेर उभिरहेका थिए । अनि महात्माले एक संस्कृत श्लोक उच्चारणका साथै प्रस्थानको आज्ञा दिनुभयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हूल उर्लियो, झन्डा अगाडि बढ्यो । भगवान् वोकेका ब्राह्मण बढे । त्यसपछि श्रीगुरु वैष्णवदासजीको तस्विर अगाडि लाग्यो । क्रमशः गायक र नृत्यमण्डली अनि अगाडि वढ्ने प्रत्याशा वोकेका यात्रीहरू उर्लिए । हामी पनि त्यसमै मिसिएर किचिँदै, थिचिँदै अगाडि बढ्दै गयौं । यसमा हाम्रा सवै साथीहरू छरिए । कोही अगाडि पुगे भने कोही साह्रै पछाडि परे, पहिलो दिन कति हिँड्ने कहाँ पुग्ने केही थाहा थिएन । त्रास केही मात्रामा सवैको मनमा थियो ।

त्यो दिन वृन्दावनका सवै मन्दिरहरूको दर्शन गराएर भीड मथुरा पुगिसकेछ, पत्तै भएन । विहानको शुभमुहूर्तमा शीतल वनको स्पर्शले प्रत्येक यात्रीलाई उल्लसित गराइरहेको थियो । मथुराको श्रीकृष्ण मन्दिरको सुन्दर प्राङ्गणमा पुगेर यात्राले विश्राम लियो अनि त्यहाँ निकैवेर नृत्य र भजन-कीर्तन पनि भयो । विडलाको त्यो मन्दिर साह्रै राम्रो रहेछ । त्यसपछि मथुराको प्रसिद्ध भूतेश्वर महादेवको दर्शन भयो ।

त्यस दिन मथुरामा नै रात्रिविश्राम गर्ने वन्दोवस्त रहेछ, विशाल खेतबीच पाल टाँगिएको थियो । यसका वीचमा मण्डप निर्माण भएको थियो, जहाँ लगेर श्रीभगवान्लाई विश्राम गराएर झन्डा उभियो । हामी नौला छरिएका साथीहरूलाई हेर्दै थियौं, अनि उनै भव्य व्यक्तिले नजिकै आएर भन्नुभयो- "चारुशीलाजी, आपका टेन्ट नम्वर तेरह पड गया है, आप स्वयं ढूँढ लिजिए, सामान का फिक्र छोड दिजिए, क्यों कि वह यहीँ पर आ जाएगा ।"

म आफ्नो पालको खोजीतिर लागें । सवै जम्मा भएपछि सामान लिएर पालभित्र पस्यौं । त्यस दिन मेरा साथीहरूसित भीषण वादविवाद पनि पर्‍यो । कारण पछाडि पर्नेहरूको अगाडि बढ्नेहरूसित गुनासो थियो ।

यस्तै क्रमले हामीहरू घुम्दै गयौं । दिन-प्रतिदिन नयाँ ठाउँ, नयाँ बस्ती, नयाँ गाउँ, मन्दिर, सरोवर, वनजङ्गल, खेत,ससाना पहाड, जहाँ राधाकृष्णको पदपङ्कजको स्पर्श थियो । ती स्थान अनेक चरित्रले विभूषित थिए । त्यहाँ चराचुरुङ्गी, मयूरहरूको आवाजमा पनि तीव्र वेदना झल्केको अनुभूत हुन्थ्यो र हृदयविदारक वियोगको अनुभूतिले व्याकुल पार्थ्यो । लाग्थ्यो– सायद भर्खरै यहाँवाट कृष्ण मथुरा जानुभएको हो । वृन्दावनमा व्याकुल राधाको करुण पुकार चारैतिर व्याप्त भएझैं मलाई लाग्यो । श्रीकृष्णविरहको मार्मिक वेदना त्यहाँ अहिले पनि त्यस्तै छ जस्तो कृष्णावतारका वेला थियो । शान्त वातावरणमा मार्मिक वेदना, वियोग अहर्निश गुन्जिरहे जस्तो अनुभव मैले गरें ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मलाई लाग्दै गयो कि सायद त्यसैले प्रत्येक प्रेमभक्तिमा निमग्न भक्तशिरोमणिहरूले अन्त्यमा वृन्दावनमै गएर आफ्नो कृष्णवियोगको मार्मिक अनुभूतिलाई अझै साकार तुल्याउन चेष्टा गर्नुभएको रहेछ र विरह-वेदनाको तीक्ष्ण अनुभूतिलाई साकार तुल्याउन सक्षम बनेर श्रीकृष्णप्रेममा एकाकार अवस्था प्राप्त गर्नुभएको रहेछ। चरम अवस्थामा प्रेम र प्रेमी भक्त तथा भगवान् अवश्य नै एक वनेको हुन्छ। द्वैत कदापि रहन सक्दैन। वियोगको तीव्र अनुभूतिविना संयोग सम्भव छैन।

त्यस्तैमा त्यहाँको शून्यतालाई चिर्दै हाम्रा लक्ष्मणशरणजीको सुमधुर स्वरलहरी गुन्जिइरहन्थ्यो र सवैलाई मन्त्रमुग्ध तुल्याइदिन्थ्यो। त्यही मधुर भावमय स्वरको श्रवणमा तल्लीन वंन्दै हाम्रा गोडाहरू अनायास अगाडि लम्किरहेका हुन्थे। यसरी नै त्यहाँको सर्वभाव राधाकृष्णमय भइरहेको हुन्थ्यो।

वाह्र-एक वजे प्राय: निवासस्थानमा पुगिन्थ्यो। त्यस दिनको प्याकेज गरेर सवै जना विश्राम गर्दथे। तर मलाईचाहिँ अन्त:भावनावाट ब्युँझिन पटक्कै इच्छा लाग्दैनथ्यो। म श्रीमद्भागवतको किताप लिएर पालबाट निकै टाढा कुनै रूखमुन्तिर गएर वस्दथें र भागवतमा आफूलाई डुवाइदिन्थें। अपराह्न तीन वजेदेखि फेरि मण्डपको कार्यक्रम सुरु हुन्थ्यो।

अयोध्यावाट आउनुभएका वृद्ध महात्मा सत्यनिष्ठ विधानले मीठो प्रवचनद्वारा सवैलाई एकाग्र तुल्याइदिनुहुन्थ्यो। त्यसपछि भक्त मालीको कथा अनि सात वजे आरती। आरती सकेर नित्य रामायणपाठ, अन्त्यमा भजन-नृत्य हुन्थ्यो। यस्तै क्रममा रातको एक पनि वज्दथ्यो। तर कसैलाई निद्राको अनुभव हुँदैनथ्यो। यस्तै तवरले यी अमूल्य दिनहरू वित्दै जान्थे। भोलिपल्ट कोही नैष्ठिक वैष्णवहरू दुई वजेदेखि नै आफ्नो पूजापाठ, होमतिर लाग्नुहुन्थ्यो। तर हामीचाहिँ तीन वजे उठेर आफ्नो नित्यकर्म सकेर मण्डपमा जाँदा साढे चार वज्दथ्यो। सामानको चिन्ता थिएन, वोरामा वाँधेर छोडिदिए पुग्थ्यो। कसैको सानो थैलो र रुमाल, चोलो खसेको पनि मण्डपमा जम्मा हुन्थ्यो। त्यत्रो हूलमा न कसैको केही हराउँथ्यो न त कसैले कसैलाई सताउँथ्यो।

त्यहाँका प्रधान व्यक्ति हरिदासजी महाराज साह्रै शान्त, मृदुभाषी, निरभिमानी, सरल र दयालु हुनुहुन्थ्यो। उहाँ आफ्नो पालभित्रवाट वीचवीचमा 'हरे कृष्ण राधेराधे' भन्नुहुन्थ्यो अनि त्यही स्वरमै सवैले 'हरे कृष्ण हरे कृष्ण राधेराधे' भनेर एकैपल्ट दोहोऱ्याउँथे। यो तुमुल ध्वनिले वातावरण रङ्गाइदिन्थ्यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

र कृष्णचेतनामा निमज्जित गराइदिन्थ्यो । पहिलेपहिले त हामी उहाँसित टाढाटाढा नै थियौं । कम बोल्ने हुँदा सबैलाई धक लाग्दथ्यो । उहाँ भित्र मन्दिरमै धेरैजसो बसिरहनुहुन्थ्यो । उहाँको दर्शन पनि दुर्लभ नै थियो । भित्र पस्ने केही काम पनि थिएन र सङ्कोच पनि लाग्दथ्यो । कारण त्यहाँ धेरैजसो नवागन्तुक विशिष्ट व्यक्तिहरू, ब्रह्मचारीहरू नै बस्नुहुन्थ्यो । तर हामी जतिजति अगाडि बढ्दै गयौं उति नै उहाँको दयालुता, साधुता, मधुरता र स्नेहिलताको परिचय प्राप्त गर्दै गयौं र त्यही मधुरताभित्र डुब्दै गयौं ।

कहिले यस्तै क्रममा दिनको अन्त्य र रात सुरु भएको पनि होस हुँदैनथियो । बिहान चार या पाँच बजे बालगोपालजीलाई जागा गराइन्थ्यो । उही चिरपरिचित आवाज घन्किथ्यो– "जागो नन्द कुमार दुलारे, जागो नन्द दुलारे जागो ।" यस आवाजले प्रत्येक यात्रीमा नयाँ जोस, नयाँ स्फूर्ति र आनन्दको वर्षा गराइदिन्थ्यो अनि नयाँ प्रेरणा प्राप्त अनुभूतिले सबैलाई उल्लसित र उत्साहित तुल्याइदिन्थ्यो ।

उहाँको व्यक्तित्व साँच्ची नै सारगर्भित थियो । सबै सधैं उहाँलाई खोजिरहेका हुन्थे । उहाँ सबैका साथी, सबैका स्नेही तथा सबैका मित्र हुनुहुन्थ्यो । परिक्रमाको सम्पूर्ण कार्यभार र अभिभारा पनि उहाँमै हुन्थ्यो । हरेक यात्रीका सुखदुःखका साथी र महान् कार्यकर्ताका साथै सर्वप्रथम उहाँ एक सन्त हुनुहुन्थ्यो । खास भनूँ भने उहाँको आवाज र भजनमा सच्चा भक्तिभाव र कृष्णप्रेमको एक जादु मिसिएको थियो । कहिले यस्तो मीठो मार्मिक भजन गाउनुहुन्थ्यो कि अनायास आँखाबाट अश्रुधारा बग्दथ्यो । कहिल्यै नसकिने र नरित्तिने टेपरेकर्डजस्तो उहाँको भजन-क्षमता थियो, अहर्निश बगेको नदीको धारजस्तै ।

जबजब कुनै कार्यवश उहाँ हूललाई छाडेर अदृश्य हुनुहुन्थ्यो, त्यस बेला सबैलाई थकाइ र भोकले सताएको अनुभव हुन्थ्यो ।

फेरि लक्ष्मणशरणजी उच्च कद र स्फूर्तिलो तथा हँसिलो अनुहारमा आएर उभिनुहुन्थ्यो । त्यो चार हजारको हूलमा कहिल्यै कोही बिरामी हुन्थे, कोही ज्वरोले निस्लोट लडेका भेटिन्थे । कोही राधाकृष्णको प्रेमभक्तिमा मूर्च्छित भएर चेतनहीन, असमर्थ, मरणासन्नझैं बाटामा लडिदिन्थे । तिनीहरूलाई समातेर, केही नलागे उचालेर, बोकेर जसरी भए पनि निवासस्थानसम्म पुऱ्याउने अभिभारा पनि उहाँकै थियो । यस्तैयस्तै काममा परेर कहिलेकाहीं उहाँ हूलबाट अदृश्य हुनुहुन्थ्यो । कहिले भने आफ्नू आनन्दमा निमग्न खेतबीच सागबारीमा लम्पसार परेर आफ्नो उपर्नाले ढाकिएर मस्त निद्रामा सुतेको पनि भेटिनुहुन्थ्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अनि सवैको नेत्र विस्फारित भएर एकैपल्ट आवाज निस्कन्थ्यो– "ऊ लक्ष्मणशरणजी ! ऊ लक्ष्मणशरणजी ! ऊ लक्ष्मणशरणजी !"

परिक्रमामा हिंड्न त केही कठिन थिएन तर खाली खुट्टा हिंड्ने अभ्यास नभएकाले सवैका पैतालाको छाला गएको थियो । मलाई त गोडाको सुकुमारीपन देखेर रिस पनि उठ्दथ्यो । तर के गर्नु, सवैभन्दा छिटो रगत बग्नेमा म नै थिएँ । जे भए पनि भगवत्-प्रेरणा र श्रीकृष्णप्रेमले हृदय ओतप्रोत बनेको हुनाले रगत बगे पनि मानिसहरू हिंड्दै थिए । भगवान्को जन्मभूमि, लीलाभूमि, अनेक विचित्र दर्शनीय ठाउँ हेर्दै हामी चौरासी कोसको परिक्रमा गर्दै थियौं । श्यामढाक जहाँ श्रीकृष्णले दही चोरेर कदमका पातको दुना गाँसेर आफ्ना साथीहरूलाई ख्वाउनुभएको थियो, त्यस स्थानका केही कदमका रूखमा पात अझसम्म दुनाको आकारमा पलाउँदो रहेछ । यो देखेर हृदय रोमाञ्चित भएर आउँथ्यो । त्यस्तै एक ठाउँमा श्रीराधाजीलाई भगवान्ले ढुङ्गामा गाजल लगाई सिँगार्नुभएको थियो रे । त्यस ढुङ्गामा अझै पनि गाजल औंलामा लाग्दछ रे भन्ने सुनियो तर निकै टाढा भएकाले हामीले हेर्ने सौभाग्य पाएनौं ।

त्यस्तै प्रसिद्ध कदम वन जो साह्रै रमणीय स्थान छ । खोह जहाँको नाम नै खोह छ । कारण त्यहाँबाट गोपिनी समूहलाई छाडेर भगवान् हराउनुभएको रे भन्ने अद्भुत कथा छ । अर्को तीर्थराज प्रयागको पापमोचन भएको स्थान विमलकुण्ड जसको वर्णन यो सानो लेखमा सम्भव छैन । अनि श्रीराधाजीको जन्मभूमि वर्षानाको उच्च भवन तथा नन्दगाउँ, साकरी खोरी, वर्षानाबाट गोपवालिकाहरू दही बेच्न मथुरा जाने बाटो जहाँ श्रीकृष्ण आफ्ना साथीहरूलाई दही ख्वाउनुहुन्थ्यो र साथै आफू पनि खानुहुन्थ्यो ।

त्यहाँ पुगेको दिन बेलुका यात्रीहरूलाई सम्बोधन गर्दै कार्यकर्ताहरूले भन्नुभयो- "भोलि विहानै साकरी खोरी गइनेछ, सवैले दही बोक्नुहोला ।"

यो सुनेर हामीहरू पनि एकएक हन्डीमा दही लिएर तयार भयौं । हामी नयाँ यात्री भएकाले केही थाहा थिएन । मनमा थियो यो दही लगेर त्यहाँको कुनै कृष्णमूर्तिमा अर्पण गर्ने होला । यही विचारले दही बचाउँदै हामी सवै विस्तारै अगाडि बढिरहेका थियौं । प्रयत्नपूर्वक दही जोगाएर बल्लबल्ल साकरी खोरी के पुगेका थियौं, एक्कासि हामी सबैको दही कसले लुटेर लग्यो विलकुलै पत्तो पाइएन । हामी जिल्ल परेर आफैं हाँस्न पो थाल्यौं । यस्तै विशाल चन्द्रसरोवर जहाँ बालगोपाल सूरदासजीका अगाडि आएर मस्त भजन सुनेर वस्नुहुन्थ्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस्तै अनेकौं तीर्थ जहाँको रज नै भक्तहरूका निम्ति प्राणभन्दा पनि प्यारो थियो । अनि रमण रेती जसको वर्णन असम्भव छ ।

जसले कृष्णलीलामृत आस्वादन गरेको छ, कृष्णप्रेमाकृतको मधुरिमा चाखेको छ अनि कृष्णविरह पीडाको अनुभव गरेको छ, त्यसका निम्ति वृन्दावन अलौकिक छ, अद्वितीय छ । अझै सो रज त्यत्ति नै महान् छ, त्यत्ति नै पवित्र छ । अझ सबैलाई कालचक्रले ध्वस्त पारे पनि भगवान्को चरणस्पर्श रज त अवश्यमेव अहिले पनि त्यहाँ छ ।

मलाई टुटेफुटेको मन्दिरमा भन्दा बढी स्नेह-भावना विशाल खेतमा, रूखमुन्तिर, तलाउमा, कुण्डमा, विशाल सरोवरमा तथा शून्य एकान्तमा चराहरूको आवाजमा उर्लेको थियो । श्रीकृष्णानुभूतिको सामीप्य बोधले, मुग्ध विरहले मरणासन्न अवस्थामा ती अझै लम्पसार परेर लडेका थिए । त्यो सडक अहिले पनि छ र त्यही भावनालाई साकार तुल्याउँछ । यहाँका लताकुञ्जले ज्ञान-गर्वले उन्मुक्त वनेर आउनुभएका उद्धवलाई प्रेमको आँसु बगाएर भक्ति-महानताको अनुभूति दिलाएर कृष्णविरहमा ओतप्रोत पारेका थिए ।

हुन त व्यापक, समष्टि रूपमा हेर्दा जगत् नै राधाकृष्णमय छ । राधाकृष्णविना जगत्को अस्तित्व नै छैन । प्रकृति र पुरुष पनि राधा र कृष्ण हो, कहीँ बाँकी छैन, सर्वत्र व्याप्त छ । तर भाव कहिले हृदयबाट उठेर वाहिर र कहिले वाहिरबाट अन्तर्निहित हुने कुरा हो । भक्तले भगवान्लाई जुनसुकै भावले पनि प्राप्त गर्न सक्छ यदि उसको भावनामा सत्यता र प्रेम छ भने ।

यस्तो महिमामय वृन्दावनमा म जीवनको अन्तिम क्षणमा मात्रै पुगें । यसमा भने मलाई निक्कै खेद पनि छ । सायद अहिले पनि श्रीकृष्णको अनुग्रहले नै मैले वृन्दावनको दर्शन गर्न पाएँ । तीर्थ, केही दर्शन पाए पनि यस्तो भगवत्-भावना र आह्लादचाहिँ कहीँ पाएकी थिइनँ । भगवान्को विग्रहदर्शनले र पुण्य स्थानको प्राप्तिले आनन्दमग्न भएर अन्तर्मुखी बनें ।

ईश्वरमा निमन्त्रित वन्नुजस्तो कुरा त आफ्नो अन्तस्करणबाटै स्फुरण हुने हो तर बाहिरबाट, जनसमूहबाट र व्यक्तिविशेषको हृदयबाट छचल्किएर आफूलाई मुग्ध तुल्याएर आत्मविस्मृत तुल्याउनेजस्तो शक्ति वृन्दावनलाई छाडेर कहीँ पाएकी थिइनँ र सायद अव फेरि कहीँ पाउने पनि छैन । यसको श्रेय वृन्दावनको रजकण, जमुनाजल, भक्तपादस्पर्शलाई जान्छ । अनेक साधुशिरोमणि तथा साधनासम्पन्न सिद्धिप्राप्त साधु-सन्न्यासीले घेरिएको र संरक्षण गरिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्रज चौरासीको महिमा अद्वितीय छ। यसको सम्पूर्ण आनन्द व्यक्त गर्न सक्ने मेरो सामर्थ्य छैन। मैले रामकृष्ण महाप्रभुले व्रजयात्रा गर्नुभएको कुरा 'रामकृष्ण वचनामृत' भन्ने किताबमा पढेकी थिएँ र वृन्दावनमा पुगेर उहाँमा भएको भाव तथा प्रेममा निमन्त्रित अवस्थावारे बुझेकी थिएँ।

त्यस्तै श्रीचैतन्य महाप्रभुको जीवनीमा उहाँले पनि वृन्दावनमा गर्नुभएको यात्रावारे सुनेकी र पढेकी थिएँ। उहाँ आफ्ना भक्तमण्डलीका अगाडि भावविभोर भई प्रभुमय तदाकार विस्मृत बनी नाच्दै हिँड्नुभएको थियो। त्यो तस्विर सदैव मेरो मानसपटलमा चलचित्र भाँति रहिरहेको थियो। यसपालिको व्रजयात्राले मलाई लाग्यो– मैले पनि श्रीचैतन्य महाप्रभुका पछाडि उहाँकै भक्तहरूका वीचमा तन्मय तदाकार हिँडेर परिक्रमा सम्पन्न गरें। अहिले पनि यस सम्झनाले हृदय रोमाञ्चित हुन्छ।

आखिर संसारको सुखदुःख सबै क्षणिक छ। यो महान् आनन्द पनि सकियो। यो पवित्र यात्राको पनि त एउटा सीमा थियो। कालको घेराभित्रका सम्पूर्ण कुराहरू एक दिन सकिन्छन्। त्यसरी नै यो यात्रा पनि अन्त्यतिर पुग्यो। सत्ताइस दिनको यात्रा दुई दिनजस्तो गरेर बित्यो। हामी फर्कियौं। सवैभन्दा पछि गोकुल, गोकुलबाट मथुरा फेरि भूतेश्वर महादेवको दर्शन गरेर यात्रा टुङ्गियो र उही गोरे दाउजीको विशाल आश्रमको प्राङ्गणमा प्रविष्ट भयौं।

भोलिपल्ट वृन्दावन अन्तरिम प्रार्थनाको नियम चौरासी यात्रामा रहेछ। फलस्वरूप भोलिपल्ट एक दिन फेरि बाँकी रहेछ भनेर सवै हर्षित भए। यो सवैको अन्तिम यात्रा थियो। सबैको परिचय बढिसकेको थियो। हरेक यात्रीको मन विह्वल वनेको थियो र वियोग-दुःखले सबैको अन्तस्करण व्याकुल थियो।

एक दिन भए पनि सँगै हिँड्न बाँकी रहेछ भनेर सवैलाई खुसी लाग्यो। विहान सवेरै यात्रा सुरु भयो। जमुनाजीमा सवैले स्नान गरी भजन-कीर्तन गर्दै पाँच कोसको अन्तरिम परिक्रमा भयो। श्रीकृष्णको एक मन्दिरमा त्यस दिनको बालभोग तयार रहेछ। सबै यात्री खानतिर लागे। त्यही वेला लक्ष्मणशरणजीले मलाई वोलाउनुभयो र भन्नुभयो- "चारुशीलाजी, आज से परिक्रमा खतम हुई। हम लोग वक्सर रामविहार में जा रहे हैं। वहाँ का रामविवाह देखने लायक है। वहाँ भी वडेवडे महात्मा लोग आते हैं। उनका दर्शन तथा प्रवचन का आनन्द भी आपको प्राप्त होगी। आप चलिए, कल यहाँ से एक वस जा रही है। मैंने सात टिकट रखे हैं।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मैले भनें- "हम लोग तो तेरह हैं, आपको तो मालूम ही है, फिर सात से कैसे काम चलेगा ?"

एकछिन गम्भीर भएर उहाँले भन्नुभयो- "तव ठीक है, मैं जिस तरह से भी आपको तेरह टिकट दिलवा दुँगा । आप लोग अवश्य चलिए ।"

'महाराजजी, मैं अभी हाँ नहीँ कह सकुँगी," मैले भनें- "क्यों कि मुझे साथीयों से भी परामर्श और विचार करना पडेगा । दो-चार घण्टे के बाद मैं फिर आपसे अवश्य मिलुँगी ।"

"देखिए इसमें आपको वहुत तरह से अच्छा होगा, क्यों कि आप लोगों के लिए रास्ता भी सीधा होगा । फिर आप लोग अकेले भी हैं, इधर से लौटने में वहुत दिक्कत पडेगी," उहाँले फेरि भन्नुभयो- "इसके अलावा प्रयाग-स्नान, विश्वनाथ-दर्शन, अयोध्याजी का दर्शन का भी आपको लाभ होगा । पीछे हम आपको सुनौली वस में विठा देंगे ।"

मलाई कुरा साह्रै ठीक लाग्यो । सर्वप्रथम हामी तेह्र जनालाई फर्किन त्यति सजिलो पनि थिएन । वृन्दावनको धार्मिक भावना र लखनउ, गोरखपुरमा निक्कै फरक पर्दथ्यो । मलाई साह्रै आनन्द र सजिलोसित पुगिने विश्वास भयो अनि आफ्ना सवै साथीहरूसित कुरा गरें । उहाँहरू पनि सहमत हुनुभयो । यसपछि यात्रा फेरि आश्रममा पुगेर टुङ्गियो । भोलि वक्सर जानका निम्ति हामीले पनि टिकट लियौं । बाह्र जना बक्सर जाने भयौं । एक साथीलाई मिलेन र उहाँ सोझै काठमाडौं फर्किने नेपाली यात्रीहरूसित फर्किन ठीक हुनुभयो ।

भोलिपल्ट हामी वसवाट वक्सर रामविहारका निम्ति प्रस्थान गर्‍यौं । वसमा भजन-कीर्तन सुरु भयो । अति आनन्दमग्न यात्री यात्रा गरिरहेका थिए । भोलिपल्ट विहान करिव आठ वजे हामी प्रयागराज पुग्यौं । त्यहाँ पुगेर नाउँमा वसी त्रिवेणी स्नान भयो । त्यहीँ नै बालुवामा ग्याँस बालेर रोटी-तरकारी वनाएर व्रह्मचारीजी र यात्रीहरूलाई भोग गराउनुभयो । त्यतावाट फेरि हामी काशी विश्वनाथको दर्शननिम्ति अगाडि बढ्यौं । राति १० बजे बनारस पुगियो । पहिले सङ्कटमोचन, दुर्गाजी दर्शन गर्‍यौं । युनिभर्सिटीस्थित बस्ने ठाउँ पाइएन । १२ वजे वीचसडकमा सवैलाई ओरालेर ओछ्यान, दरी विछ्याएर हरिदासजी वीचमा वस्नुभयो । यात्रुलाई कष्ट भयो भनेर उहाँ चिन्तित हुनुभयो ।

यो देखेर मैले भनें- "महाराजजी, यहाँ किसी को भी कष्ट नहीँ है और मुझे तो आनन्द का अनुभव हो रहा है क्यों कि आप लोग जो साथ में हैं । हम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लोग सुखी और खुस हैं, आप बिलकुल चिन्ता न किजिए। साधुओं के साथ होने से तो जङ्गल में भी मङ्गल होता है, फिर हम तो काशीनगरी में हैं।"

मेरो कुरा सुनेर उहाँ हाँस्नुभयो। यस्तैमा ग्याँस झिकेर शिरोमणिजी र वालकदासजीले चिया बनाउनुभयो। विहानको परौठा र चिया दिनुभयो। सवैको पेट एक वजे राति काशीको बीचसडकमा भरियो। जङ्गलमा मङ्गल साँच्चिकै भयो। केहीवेरपछि उहाँहरूले एउटा मारवाडीका घरमा लगेर सबै यात्रुहरूलाई विश्राम गराउनुभयो। भोलिपल्ट गङ्गास्नान भयो तर बस ड्राइभरले गर्दा विश्वनाथजीको दर्शनचाहिँ साह्रै हतार र मुस्किलसित प्राप्त भयो।

बनारसवाट हामी बक्सर पुग्यौं र रामविहार मण्डपमा सम्मिलित भयौं। त्यहाँका महात्मा श्रीमन्नारायणजी अद्भुत व्यक्ति हुनुहुँदो रहेछ। उहाँमा सर्वगुणसम्पन्नता रहेछ। विद्वान्, कर्मठ, गायक, आशुकवि, नृत्य कुशल, रसिक, हँसमुख, नम्र– उहाँको सर्वतोमुखी व्यक्तित्व देखेर म चकित भएँ। मलाई उहाँ साह्रै ज्ञानी र निष्काम भक्तजस्तो लाग्यो। उहाँले बक्सरलाई दोस्रो जनकपुर र आफूलाई स्वयं जनक सिद्ध गराइसक्नुभएझैं मलाई लाग्यो। सीताजीसित नै आफूलाई एक अभिन्न नातामा आवद्ध गरेर भैयाजी र मामाजी नाताले परिचित उहाँ एक विशिष्ट व्यक्ति हुनुहुँदो रहेछ।

बक्सर सहर गङ्गाकिनारमा रहेछ। यहीं विश्वामित्रले राम-लक्ष्मणलाई लिएर आउनुभएको यज्ञभूमि तथा तीर्थभूमि रहेछ। यहीं ताडका र सुबाहुको वध भएको र मारीचलाई पनि योजन पर पुऱ्याएको रहेछ। श्रीशिव-पार्वतीको साह्रै मनोहर मूर्ति, रामसीताको मन्दिर, ताडका र सुबाहु सबैका विद्युत्द्वारा सञ्चालित मूर्तिहरू हेऱ्यौं।

भोलिपल्ट अद्भुत सीताराम विवाहको दर्शन गरियो। बेलुकी बरियाँतसित साह्रै रमाइलोसित सहर परिक्रमा गर्दै आनन्दमग्न राम-विवाहोत्सव मनायौं। चार दिनको यो महोत्सव सकियो। अब हामीहरूको त्यतावाट पनि फर्किने दिन आयो। यतिका दिनको सत्सङ्ग, साधुसङ्गम, भगवत्-भावना तथा भगवत्-गुणकीर्तनले ओतप्रोत सबैको चित्त एकैपल्ट छुट्दा मनलाई खिन्नता र दुःखले छुनु अस्वाभाविक पनि थिएन।

पहिले त हरिदासजी र लक्ष्मणशरणजी पनि अयोध्या गएर वृन्दावन फर्किने कुरा थियो तर त्यहाँ कार्यक्रम बदलिएछ र उहाँहरू कोलकाता जाने र बाँकी यात्रुहरू अयोध्या गएर वृन्दावन फर्किने निश्चय भएछ। कुनै भक्तको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रार्थनामा वाध्य भएर यस्तो भयो भनेर आखिर समयमा मात्र हामीले थाहा पायौं । तर उहाँले आफ्ना मानिसलाई सम्झाएर हामीलाई वसमा चढाई सवै वन्दोवस्त मिलाइदिनू भनेर आदेश दिनुभयो । "उहाँहरूलाई कुनै कुराको अप्ठ्यारो नपरोस्, दुःख नहोस्, एक्लै नछोड्नू, सवै मन्दिर घुमाइदिनू" भनेर अह्राउनुभयो । अनि साह्रै ममता गरी आशीर्वाद र प्रसाद दिएर विदा दिनुभयो । सबैलाई आफ्नै पिताजीको काखबाट फर्किन लागेको अनुभव भयो । आखिरमा भन्नुभयो- "यो आश्रम तपाईंहरूकै हो, जहिले इच्छा लाग्छ, जति दिन वस्न मन लाग्छ आएर बस्नुहोस्, हामी सदैव तपाईंहरूको स्वागतमा तत्पर रहनेछौं ।"

"धन्य समदर्शी सन्त, धन्य सन्तचरित्र, धन्य सन्तमहिमा र धन्य सन्त-जनसमुदाय !" भन्दै हामी केही खिन्नता र केही आनन्द लिएर आँसु पुछ्दै त्यतावाट विदा भयौं । राति १२ वजे नै वस छुट्यो र दिउँसो १ बजेतिर अयोध्या पुऱ्यायो । त्यहाँ स्नान र वस्ने ठाउँको वन्दोवस्त मिलाएपछि साँझ हामी सवैलाई मन्दिर दर्शन गराइयो ।

पुरानो श्रीराम-जन्मभूमि र अलिक पर नयाँ श्रीराम-जन्मभूमिको पनि दर्शन भयो । रात्रिविश्राम गरियो । भोलिपल्ट विहानै सरयूको स्नान गरेर हामी प्रस्थान गर्न तत्पर थियौं । त्यही वेला यात्रीहरूलाई चिया नपिलाई पठाउँदैनौं भनेर चिया ख्वाउनुभयो । दिउँसो वसमा खान भनेर खानासमेत वनाई हालिदिनुभयो । अनि अङ्कमाल गरेर आँसु वगाउँदै विदा गर्नुभयो । चिरपरिचित साथीहरूको जस्तो भावना देख्दा अचम्म लाग्यो ।

अनि बालकदासजी र शिरोमणिजीले हामीलाई वस चढाइदिनुभयो । हामी सन्तजनहरूको सत्सङ्गवाट सदाका निम्ति छुट्टियौं । यो यात्रा सर्वतोभावेन टुङ्गियो । यो जीवनको अभूतपूर्व यात्रा थियो । तीर्थयात्रा सधैं गरे पनि वृन्दावन वृन्दावन नै रहेछ । त्यहाँ अहिले पनि त्यस्तै श्रीकृष्णप्रेम रहेछ । कृष्णावतार नै प्रेमावतार मानिएको छ । श्रीकृष्ण प्रेममय र प्रेमस्वरूप नै हुनुहुन्छ । श्रीकृष्णावतार त्रेताका सम्पूर्ण भक्तलाई समेट्ने ध्येयले दुष्टसंहार तथा साधुरक्षार्थ भएको सर्वविदितै छ । वृक्ष, लता, कुञ्जदेखि सम्पूर्ण चराचर कृष्णावतारमा तृप्त भएका थिए र तिनले मुक्ति प्राप्त गरेका थिए । कोही अतृप्त र अपूर्ण थिएनन् । कोही प्रेमले, कोही द्वेषले, कोही शत्रुताले आखिर सवै कृष्णमय भएका थिए ।

❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्यापक प्रेम : निष्काम भक्तिको रूप

मेरा विचारमा प्रेमको व्यापकता नै ईश्वर-भक्तिवाट सुरु हुन्छ। मनुष्य-चेतनाको विकासपछि सवैभन्दा महत्त्वपूर्ण उपलब्धि मनुष्यमा अन्तर्निहित प्रेमशक्ति प्रस्फुटन हुनु हो। यसबारे हामीले आफ्नै वरिपरि अवस्थित जीवन-जगत्का दृश्य-अनुभवहरू विचारपूर्वक हेरे थाहा हुन्छ। परिवारमा प्रेम पाएर, स्नेह पाएर हुर्केका व्यक्ति र प्रेमविहीन परन्तु प्रशस्त वैभवमा अनेकौं सुख-सुविधा पाएर हुर्केका व्यक्तिकै तुलनात्मक अध्ययन गरी हेरे पनि यथार्थ थाहा पाइन्छ।

पर्याप्त भौतिक सुख पाएर पनि वालजीवन प्रेमविहीन अवस्थामा हुर्केको व्यक्ति पछि गएर कठोर रिसाहा, झोक्की, निर्मम, अत्याचारीसमेत भएको देखिन्छ। कसैकसैको त मानसिक अवस्था विकास हुन नसकेको तथ्यसमेत पाइएको सुन्न, पढ्न पाइन्छ।

यसविपरीत वरु निर्धन आमावावुको काखमा अपूर्णता र दु:ख-कष्ट सहेर भए पनि प्रेम, स्नेह र माया पाएर हुर्केको व्यक्ति वुद्धिमान्, ज्ञानी, गुणी, सुशिक्षित, सुसंस्कृत, प्रेमी, सवैलाई दया गर्ने भई पूर्ण मनुष्यको दृष्टान्त वन्न समर्थ भएको देख्न पाइन्छ।

प्रेम ईश्वर-सृष्टिको अवश्य नै एक अमूल्य कुरा हो। प्रेम सम्पूर्ण चराचरमा व्याप्त छ। कीटपतङ्गदेखि जीव-जनावरपर्यन्त सवैमा प्रेम व्याप्त छ। तर यस्तै प्राकृतिक प्रेमको घेरालाई वढाउँदै लैजाँदा सवैभन्दा चेतनशील मनुष्यको प्रेम महान् छ, जसमा विवेक सन्तुलन गर्नसक्ने शक्ति छ र यसलाई नियन्त्रण गर्न सक्ने क्षमता पनि।

यस्तै, आफ्नो सानो वैयक्तिक घेरावाट उम्केर मनुष्य-प्रेम विशाल विश्वको समष्टि स्थलतिर पनि फैलिन सक्छ। परिवारमा सीमित प्रेम अनि समाजमा फैलिएको प्रेम, त्यसपछि देशमा व्याप्तिएको प्रेम र अन्त्यमा 'उदार चरितानां तु वसुधैव कुटुम्वकम्' को चरम शिखरमा उभिएको महान् प्रेम।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अब प्रेमको जुन अवस्थावारे म यहाँ केही भन्न खोजिरहेकी छु, त्योचाहिँ अझै भिन्नै खालको हो । त्यस प्रेमका वारेमा बुझ्न चाहनेले अलि अन्तर्मुखी र केही उदार हुनु आवश्यक हुन्छ । यहाँ उल्लेख गर्न खोजिएको प्रेम व्यक्तिगत साँघुरो घेरामा बाँधिएर रहेको विवशतावशको मोह होइन, न त स्वार्थसाधना नै हो ।

स्वार्थी प्रेम मनुष्यको शारीरिक प्यासको क्षणिक पाशविक पिपासा हो । यो स्वार्थमा अडेको हुन्छ, स्वार्थ सिद्ध भएन भने क्षणभरमै द्रोहमा परिणत भइदिन्छ अनि घृणा र शत्रुताको रूप लिन पनि बेर लाग्दैन । यस्तै प्रेमको नाममा गरिएको मोहले नै संसारमा वैमनस्य फैलाउँछ । यसलाई प्रेम भन्न मिल्दैन, यो मोहको कालो जालो मात्र हो र यो प्रेमको प्रकाश नजिकसम्म पनि जान सक्दैन ।

निःस्वार्थ प्रेम हामीले आफ्नै नजिकको कुनै व्यक्तिप्रति नै पनि गर्दै गयौं भने केही मात्रामा भए पनि सत्य प्रेमको आनन्दावस्थाको झलक पाउनेछौं भन्नेमा कुनै शङ्का छैन । यस्तै पवित्र उदार प्रेमको संसर्ग पाएर एउटा अलौकिक अमूर्त प्रेम सुरु हुन्छ । यस्तो प्रेमको नाम नै भक्ति हो । यो प्राप्त भए जीवनको छटपटी शान्त हुन्छ, तृष्णा हराउँछ, अप्राप्तिको इच्छा मर्दै आशा र सङ्ग्रहवृत्ति बिलाउँछ । अनुहारमा चम्किलो प्रकाश झल्किन थाल्छ र आफैंमा सन्तुष्ट, पूर्ण अनि तृप्त भएको हुन्छ ।

अनि भक्तिको मार्मिक आह्लाद र ज्ञानको सत्य प्रकाश दुवै उसको सामु पर्न थाल्छ । तर्कप्रधान व्यक्ति भए ज्ञानको खोजी गर्दै अन्ततः 'अहं ब्रह्मास्मि' को स्थितिमा पुग्छ । सरल र भावप्रधान व्यक्ति भने भक्तिमा उन्मुख बनेर क्रमशः उतैतिर बढ्न थाल्छ ।

प्रेमको व्यापकता ईश्वरसँग बाहेक अन्यत्र कहीं हुन सम्भव छैन । ईश्वर-प्रेम भन्नु नै समग्रप्रतिको प्रेम हो । सम्पूर्ण चराचर, विश्वब्रह्माण्डलाई एकसूत्रमा बाँधेर ईश्वरमय देख्ने महान् अखण्डित भाव । सम्पूर्ण जगत् आफ्ना आराध्यका रूपमा झल्किन थाल्नु नै भक्तिको पराकाष्ठा हो । यस्तो स्थितिमा कहाँ घृणा, कहाँ द्रोह, कहाँ वैमनस्य, के ईर्ष्या, कसले कहाँ के स्थान पाउने ! यस्ता सहृदय प्रेमीहरू सदैव सांसारिक माया-मोह, चिन्ता-शोकवाट धेरै टाढा प्रभु-प्रेममा निमग्न आनन्दातिरेकमा बाँचेका हुन्छन् । यस्ता व्यक्ति समूहमा रहेर पनि एक्लै हुन्छन् भने एक्लै भएर पनि विश्वप्रेममा गाँसिएका हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस्ताको मानसिक उद्‌गार निस्किन्छ–

कणकण में है मुक्ति तुम्हारी
किरणकिरण में हास तुम्हारा ।

यस्ता भक्तको दर्शन अमूल्य हुन्छ जसको अन्तस्करण महान् र पवित्र वनिसकेको हुन्छ । यस्तो महानताका सामु स्वार्थपरायणता क्षुद्र र नगण्य हुन थाल्छ । व्यक्तिप्रेरक प्रेम एक थोपा जलविन्दु हो जो जहाँ खस्यो त्यहीँ सुक्छ । अनि एउटा सानो जलविन्दु समुद्र पनि हो जो आफैंभित्र गुम्सिँदैन मात्र, वरिपरि आतङ्क पनि फैलाइरहेको हुन्छ ।

मेरो अनुभवमा मायाका सांसारिक मूलभूत आधारहरू हुन्– प्रत्येक प्रेम गर्नेले दोस्रोवाट केही चाहिरहनु, मागिरहनु र आफ्नो उपयोगको एक पात्रका रूपमा देख्नु तथा उसबाट केही प्राप्त नभए उपेक्षा, घृणा, क्रोध, द्रोह, द्वेषमा परिवर्तित हुनु ।

चाहनु मात्रमा स्वार्थको गन्ध हुन्छ । चाहना वाँचुन्जेल त्याग कदापि अगाडि आउन सक्तैन । चाहना सकिएपछि मात्रै त्यागले बिस्तारैबिस्तारै पाइला अगाडि सार्छ अनि मात्र सच्चा प्रेमको वाटो सुरु हुन्छ ।

प्रेमीको खुसीनिम्ति सम्पूर्ण समपर्ण गर्नुपर्छ । यतिसम्म कि आफ्नो अस्तित्वको पनि विस्मरण । त्यस्तो प्रेमको महान् वर्णन श्रीराधाको व्याख्यानमा प्रशस्त पाइन्छ जहाँ कृष्णको नाम मात्रै सुन्दा पनि श्रीराधाको अस्तित्व कृष्णमय भएको हुन्थ्यो । यो त भयो टाढाको कुरा, अचेलकै कतिपय व्यक्तिले पाँच हजार वर्षअघिको कृष्णजन्म वेदव्यासको कपोलकल्पित कथा हो भन्ने धृष्टता गरेकोसम्म सुनिन्छ । तर गम्भीरतापूर्वक विचार गरे यो सत्य हो, परम सत्य । श्रीरामकृष्ण परमहंसले यसलाई प्रमाणित गरिदिनुभएको छ । उहाँ संसारलाई भक्ति-पराकाष्ठाको ज्वलन्त उदाहरण दिएर प्रभु-प्रेममा अन्तर्निहित हुनुभयो ।

उहाँलाई यतिसम्म हुन्थ्यो कि कसैले राम या कृष्ण मात्रै भनिदिँदा पनि, कहीँ हिँड्दाहिँड्दै, कहीँ खाँदाखाँदै भाव-निमञ्जित असंप्रज्ञात समाधिमा हराउनुहुन्थ्यो । उहाँलाई व्युँझाउन चेलाहरूलाई मुस्किल पर्दथ्यो । उहाँको वहिर्मुखी अवस्थाको प्रतीक्षा गर्दै निकैबेर पर्खिरहनुपर्दथ्यो ।

यस्तै प्रेमीहरूको कथा मनुष्य-मनुष्यप्रति पनि यदाकदा देखिन्छ । निःस्वार्थ, अनन्त सत्य र अपरिवर्तनशील मनुष्य-प्रेमको अलौकिक झलक मातृत्वमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाइन्छ । यसबाट हामी प्राकृतिक प्रेमको शुद्धता र महानताको केही अनुभव गर्न समर्थ हुन्छौं ।

यस्तो उच्च तहको प्रेमबाट ईश्वर-भक्ति सुरु हुन्छ । जसले बिनाआशा, विनाआकाङ्क्षा निरन्तर प्रेमरूपी झरना बगाएर त्यसैमा निमग्न बनिरहन्छ, यस्तै अवस्थालाई अलौकिक भन्न सकिन्छ । निःस्वार्थ प्रेमको उपमाका लागि वृक्ष पनि केही मात्रामा उपयुक्तजस्तो लाग्छ मलाई । किनकि यसले फूल फुलाएर, फल फलाएर, घाम र वर्षामा छहारी बनेर, आखिरमा हाम्रै आवश्यकतानिम्ति काटिएर, जलेर, गोल (अँगार) र खरानी बनेरसमेत हामीलाई मौन, निःस्वार्थ, निश्चेष्ट प्रतिक्षण केही न केही दिइरहेकै हुन्छ ।

यस्तै सर्वसमर्पण नै भक्ति हो । आफ्ना आराध्यका निम्ति आत्मोत्पीडन, वियोग, दारुण्य, भक्त-हृदयमा खुसी, आनन्द, विषाद, अन्तर्मुखी अवस्थामा व्याप्ति नै रहन्छ भनेको सुनिन्छ । साथै अनुभव पनि गरिन्छ । ऊ यस्तै अवस्थामा एक्लै हाँस्छ, एक्लै वोल्छ, एक्लै नाच्छ । उसलाई लौकिक आँखाले वुझ्न गाह्रो पर्छ, चिन्न मुस्किल हुन्छ । उसले सम्पूर्ण जगत् प्रेममय देख्छ र अकारण नै आनन्दानुभूतिले उसको व्यष्टिबोध हराएर समष्टिमा लीन हुन्छ ।

यस्तो स्थितिमा पुगेका भक्तको समर्पणका निम्ति श्रीमद्भगवद्गीतामा भगवान् आज्ञा हुन्छ–

यत्करोषि यदस्नासि यज्जुहोषि ददासि यत् ।
यत्तपस्यसि कौन्तेय तत्कुरूस्व मदर्पणम् ॥

तर ईश्वरलाई प्रेम गर्न सजिलो छैन । सर्वप्रथम ईश्वर-अस्तित्वप्रति विश्वास उब्जनै गाह्रो पर्छ । ईश्वरानुभूत गर्न अन्तर्मुखी बन्नुपर्छ, तर अन्तर्मुखी वन्न पनि सजिलो छैन । यो दृश्यजगत्ले प्रत्येक व्यक्तिलाई आफैंप्रति आर्कषित गराइरहन्छ । सांसारिक वैभव र भौतिक सामग्रीप्रति लोभ्याइरहन्छ । अनि प्रत्यक्ष देखिएको जगत्लाई छाडी नदेखेको, प्रत्येक वस्तुभित्र लुकेर बसेको ईश्वरको अस्तित्व-ज्ञानतिर बढ्न साह्रै गाह्रो छ । अनेक जन्मको पुण्य र संस्कारले मात्र व्यक्ति ईश्वरलाई प्रेम र अनुभूत गर्न सक्छ । जीवनको प्रत्येक क्षणमा यस्तो प्रतीति भयो भने अनायासै व्यक्ति भक्तिप्रति अग्रसर हुँदै जान्छ ।

यस प्रसङ्गमा हामी एकपल्ट अदृश्य ईश्वरलाई प्रेम गर्ने स्थिति पाउन असमर्थ भए पनि प्रेमलाई सुग्घर र पवित्र बनाउन भने सक्दछौं । हामीले केही

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मात्रामा भए पनि स्वार्थी भावनाचाहिँ कम गर्नुपर्छ । 'पत्नी, पुत्र, साथी, सम्वन्धी छन्, सक्दै सकिन्न' भन्न मिल्दैन । जे काम गरे पनि सच्चा उपकारको शिखरमा पुगेपछि नै मनुष्य-गुणको पराकाष्ठा सुरु हुन्छ । प्रेम-स्वाद सुरु भएर सवैमा फैलिनुपर्छ । अनि त सर्वव्यापी प्रेम अलौकिक अवस्थाको हुने नै भयो ।

पहिलो अवस्थाको ईश्वर-प्रेममा भक्त उत्पीडन, छटपटी, निराशाको स्थिति तथा दारुण वियोगको दुःखमा रहेको हुन्छ अनि ऊ अगाडि वढ्दै जाँदा जतिजति ईश्वरानुभूति गर्दै जान्छ उति नै आनन्द वढ्दै जान्छ । भक्तहरूमा आँसु, विषाद, वियोग, दुःख बरावर चलि नै रहेको हुन्छ । कहिले प्रेमप्राप्तिको आनन्दमा नाच्छ, कहिले वियोगको अनुभवमा रुन्छ । ऊ एक्लै हाँस्छ, एक्लै वोल्छ र एक्लै नाच्छ । सम्पूर्ण जगत् नै प्रेमीमय भएपछि आनन्द अकारण हुन्छ, अपेक्षारहित हुन्छ । सम्पूर्ण समर्पणपछिको एक्कासि स्थितिमा ऊ आफैंमा निमग्न हुन्छ, आफैंमा हराउँछ, आफैंभित्र आफैंमा बिलाउँछ अनि अद्वैत वन्छ । यहाँचाहिँ ज्ञान र भक्ति एक हुन्छ, अभिन्न हुन्छ ।

के सच्चा स्नेह, के सच्चा सेवा, सबै कुरा प्रदर्शन मात्र हुन पुगेको देखिन्छ ।

मनुष्यको सर्वोपरि महत्त्व नै स्नेह र प्रेम हो । यो जतिजति हृदयमा प्रचुर मात्रामा वढ्न थाल्छ उति नै वाहिर पनि मैत्री, शान्ति, सेवा, धर्म, सत्यबोध वढ्छ र प्रेम व्यक्तिव्यक्तिमा फैलिएर समाज, देश र संसार नै समुन्नतिका वाटामा अग्रसर वन्छ । ईश्वर नै प्रेममय छ, सृष्टिको कणकणले प्रेम व्यक्त गरिरहेको छ । यही प्रेम सर्वोपरि विकासको आधार हो । तर हाम्रो समाजमा देखिएका सबै सन्त, सन्न्यासी, ज्ञानी, पण्डित, महात्माहरूले सही अर्थमा त्याग र प्रेमको व्यापकता अनुभव प्राप्त गरेको पाउन ज्यादै गाह्रो पर्छ ।

कत्ति पनि संयम देखाउन असमर्थ व्यक्तिहरूले धर्मको स्थानलाई अपभ्रंशित तुल्याएर आफूसमेत अलमलिएको देख्दा दुःख लाग्छ । उनीहरूको आचरण, वक्तव्य र कर्मको भिन्नताले सीधासादा धार्मिक व्यक्तिहरूलाई पनि झन् सत्यप्रति अविश्वास गराइदिन्छन् । यस कारण सही अर्थमा धार्मिक वन्न गाह्रो छ । उच्च तहको भक्त वन्न त झन् ज्यादै गाह्रो छ ।

हाम्रा समाजका केहीं आडम्वरी व्यक्तिहरू ज्यादै क्रोधित छन्, कोही लोभी देखिन्छन् र कोही कामी, हामी व्यवहारमा वसेका व्यक्तिभन्दा पनि अहंवादी र नीरस देखिन्छन् । यस्तालाई देखेर आजका चेतनशील भनिने मान्छेमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हाम्रा धर्मशास्त्रका विद्या, धर्म, मर्यादा र कथनप्रति नै उपेक्षा वढ्नु कुनै आश्चर्य पनि होइन । जुन छ विकारहरूको व्याख्या शास्त्रमा गरिन्छ, ती कुनै पनि त्याग्न नसकी कसरी शान्तितिर वढ्नू ? शुद्ध आचरणले नै सवैलाई ज्ञानी र भक्त भनेर चिनाउँछ । व्याख्यान त मूर्ख र अज्ञानीले पनि दिन सक्छन् ।

यही विषयमा अर्जुनले पनि भगवान्सित सोध्नुभएको छ–

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव ।
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम् ॥

भगवान् भन्नुहुन्छ–

प्रजहाति यदा कामान्सर्वान्पार्थ मनोगतान् ।
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥
दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः ।
वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते ॥

अर्जुनलाई धेरै कुरावारे भगवान्ले वताउनुभएको छ। त्यो त गीता पढ्नेले वुझेकै हुन्छ । यहाँ धेरै लेख्न सम्भव छैन । मुख्य कुरा– जो दुःख-सुखमा समभाव राख्छ, जो माया-मोह त्यागेर क्रोधवाट टाढा छ र जसले इच्छालाई छाडेको छ, त्यही नै मुनि हो भनेर भगवान्वाट आज्ञा भएको छ । र, जो आत्मामै तुष्ट छ, त्यो नै सिद्ध हो, भक्त हो र ज्ञानी पनि ।

अनि अर्को कुरा, ज्ञानी र भक्तमा केही भिन्नता नभए पनि वाहिरवाट हेर्दा अवस्था र गुणमा भने फरक देखिन्छ । भक्तको प्रथम पहिचानचाहिँ नम्रता नै हो जस्तो लाग्छ । भक्तमा अभिमान हुँदैन । ऊ सरल हुन्छ वालकजस्तो तर उसमा महान् विवेक लुकेको हुन्छ । शान्त हुन्छ, उसमा अशान्तिका कारणहरू नै हराइसकेका हुन्छन् । सहनशील हुन्छ । क्रोधवाट विजय प्राप्त गरेका हुनाले सदासर्वदा क्षमाशील देखिन्छ । सम्पूर्ण कुरावाट विरत रहन्छ र अकारण ऊ दयालु हुन्छ । कारणरहित दया, निरभिमानी, प्रमोदित, हर्षित, कारणरहित खुसी हुने उसले हामीलाई खुसी हुन सदैव प्रेरणा दिइरहेको हुन्छ । ईश्वर-भक्तहरू कारणलाई छाडेर ज्यादै टाढा पुगिसकेका हुन्छन् । अस्तु !

❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गीताका अमृतमय वाणी

स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ।

यद्यपि कर्म बन्धनकारक छ, परन्तु गीतायोगद्वारा यो सम्पादन हुन सक्यो भने त्यो न केवल बन्धन-निवर्तक हुन्छ अपितु परमानन्द पद प्राप्त गराउने क्षमताले पनि युक्त बन्न जान्छ । यही कर्म नै परमेश्वरको पूजा बन्न जान्छ र साथै यसद्वारा मनुष्य मोक्षको अधिकारी बन्छ ।

अर्को श्लोक गीता गुह्यको–

कर्तव्यश्चेद्वि कर्तव्य संग्रामः स्वजनैरपि ।
निष्पक्षो निर्ममो भूत्वा न्यायाधीशासनस्थवत् ॥

मनुष्य सिद्धि तथा असिद्धिमा सम रहोस्, फलेच्छाले शून्य बनोस्, अहंलाई त्यागोस्, रागद्वेषलाई छाडोस्, निष्पक्ष र निरहङ्कारी रहोस् । कुनै न्यायाधीश जब न्यायको सिंहासनमा बसेको हुन्छ त्यस बेला कुनै पनि अपराधीप्रति उसको मनमा न राग न त द्वेष रहन्छ । उसको कर्तव्य र चेष्टा यही रहन्छ कि कहीँ पक्षपात नगरी अपराधीलाई अपराधअनुरूप दण्ड-व्यवस्था गर्न सकूँ । त्यस अवस्थामा मृत्युदण्ड दिँदा पनि न्यायाधीश निर्दोष रहन्छ । ऊ न दोषको भागी हुन्छ, न त पापको भागी बन्छ । यस्तै तवरले निष्पक्ष, निरहङ्कारी र निर्मम बनेर कर्तव्यको अनुष्ठान भयो भने त्यो कदापि बन्धनकारी बन्दैन, बरु त्यही नै साधन तथा समाधान बन्न पुग्छ ।

जो मनुष्य संसारबाट मुक्त हुन चाहन्छ उसले कौशलपूर्ण तथा यज्ञ-भावनाले युक्त कर्म गर्नुपर्छ । कौशल के हो ? 'योग कर्मेषु कौशलम्' अर्थात् योग नै कर्मविषयक कौशल हो । योगचाहिँ के हो त ? 'समत्वं योग उच्यते' ।

यही समत्वको प्रवृत्ति युक्त भएर आसक्ति, फलेच्छा, कर्तृत्वाभिमान सम्पूर्ण त्यागेर सिद्धि-असिद्धिमा समभाव राखेर कर्म गर्नुपर्छ । यही कौशल हो,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यही नै योगस्थ कर्मको यथार्थ पनि हो । योग कर्मविषयक कौशल हो । अब यज्ञ के हो भन्ने बुझ्नु पनि आवश्यक छ । अरूहरूको हितको अनुष्ठान गर्नु नै यज्ञ हो ।

प्रजापतिले यज्ञसहित प्रजाको रचना गरेर प्रजालाई सम्वोधन गर्दै भन्नुभएको छ- "हेर, तिमीहरू यज्ञद्वारा उन्नति गर । यसैले तिमीहरूलाई अभीष्ट भोग प्रदान गर्नेछ । तिमीहरू तथा देवताहरू दुवै यही यज्ञद्वारा एक-अर्काको हित गरेर उन्नति गर्नेछौ तथा अन्त्यमा परम कल्याणको भागी बन्नेछौ ।"

यसको आशय यो हो कि सच्चा भक्ति तथा भावनापूर्वक गरिएको जनता-जनार्दन तथा देवताहरूको सेवा र पूजा नै वास्तवमा यज्ञ हो । यस संसारमा भगवत्-प्रीत्यर्थ निष्काम भावनाले जो जति गरिन्छ त्यो नै यज्ञ हो र त्यो कदापि वन्धनकारी नभएर मोक्षदायी वन्छ । गीतामा भगवान् आज्ञा हुन्छ–

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।

यज्ञ-भावनाविपरीत भिन्न आसक्ति तथा स्वार्थमूलक कर्म गर्ने जनसमुदाय नै वन्धनमा पर्दछ । तसर्थ भगवान्ले गीतामा अनासक्त कर्तव्यभावनायुक्त यज्ञार्थ कर्मको आज्ञा गर्नुभएको छ–

तदर्थं कर्म कौन्तेय मुक्तसङ्ग समाचरः ।

यस्तो प्रकारवाट कर्म गर्नु नै श्रेयस्कर छ । जो यस आज्ञाको उपेक्षा गर्छ त्यसप्रति नै माया आफ्नो चक्र चलाउन थाल्छिन् अनि कर्म नगर्नेहरूलाई पनि वियुक्त योगबाट वञ्चित गरिदिन्छिन् । भगवान् आज्ञा हुन्छ– कुनै क्षण पनि कोही कर्म नगरी रहन सक्दैन, त्यसैले कर्म नगर्नुभन्दा कर्म गर्नु उत्तम छ । कर्मेन्द्रियद्वारा शुभ कर्म गर्नु ठीक हो । कर्मयोगको अनुष्ठान गर्ने पुरुष नै श्रेष्ठ मानिएको छ । यही कुरा निम्नाङ्कित श्लोकबाट प्रस्ट अभिव्यक्त हुन्छ–

कौशलेन कृयाकार्यो यज्ञ भावनुमूक्षुणा ।
मायाचक्रं विवर्तेत मायाक्रियं वियोगयेत् ॥

अब यहाँ अर्को प्रश्न उठ्छ– कर्मयोग तथा ज्ञानमा परस्पर कुनै सम्पर्क स्थापित हुन्छ कि दुवै आपसमा असम्पृक्त र छुट्टै रहेका हुन्छन् ? यसको उत्तर गीता गुह्यमा साह्रै राम्ररी बताइएको छ–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

योगो ज्ञानेन स्याद् युक्तो ज्ञानं योगेन संविशेत् ।
भूर्भुवोवच्च सर्वत्र प्रश्नात् तर्योव्यवस्थिति ॥

योग ज्ञानले युक्त हुन सक्छ अनि त्यस्तै योगद्वारा पनि सजिलैसित ज्ञानमा प्रवेश गर्न सकिन्छ । जस्तो भूगोल (पृथ्वी), भुवर्लोक रहेका छन् यस्तै प्रकारले कर्मयोग र ज्ञानयोगको पनि घनिष्ठ सन्धि रहेको छ । यसको पुष्टि गीतामै भएको छ–

एकं साङ्ख्यं च योगं च य पश्यति स पश्यति ।

अर्थात्, फलको सूक्ष्मदृष्टिले ज्ञानयोग र कर्मयोगलाई जसले एकै देखेको हुन्छ, वास्तवमा त्यसले नै यथार्थ देखेको हुन्छ । यी दुईमा एकको मात्र पनि सम्यक् आश्रय लिने पुरुषले दुइटैको फल पाउँछ ।

अतः साङ्ख्य तथा योगलाई एक-अर्काको सर्वथा पृथक् बताउने व्यक्तिले सही ज्ञानार्जन गर्न सकेको भन्न मिल्दैन । ज्ञान र योग कदापि पृथक् हुँदैनन् । सच्चा ज्ञानीहरूका दृष्टिमा योग र ज्ञानमा भेद हुँदैन ।

यसनिम्ति फल दृष्टिगत गर्दा दुवै साधन परस्पर संयुक्त हुन् भन्नु असङ्गत हुनेछैन । निष्काम कर्मयोगको अनुष्ठानले अन्तस्करणलाई शुद्ध तथा पवित्र बनाइदिन्छ अनि शुद्ध अन्तस्करणमा ज्ञानको ज्योति स्वतः आविर्भूत हुन्छ ।

अतः 'योगो ज्ञानेन युक्तः स्यात्' वाक्यले यथार्थ व्यक्त गरेको छ । यसरी योगद्वारा नै ज्ञानमा निष्ठा जन्मिन्छ । अतः 'ज्ञानं योगेन संविशेत्' कथन पनि असङ्गत छैन ।

फेरि पनि, यी दुवैको पृथक् सङ्गति कसरी हुन्छ ? यसको पनि उत्तरमा भनिन्छ– 'प्रश्नात् तर्योव्यवस्थिति' अर्थात् प्रश्न तथा प्रतिप्रश्नद्वारा नै एकको व्यवस्थाको रहस्य जान्न सम्भव छ । अब अर्को कुरा छ । प्रश्न, शब्द, प्रणिपात तथा सेवाको पनि उपलक्षण जान्नुपर्छ । नमस्कार (प्रणिपात), जिज्ञासा (परिप्रश्न) र सेवाद्वारा महापुरुषहरूलाई सन्तुष्ट गरेर नै तत्त्वज्ञान प्राप्त गर्न सकिन्छ, अन्यथा सम्भव छैन । तत्त्वदर्शी पुरुष नै ज्ञानोपदेश गर्न समर्थ हुन्छन् । महापुरुष तथा ज्ञानी-विद्वान्‌हरूले पहिले शिष्यको अनुभव र अवस्था विचार गर्दछन् । तत्पश्चात् मात्र शिष्यअनुरूप ज्ञानोपदेश गर्दछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अधिकारी दृष्टिले प्रारम्भमा योग तथा साङ्ख्यको पृथक् व्याख्या तथा पृथक् साधन बताइन्छ । परन्तु परिपक्वावस्थामा कुरा अर्कै हुन्छ । अन्त्यमा एकै प्रकारको फल दुवैबाट पाउन साधक समर्थ बन्छ । त्यस कारण साङ्ख्य तथा योग एकै हो भन्दा अत्युक्ति हुनेछैन ।

सम्पूर्णको सारतत्त्व परमेश्वर नै हो ।

यो संसार अनित्य, असार र दुःखदायी छ । यहाँ सबै परिपूर्ण अनन्त परमेश्वरको स्मरण, चिन्तन, निषिध्यासन, उपासना, भक्तिप्रेम नै मानव-जीवनको परम कर्तव्य हो । गीता गुह्यको अर्को श्लोकले भन्छ–

संस्मरन् सर्वसारं तं तदर्थ कर्म कल्पयन् ।
तदा तदर्श सतमेवासि तस्यभावः स एव हि ॥

सर्वसारभूत परमात्माको सम्यक् स्मरण, मनन, निषिध्यासनपूर्वक ईश्वरप्रति समर्पित बन्दै नित्यकर्म गर्दै रहनुपर्छ । सच्चा साधक यही आदर्शअनुरूप ईश्वर-चिन्तनद्वारा स्वयम्‌का साथै सम्पूर्ण जगत्को कल्याण गर्दै मनुष्यजन्मको आदर्श उदाहरण बन्न पुग्छ । अन्ततोगत्वा सम्पूर्ण परमेश्वरको सत्ता मात्र हो । अतः स्वयम् हामी सबै उही परमात्मा हौं ।

कसैले पनि म पतित छु, पथभ्रष्ट छु, अज्ञानी छु, के म पनि प्रभुचिन्तनको अधिकारी बन्न सक्छु भनी चिन्ता गर्नु निरर्थक छ । गीता गुह्यमै भनिएको छ–

पतीत पावन श्रीशः प्रित पत्रेऽपि पितृवत् ।
धर्म्यामृतेन संसेव्यः सगुणो निर्गुणोऽपि सः ॥

भगवान् श्रीपति पतितको पनि पावन हुनुहुन्छ । किरात, गुण पुक्कस, आन्ध्र आदि सामान्य जाति पनि प्रभुको प्यारा भक्तको सम्पर्क मात्र पाएर पवित्र र विशिष्ट बने । प्रभु स्वयम् आज्ञा हुन्छ– मेरा शरणमा आएर अनेक पापयोनिका दुराचारी दुष्ट पनि सजिलैसित ममा प्राप्त हुन्छन् । जस्तै दुष्ट र दुराचारी किन नहोस्, यदि अनन्य भावले प्रेमपूवर्क मलाई भन्यो भने म उसको शीघ्र उद्धार गर्छु । ऊ शुद्ध धर्मात्मा बन्न समर्थ बन्छ । भगवत्-प्राप्तिको बाटामा कसैले निराश हुने आवश्यकता छैन ।

ईश्वर सदैव करुणाशील, प्राणी मात्रको उद्धारनिम्ति उत्सुक हुनुहुन्छ । मात्र मनुष्यले ईश्वरतिर पाइला चाल्न सुरु गर्नुपर्दछ । त्यसपछि स्वयम् नै प्रभु-अनुग्रह

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

र दयाको अनुभूति प्राप्त हुन थाल्छ। ईश्वर पतित पावन मात्रै नभएर दयालु प्रेमी हुनुहुन्छ। दयालुसमेत नभएको भए कथाहरूको रूप पनि सायद अर्कै हुने थियो।

आफूले पहिले भक्ति नगरी प्रभुले पनि केही गर्नुहोला र भन्ने शङ्का पनि निरर्थक छ। किनकि आफ्नो तनमा विष दलेर मार्न गएकी पूतनालाई पनि प्रभुले मातृगति दिनुभयो। यस्तो ईश्वरलाई छाडेर अरू को दयालु होला र उसको शरणमा जाने ?

अत: गीतामा आफूलाई सम्पूर्ण वस्तुका पनि सहृदय भन्ने आज्ञा भएको छ। चेतन जीवप्रति मात्रै होइन, जड वृक्ष र वृक्षका एकएक पातप्रति पनि ईश्वरको त्यत्ति नै प्रेम छ। सम्पूर्ण जगत्का पिता नै ईश्वर हुनुहुन्छ। जड-जङ्गम सबैलाई असीम प्रेम दिएर प्रभुले सबको रक्षा तथा पालन गर्नुभएको छ। अस्तु !

❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

संस्करण एक दुःखद यात्राको

आजभन्दा ठीक एक वर्षअगाडिको कुरा हो जतिखेर अप्रत्याशित अचानक पर्न आएको कठोर घटनाको आघातले मेरो हृदयलाई विदीर्ण वनाएको थियो। आफू नै प्रमुख व्यक्ति वनेर यो असहनीय महान् दुःखको सामना गरेर धैर्य र साहसलाई अगाडि बढाउन म बाध्य भएकी थिएँ। यद्यपि म आफैंभित्र समर्थ वन्ने चेष्टा गर्दागर्दै पनि असमर्थ र हतोत्साही वन्दै गएको तीव्र अनुभव थियो।

यसभन्दा पहिले मलाई थाहा थिएन बाहिरबाट हेर्दा स्वस्थ र सुन्दर देखिएका मान्छेहरू कसरी असाध्य ठहरिएका भयानक रोगका कीटाणुहरूद्वारा भित्रभित्रै दग्ध बनिसकेका हुँदा रहेछन्। आज पनि यस सम्झनाले मेरो मुटुलाई विदीर्ण पारिदिन्छ। ऊ मेरो अति प्रिय भाइ, गोरो, राम्रो, ६ फिट अग्लो, हँसमुख, मृदुल र सुन्दर थियो। मभन्दा तीन वर्ष कान्छो। सधैं मसँगै वस्न चाहने अत्यन्तै प्रेम गर्ने, प्यारो थियो।

एक दिन अचानक मकहाँ आएर थचक्क काउच (सोफा) मा वस्दै भन्यो- "नानी, म डाक्टरकहाँ गएर आएको।"

मैले सहजै भनें- "ए, के भो ?"

उसले अलि विचार गरेझैं गरेर भन्यो- "मेरो लङ्समा एउटा कालो धब्बा देखियो। एक्सरे गरेको छ। त्यस्तो त सबैको देखिन्छ हगि ? ब्रोङ्काइटिसको होला।"

मैले भनें- "केही चिसो लागेको थियो कि ?"

मलाई त्यस बेला डरको केही विचार आएन र उसलाई खाना खुवाउन र चिया वनाउनतिर लागें। ऊ पनि केही घण्टा वसेर घर फर्क्यो।

तर त्यही दिनदेखि नै हामी दुई परिवारको शान्ति र सुख सकिसकेको रहेछ। उससितको वियोगको समय नजिकिँदै रहेछ। यसको पाँच-छ दिन पनि भएको थिएन। म निश्चिन्त आफ्नो घर-व्यवहारमा रमेकी थिएँ। उसको जेठो छोरो आयो र अँध्यारो मुख लाएर मनिर बस्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मैले सोधें- "दादाको रिपोर्ट आयो बाबू ?"

उसले व्याकुल स्वरमा भन्यो- "दिदी, दादालाई त १५ दिनभित्र भेलौर लानुपर्छ। दादाको छातीमा क्यान्सरको शङ्का गरेको छ।"

यस्तो दारुण कुरा अकस्मात् सुन्ने मैले कल्पनासम्म पनि गरेकी थिइनँ। म किङ्कर्तव्यविमूढ बनें। उसलाई सान्त्वना दिने उद्देश्य राखेर भन्न थालें- "नडरा बाबू, नडरा, नहुन सक्छ। देख्दा दादा जस्ताको तस्तै छ। त्यस्तो ठूलो व्यथा भएको भए त गल्नु पनि पर्ने थियो। ठीक छ, अब चाँडै भेलौर लैजानुपऱ्यो। ... अनि के त दादाले पनि यो कुरा थाहा पाइसक्यो ?"

उसले भन्यो- "अँ थाहा पाउनुभयो, हिजो डाक्टरले उहाँकै अगाडि सबै कुरा भनिदियो।"

यो भाद्र महिनाको अन्तिम समय थियो। दसैं आश्विनको १० गतेतिर पर्दथ्यो। एक दिन भाइ मकहाँ सहज साबिकजस्तै गरेर आयो र भन्यो- "नानी, म त भोलि तानसेन जान्छु। केटाकेटी पनि उतै छन्। त्यहीँ दसैं मनाएर अनिललाई लिएर भेटेर जान्छु, हुन्न ?"

"हुन्छ," मैले भनें- "बाटो पनि त्यतै पर्छ। गोरखपुरबाट सोझै काकडवाडी जाने ट्रेन पनि पाइन्छ भन्छन्। ठीक छ, तिमी गएर जँचाउँदै गर, पछि धेरै वस्नुपऱ्यो र केही खराव देखियो भने म पनि आउँछु।"

हाम्रो सल्लाह सकियो र ऊ फर्कियो। भोलिपल्ट ऊ आफ्नो मोटर लिई घरबाट बिदा भएर मसित बिदा हुन मकहाँ आयो । मैले उसलाई स्नेहले भरेर "चिरञ्जीवी भएस्" भन्दै बिदा गरें। ऊ पाल्पा गयो, दसैं नसकिई जाने कुरा नै थिएन। दसैं पनि सकियो। अनि उसले मलाई फोन गरेर भन्यो- "नानी, म भोलि हिँड्छु। एक दिन गोरखपुर मैया बाबूकहाँ बस्छु।"

निकै दिन बित्यो तर केही खबर आएन। एक दिन अरूबाट मैले सुनें– ऊ बनारस गयो रे, त्यहीँ उपचार गराउँदै छ रे। मलाई मन परेन। किन हो, मलाई त्यस बेला भेलौरको बढी विश्वास थियो। त्यसैले ऊ बनारस गएको कुराले मलाई ज्यादै दुःख र चिन्ता लाग्यो। मनमा अशान्ति भयो, घरमा वस्न सकिनँ। विचार गरें- 'अब म पनि बनारस जान्छु। ऊ के गर्दै छ, कस्तो छ ? भएन भने भेलौर लिएर जान्छु।'

यसबारे मैले आफ्ना श्रीमान्सित सल्लाह गरें। उहाँले पनि भन्नुभयो- "ठीक छ, जाऊ। बनारसमा के औषधि भयो ? कहाँ भेलौर, कहाँ बनारस !

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उसले किन त्यस्तो गऱ्यो ? भेलौरै जानु उत्तम छ ।" ऊ उहाँको पनि ज्यादै प्यारो थियो ।

म हिँडें बहिनीको छोरालाई साथ लिएर । उसको ठेगाना पाल्पाबाट बल्लबल्ल पाइयो । ऊ बनारस युनिभर्सिटी हस्पिटलनजिकै बसेको रहेछ । खोज्दैखोज्दै हामी राति १२ बजेतिर पुग्यौं । ऊ मलाई देखेर लिन भनी तल ओर्लेर आयो । तर १५ दिनमै ऊ भिन्दै भइसकेको जस्तो लाग्यो । हिँड्दा पनि विस्तारै पाइला चालेको देखेर सोधें- "के भो बाबू ?"

उसले भन्यो- "नानी, मलाई अलि ज्वरो पनि आउँछ, घुँडा, हात र औंलाको जोर्नीजोर्नी दुख्छ । बाथ भएजस्तो पनि छ ।"

यति भनेर ऊ चुप लाग्यो । तर मलाई भने भावी दुःखको शङ्काले व्याकुल पारेर झस्काइदियो । त्यस बेला मलाई थाहा थिएन, क्यान्सरका कारण आफ्नो अन्तिम समय नजिकिँदै गरेको उसलाई गोरखपुरमै थाहा भइसकेको र हेछ । यसैले आफ्नो अन्तिम क्षणलाई पर्खने निश्चय गरेर ऊ बनारस आई हामीलाई दुःख हुन्छ भनेर नभनीकन लुकाउने चेष्टामा बसेको रहेछ ।

त्यस बेला मैले कुरा बुझ्न सकिनँ, उसले ठीक निर्णय गरेको रहेछ । उसको जीवनले अवश्य नै अन्तिम सास फेर्दै रहेछ तर म असाध्यै आशान्वित थिएँ । जसरी भए पनि भेलौरसम्म पुऱ्याउन पाए भाइ बाँच्ने थियो भन्दा बढी कुरा सोचेकै थिइनँ ।

यसै कारण मैले उसको परिवारलाई सम्झाएँ- "भेलौर लैजानुपर्छ । अहिले भारतमा भेलौरलाई छाडेर अरू कहीं राम्रो छैन । ढिलो भइसक्यो । चाँडै भेलौर नै हिँडौं ।"

सबैले मेरा कुरालाई माने । भाइलाई पनि विस्तारै भनें- "बाबू, यहाँ नबसौं, भेलौरै जाऔं । हेर, त्यसैका निम्ति म आएँ । त्यहाँ गएर औषधि गर्दा पनि तिमी ठीक भएनछौ भने वरु हामीलाई चित्त बुझ्छ । तर त्यहाँ नगएर यहीं वसेर निको भएन भने हाम्रो आत्माले हामीलाई कहिल्यै माफ गर्दैन ।"

मैले आँखाभरि आँसु पारेर यति भनिसकेपछि उसले पनि आँसु खसाल्दै भन्यो- "तिम्रो यस्तो विचार छ भने म जान्छु । ट्रेनको टिकट किन्न पठाऊ ।"

अनि हामी कोही तानसेन फर्कन र कोही भेलौर जान छुट्टिन लाग्यौं । बनारसबाट ट्रेन हप्ताको दुईपल्ट भेलौर जाँदो रहेछ– आइतबार र बुधवार । यो आइतवारकै कुरा भएकाले विवश भई बुधबारसम्म पर्खनुपर्ने भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यो संस्करण यति दुःखदायी थियो, सम्भवतः यस्तो मार्मिक दुःखको अनुभव मैले जीवनमा पहिले कहिल्यै गरेकी थिइनँ ।

बिहान ६ बजे बिरामीलाई लिएर हामी वनारसको स्टेसनबाट ट्रेन चढ्यौं । अठचालीस घण्टाको लामो यात्राको दुःख, मनको चिन्ता, व्याकुलता । एक कम्पार्टमेन्टमा बल्लबल्ल बिरामीलाई बसाएर हामी छरिएर बस्यौं । उसको मात्रै रिजर्भेसन थियो, हामी अरूको थिएन । बिरामीसहित हामी जम्मा ६ जना थियौं– उसकी श्रीमती, म, उसको भानिज, छोरा र छोरी अनि छोराको साथी । यो लामो यात्रामा आशा र निराशाको पिङ खेल्दै क्रमशः अगाडि बढ्दै थियौं ।

रेलको यात्रा सधैं त रमाइलो लाग्थ्यो । सधैं मीठो, रोमाञ्चकारी, नयाँ अनुभूतिपूर्ण प्रतीत हुन्थ्यो । प्रत्येक स्टेसनमा नयाँ बिम्बको ओहोरदोहोरको दृश्यले अलमलाइरहन्थ्यो । नयाँनयाँ चिरस्मरणीय प्रतीत हुन्थ्यो । तर यो यात्रा भिन्दै थियो । आँखा टाढाको कल्पनामा टोलाएका थिए भने कान पनि बाहिरको शब्दबाट अन्तै थिए ।

मलाई लागिरहेको थियो– यस रेलको पाङ्ग्राले अब द्रुत गति लिए पनि हुन्थ्यो । कहिले मेरो चेतना भेलौर पुगेर डाक्टरसित कुरा गरिरहेको हुन्थ्यो । बाहिरको चहलपहल बढ्दै थियो । मानिसहरू खचाखच भरिइरहेका थिए । मुँगफलीवालाहरू र "चना गरम बाबू!" भनेर चनावालाहरू कराइरहेका थिए । बीचबीचमा चियावालाहरूको स्वर वातावरणमा व्याप्त हुन्थ्यो । विभिन्न आवाजको त्यहाँ सम्मिश्रण पर्याप्त थियो तर मेरो मन भने अन्तै थियो ।

❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वियोगको सम्झना

यो संसार अनित्य छ। स्वप्नजस्तो क्षणिक छ। एकाङ्की नाटकजस्तो छ जो कहिल्यै पूर्ण हुँदैन र त्यसै टुङ्गिन्छ। अर्को शब्दमा भनूँ भने दुःख-सुख र संयोग-वियोगकै नाम संसार हो। एउटै कम्पार्टमेन्टमा वसेर यात्रा गरिरहेका यात्रीहरू आफ्ना स्टेसनमा ओर्लिंदै गएजस्तै हाम्रा एक परिवारका व्यक्तिहरू पनि विस्तारै ओर्लिंदै जान्छन्। आज ऊ गयो भन्यो, भोलि अर्को जान्छ। आखिर कम्पार्टमेन्ट खाली भएजस्तो एक दिन खाली हुन्छ। मृत्यु अनिवार्य छ। यो कुरा त बच्चालाई पनि थाहा छ तर पनि जव आफ्नो ज्यादै नजिकको प्रेमी व्यक्तिको मृत्यु हुन्छ त्यस वेला कस्ताकस्ता दार्शनिकहरूको पनि मुटु दुख्दछ। यस्तै दुखाइको वर्णन गर्न कलम अगाडि बढेको छ।

मृत्युको वर्णन भन्नु नै वेदनाको वर्णन हो। हुन त यस्तो दुःखको कुरा कसैलाई सुन्न मन पर्दैन तर पनि लेखिन्छ। लेख्नुपर्छ किनकि सम्पूर्ण जीवनभित्र नै मृत्युको अस्तित्व छ। त्यसलाई नकारेर वाँच्न सकिँदैन। फेरि मृत्युको दुःख सवैका जीवनमा परि नै रहन्छ। नचाहेर पनि। साहित्य त्यही हो जसमा जीवन सम्पूर्णतः समावेश हुन्छ। यस्तो वेदनामा कलम चलाउँदा सर्वप्रथम मृतक व्यक्तिसितको हाम्रो सम्बन्ध र जाने व्यक्तिका जीवनको स्मरण गर्न अनिवार्य नभए पनि किन हो अक्सर गरिन्छ। यस्तै प्रसङ्गसित सम्बन्धित यो सानो सम्झना र केही कविताहरू लेखिएका छन्। यसमा अर्को धृष्टता पनि अनायास हुन पुगेको छ। त्यो के भने परलोकवासी व्यक्तिसित सम्बन्धित मेरा आफ्ना कथाहरू पनि जोडिन पुगे। यो आवश्यक थिएन तर कहिलेकाहीँ हामीले एउटा मात्र काम गर्न खोज्दा अर्को काम भएजस्तै भयो।

मैले यस संसारमा आएर आँखा जब खोलें त्यस वेला सर्वप्रथम पिता-तुल्य मामालाई पाएँ जसले मलाई आफ्नो छातीमा च्यापेर हुर्कायो, औंला समातेर हिंडायो, तोतेवोलीवाट स्पष्ट वोल्न सिकायो र कैयौं दुःख र कष्टवाट जोगायो। जस्तो– मैले रुन नपाउँदै आत्तिँदै आएर छातीमा लाएंर अनेक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मायांममताले फुल्यायो ।

अनि यस्तै प्रकारले सिकायो, पढायो, लेखायो । सधैं आफ्ना काखमा राखेर कतिपय श्लोकहरू घोकायो । त्यस्तै प्रात:स्मरणीय वाक्यहरू कण्ठ गर्न लगायो । अनि आज ५० वर्षको लामो समयसम्म त्यस्तै स्नेह र प्रेम अविच्छिन्न रूपमा दिइ नै रह्यो । त्यही स्नेहको छहारीले मेरो जीवनका कतिपय धूप र वर्षालाई बचाएर मलाई निर्विघ्न तुल्यायो ।

आज उही मेरो आदरणीय पूज्य व्यक्ति यस संसारको इहलीला छोडेर भू-मण्डलबाट हरायो । यस मरणशील संसारबाट बिलायो । यस दु:खले मेरो हृदयलाई छिन्नभिन्न तुल्यायो, जराजीर्ण बनायो । पानी सुकेको नदीझैं गरायो । जता हेऱ्यो उतै अन्धकारमय अनुभव गरायो । आज मलाई लागिरहेछ– संसार सुनसान छ, कहीँ केही छैन । कहीँ अब केही छैन । यो उराठलाग्दो परिवेशमा म एक्लिँदै छु । यो संसाररूपी महासागर भयानक गर्जन गरिरहेछ । म त्यही शून्य किनारामा बसेर अपलक उर्लेर आएको छाल र भुमरीलाई एकटक हेरिरहेछु– निराश र शून्य एक्लै । मलाई थाहा छ– मेरो पनि यो कष्टदायी क्षण अवश्य बित्छ जसरी सबको बित्छ ।

तर अब त्यो वात्सल्य फर्किंदैन । त्यो सरसतापूर्ण सहवास फर्किंदैन । त्यो माया, ममता, स्नेह, विश्वास अब यस जीवनमा फेरि फर्किंदैन । त्यो हरायो यो विकराल मृत्यु-महासागरमा । मात्र अतीतका अनेकौं स्नेहबिन्दुहरूलाई मेरो हृद्पिण्डभित्र छाडेर ।

वियोगको दु:खविषे त कल्पिँदा
चिम्लेर आँखा म त सुत्न तम्सिँदा
मस्तिष्क मेरो अरु चल्मलाउँदै
झर्ना बने शब्द सुगीत गाउँदै ।

सुभाव आए दिलभित्रभित्र नै
यी अङ्ग रुन्छन् अति दृश्यचित्रझैं
उठाउने को ? वश क्यै चलेन रे !
लेखाउने को ? अब भन्न सक्छु के !!

❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कुम्भस्नानको यात्रा र अनुभूति

आफू जन्मेर बुझ्ने भएदेखि नै मैले कुम्भस्नानको चर्चा सुन्दै आएँ। प्रत्येक बाह्र वर्षमा पर्ने कुम्भमेला प्रत्येक हिन्दूहरूका निम्ति ठूलो महत्त्वको विषय थियो तर मेरो मनमा मेला जाने र दर्शन गर्ने कुनै उत्सुकता भएन। मेरा घरमा पति, देवर, नन्द सबै पाश्चात्य सभ्यता मान्ने, अङ्ग्रेजीका विद्वान् हुनुहुन्थ्यो। उहाँहरूका मनमा हिन्दू-परम्परा तथा तीर्थ-मन्दिरहरूका बारेमा त्यति श्रद्धा र विश्वास थिएन। त्यसको असर मेरो अल्पज्ञ मनमा पनि यथेष्ट पर्दै गयो। फलस्वरूप मैले यस विषयमा कुनै ध्यान दिइनँ। आफ्नो बल र साहस हुन्जेल मैले कुम्भको महत्त्व नै बुझ्न सकिनँ।

आखिर प्रौढावस्थामा परमयोगी योगानन्दजीको जीवनी पढेपछि मात्रै मेरो मनस्थिति बदलियो अनि मेरो इच्छा पनि प्रबल बन्दै गयो। पहिले उहाँहरूकै विचारहरूलाई ठीकै सम्झिन्थेँ र म पनि त्यसकै अनुमोदन गर्दै आफ्नो धार्मिक परम्परा तथा आफ्नो शास्त्रको मर्यादालाई खिल्ली उडाएर गफ गर्नमा पछि पर्दिनथेँ।

हामीहरूको कमजोरी भनूँ या अज्ञानता, आफूले धर्मको गहन अध्ययन-मनन नगरी सम्पूर्ण कुराहरूमा विदेशीकै नक्कल गर्ने, आफ्नो व्यवस्था तथा वर्षौंदेखि चलिआएको 'कल्चर' प्रति अनास्था र अपहेलना गरेर उदासीन बन्दै व्यवस्थाप्रति समेत आक्षेप गर्ने अनि रूढिवादी समाज भन्दै धार्मिक महत्त्वबाट वञ्चित हुने हाम्रो वानी छ। यो आजको युगको एक मनोदुर्वलता हो भन्न मन लाग्छ। मात्र भौतिकवादको घेरामा परेर अमूल्य अध्यात्मबाट धेरै टाढा गएर अनि कताकता हराउँदै जाने आजको मनस्थिति। यस्तै विचारमा म पनि परेकी थिएँ।

कुम्भबारे अनेक नराम्रा कुराहरू मात्रै मेरा मनमा अटल भएर बसेका थिए। त्यहाँ हूलमा मान्छे किचिएर मरणासन्न हुने, जनसञ्चारबाट हुने दुःशीलताले आक्रान्त बन्ने, रोगव्याधि फैलिने, पाकेटमारा र ठगहरूको फेला परिने, आफ्नो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समूहवाट विछोडिने, अलपत्र परिने, अझ हूलमा किचिएर अङ्गभङ्गसमेत हुने कुराले मनमा लाग्थ्यो– त्यहाँ जाने त कुनै शिक्षित तथा ठूला बुद्धिमान् वर्ग हुँदैनन्, गाउँले गरिब, दुःखीहरूले मात्रै मेला भर्छन्। अझै त्यहाँ जाने धर्मपिपासुप्रति नगण्य र हेय दृष्टिले हेर्ने त्यस बेला मेरो बानी थियो ।

यस्तैयस्तै गर्दै मैले आफ्नो जीवनको महत्त्वपूर्ण पूर्वार्धलाई अबोध वन्दै बिताइसकेछु । ईश्वरका कृपाले अचानक योगानन्दजीको किताब मेरा हातमा पऱ्यो । योगप्रति भने मेरो मन केटाकेटीदेखि नै आकृष्ट हुन्थ्यो । मैले पढ्दै गएँ । त्यसमा लेखिएका धेरै आश्चर्यजनक कुराहरूबाट म परमात्माप्रति समर्पित बन्दै गएँ । उहाँको क्रियायोगको अपूर्व सिद्धान्त जान्न र बुझ्न म लालायित वनें । तर त्यस बेला यो विषय जान्ने र पाउने कुनै उपाय र आधार मसँग थिएन । खालि उत्सुकता वोकेर समयको प्रतीक्षा गर्दै पर्खिरहें ।

यसपछि मैले मेलाहरूबारे आफ्नै अलौकिक महान् उपलब्धिहरूको ज्ञान प्राप्त गरें । यस्तै कुम्भका मेलामा योगीजीले सर्वप्रथम महावतार बावाजीको दर्शन पाउनुभएको रहेछ जुन ज्यादै दुर्लभ थियो । कुम्भमा त्यस्तात्यस्ता अवधूत महात्माले अवश्य त्यहाँ पदार्पण गरेर जनकल्याण गरिदिनुहुने रहेछ । १२ वर्ष बाहिर ननिस्केर गुफामा ध्यानस्थ योगीहरूको दुर्लभ दर्शन त्यस बेला पाइने रहेछ । यस्ता अवधूतहरूले त्यहाँ स्नान गरिदिने हुनाले र भाग्यमानी मनुष्यले त्यो दुर्लभ दर्शनसम्म पाउने हुनाले नै कुम्भको विशेष महत्त्व रहँदै आएको रहेछ । त्यो जल अमृतसमान परम कल्याणकारी तथा परोपकारी बन्ने रहेछ । मनुष्यको रोग, शोक, अज्ञानताको सर्वोपरि नाश गर्ने कल्याणकारी महौषधि कुम्भस्नान रहेछ । अव मलाई लाग्यो– हामी कस्तो अहङ्कार र अहम्मन्यतामा जीवन सिध्याइरहेका रहेछौं !

यो सबै पढेपछि मलाई कुम्भको स्नान कसरी गर्ने भन्ने कुराले सताइरह्यो । अब आउने माघ महिनामा कुम्भको मेला त्रिवेणी प्रयागमा पर्छ भन्ने थाहा पाएँ, तर एक्लै जाने सामर्थ्य थिएन । कोही साथी त अवश्य चाहिन्थ्यो । १५-२० दिनअगाडि नै जितपुर गाउँमा गएर बसें । त्यहाँ मेरी दिदी हुनुहुन्थ्यो । अब, माघे सङ्क्रान्तिको ५-७ दिनअगाडि आफ्नो प्रस्ताव मैले सुनाएँ । ईश्वरका कृपाले उहाँलाई पनि जान मन लाग्यो ।

अव हाम्रो यात्राको बन्दोबस्त सुरु भयो । ईश्वरको करुणा भए मात्र सबै मिल्दै आउँदो रहेछ । ईश्वरकृपाविना धर्म तथा पुण्य कर्म सवै असम्भव हुने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रहेछ भन्ने मलाई निश्चय भयो । हाम्रो विचार-विमर्श र साथीको खोजी गर्दागर्दै पौष २७ गते भयो । कुराहरू सवै ठीक भए तर सङ्क्रान्तिको दिन १२ वजे मुख्य स्नानमा कसरी सहभागी हुने भन्ने कुराले चिन्तित तुल्याउन थाल्यो किनकि यस स्नानको निकै महत्त्व थियो ।

यत्तिकैमा एक जना मेरा भाइ रमेश त्यहाँ आइपुगे । हामीलाई ढुङ्गा खोज्दा देवता प्राप्त भएझैं भयो । पहिला भाइ र हामी दुई दिदीवहिनी मात्र जाने कुरा थियो । पछि वुहारीले पनि जाने इच्छा गरिन् । हामी ४ जना २८ गते विहान खाना खाएर एउटालाई सामान बोकाएर घरवाट निस्क्यौं । पहिला त उसलाई जितपुरसम्म मात्र लैजाने विचार थियो, पछि जितपुर पुगेर यसो हेर्दा मलाई आफ्नो सामान निकै धेरै लाग्यो । मैले विचार गरें– भीडभाडमा जाने, कुल्लीको पनि के विश्वास, यसैलाई साथ लैजान पाए हुन्थ्यो । तीन जना स्वास्नीमान्छे केही गर्न सकिँदैन, एक जना भाइलाई मात्र त मुस्किलै पर्छ । यो कुरा मैले त्यहाँ गरें । सवैले यस कुरालाई स्वीकार गरे ।

उसलाई "तँ जान्छस् ?" भनेर सोध्दा "जान्छु" भन्यो । पछि हामीले महसुस गर्दै गयौं– यो निर्णय भने हामीले साँच्ची नै समयमै गरेछौं । नत्र भने नपाउने दुःख हामी सवैले पाउने थियौं । जितपुरमा वस चढेर वीरगन्ज पुग्यौं । वीरगन्जवाट तीनवटा रिक्सा लिएर रक्सौल पुग्यौं । त्यहाँदेखि नै मेलाको दिग्दर्शन हुन थाल्यो । कुनै वस खाली थिएन । हामीले हिँड्ने दिन ज्यादै ढिलो गरेछौं । अव कसरी सङ्क्रान्ति भ्याइएला भन्ने चिन्ता लाग्न थाल्यो । रक्सौलमा गएर वुझ्दा वनारस जाने ट्रेन पनि छैन । इलाहावादको पनि छैन ।

जिल्ल परेर रमेशले भन्यो- "के गर्ने दिदी ? वस पनि सोझै छैन, खालि मोतीहारीसम्मलाई छ । अलिकति भए पनि बाटो काटिन्छ, त्यहाँसम्म भए पनि गइहालौं ।"

"तिमी जे भन्छौ..." भन्दै हामी पछि लाग्यौं । कति गर्दा कहीँ केही लागेन । आखिर मोतीहारीको वस चढ्यौं । करिब ५/६ वजेको होला, हामी त्यहाँ पुग्यौं । त्यहीं पुगेर पनि वनारस र इलाहावादको ट्रेन भेटिएन अनि केही नलागेर पटनासम्मको टिकट ब्ल्याकमा किनेर त्यतै जाने ट्रेन चढ्न तम्स्यौं । त्यहाँ पनि असङ्ख्य भीड थियो । वल्लवल्ल हामी भित्र पस्यौं । रातभरि हामीले भीडमा असाध्यै दुःख पायौं । भोलिपल्ट ११/१२ बजेतिर पटना पुग्यौं । पटना पुगेर प्लेटफर्ममा बस्यौं । त्यहाँको भीडको त झन् के कुरा गर्नू ? वयानै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

थिएन ।

अब कुम्भस्नानको हाम्रो उत्साह पनि शिथिल हुँदै जान थाल्यो । भाइ यताउता दौडिरहेको थियो । त्यतावाट न त वनारस जाने ट्रेन पाइयो न प्रयाग जाने । टिकटघरमा खचाखच भीड थियो, टिकटचाहिँ नदारत । भोलि १२ बजे कुम्भस्नानको महिमा थियो । हामी दुई दिनअगाडि नै हिँडेको भए यो अवस्था हुने थिएन ।

हामी आफ्नै बुद्धिलाई धिक्कार गर्दै वसिरह्यौं । दिदीले त्यो भीड र त्यहाँको हाहाकार देखेर भयभीत हुँदै भन्नुभयो- “बैनी, अब फर्कौं, दिक्क नमान, यहींबाट फर्कौं, ज्यान रहे फेरि आउँला ।”

तर मलाईचाहिँ यो कुरा पटक्कै मन परेन र भनें- “अहिले नआत्तिऊँ, केही उपाय होला । ईश्वरले हामीलाई अवश्य निराश फर्काउनुहुनेछैन ।”

यस्तै कुरा गर्दै भीडमा यताउति हेर्दै थियौं, हामी बसेभन्दा अलिपर एउटा वेन्चमा चार जना सन्न्यासीहरू बसेको देखें । मलाई साक्षात् भगवान् नै देखेजस्तो लाग्यो । मन त्यसै आनन्दित भयो । हामी बिस्तारैबिस्तारै उहाँहरूनजिकै गएर निहुरेर प्रणाम गरेर उभिरह्यौं । सवैभन्दा प्रमुख देखिने योगीजीले हामीलाई पुलुक्क हेर्नुभयो र भन्नुभयो- “क्या है माताजी ?”

हामीले भन्यौं- “स्वामीजी, हामी प्रयागस्नान गर्न नेपालबाट आएको तर यहाँ न त वस पाइन्छ न त ट्रेन । टिकटमास्टरहरू यहाँबाट बनारससम्म ट्रेन नै जाँदैन भन्छन् । हजुर, हामी ज्यादै दुःखी भएका छौं । वल्लबल्ल ठूलो इच्छाले गृहस्थी छोडेर घरवाट उम्केर यहाँ आएका ।” हाम्रा आँखा पनि कुरा गर्दागर्दै त्यस वेला रसाएर आए ।

योगीजी जुरुक्क उठ्नुभयो र हाम्रो पछाडि हात राखेर भन्नुभयो- “चिन्ता नगर्नुहोस् माताजी, हामी पनि त्यही कुम्भस्नानका निम्ति कलकत्तावाट आएका हौं । तपाईंहरू अब आनन्दसित बस्नुस् । म जसरी भए पनि तपाईंलाई स्नान गराउँछु ।”

यो सुनेपछि मैले परमेश्वरलाई सहस्र प्रणाम गरें । अब हामीमा आनन्दको सीमा नै रहेन । भोक, प्यास र बाटाको थकाइ सवै त्यसै विलायो । यो कुरा आएर भाइलाई भन्यौं । उनीहरू पनि खुसी भए । अब उहाँकै वरिपरि गएर हामी बस्यौं । मानौं डुब्न लागेको व्यक्तिले परालको त्यान्द्रो पाएजस्तै भयो ।

करिब ७ बजेतिर उहाँले हामीलाई ट्रेनैट्रेन भएका लिकहरू नाघ्दै वीचको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

एउटा ट्रेनको डिब्बामा लगेर राख्नुभयो । त्यस ट्रेनमा बत्ती पनि बलेको थिएन । अरू मान्छेहरू पनि कोही थिएनन् । कम्पार्टमेन्ट एकदम खाली थियो । उहाँका चार जना र हामी पाँच जनासिवाय कोही थिएन । अन्धकार झन्झन् बढ्दै गएको थियो । यताउता जताततै ट्रेनैट्रेन थियो । यो मेरो मात्र होइन सबैका निम्ति नयाँ अनुभव भयो । गेरु पहिरन देख्नेबित्तिकै श्रद्धा, विश्वास र भक्तिको ज्योति मेरो हृदयमा अचानक वल्दथ्यो । किन हो, ज्यादै श्रद्धा भएको हुनाले त्यहाँ मलाई केही डर र त्रास भने लागेन । म निश्चिन्त भई आफ्नो सिटमा बसिरहें ।

केहीबेरपछि विस्तारै मेरी दिदीले भन्नुभयो- "बैनी, मेलामा त अनेक घटनाहरू हुन्छन् । स्वामीजीहरू पनि कस्ता हुन्, के हुन्, थाहा छैन । अन्धकार छ । हामी कराएर चिच्च्याए पनि कसैले सुन्दैन । यहाँ हामीलाई जे गरे पनि कसले देख्ने ? हेर, नचाहिने आँट पो गरियो कि ?"

उहाँको हृदयको शङ्का पनि त्यति निरर्थक त थिएन, किनभने यस्तैयस्तै अनेक घटनाहरूकै खबर प्राप्त भइरहने आजको संसारमा सबैको मन पुण्यको भावनामा भन्दा दुराचारको भावनामा नै प्रवाहित भइरहेछ । जताततै अपराधै-अपराध र आतङ्कको खबरले मनुष्यजीवन नै हतोत्साहित छ । उहाँको शङ्का-उपशङ्का मात्र भन्न मिल्दैन तर ईश्वरमा अर्पित मन, बुद्धिमा भने भयले हतपत बास पाउँदो रहेनछ । मैले उहाँलाई सान्त्वना दिएँ र शान्त गराएँ । पछि कुराकानी गर्दागर्दै योगीजीहरूको सबै कुरा थाहा पाउँदै गयौं । उहाँहरू बङ्गाली साधु हुनुहुँदो रहेछ । उहाँहरू आपसमा कुराकानी गर्दै यात्राको आनन्द लिइरहनुभएको थियो ।

एकछिनपछि उहाँहरू मैनबत्ती बालेर आफूले ल्याएको खाना झिकेर खान लाग्नुभयो । अनि हामीलाई हेरेर भन्नुभयो- "माताजी, आप लोग भी कुछ खाइए । क्यों कि अब तो ट्रेन १० बजे खुलेगी । आप लोगों को कुछ चिन्ता करने कि जरूरत नहीं है । टिकट बगैरह मैं मिलालुँगा । आप लोग बैठिए, मास्टर से मैं बात करूँगा ।"

हामी आश्वस्त भयौं र खानेकुरा झिकेर खाने सुर गर्‍यौं । स्वामीजीप्रतिको आस्था, विश्वास र श्रद्धा झन्झन् बढ्दै गयो । उहाँले भन्नुभयो- "कलकत्ते में वेलोर मठ में अपना निवासस्थान है । आप लोग भी कभी उधर आइएगा । रामकृष्ण परमहंस का आप लोग ने नाम अवश्य सुना होगा । किताब बगैरह

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पढा होगा। उनकी दक्षिणेश्वर मठ से बेलोर मठ कुछ ही दूर है। आप लोग अवश्य आ जाना।" उहाँले अब हामीलाई अपनत्वको घेराभित्र पार्दै लानुभयो अनि आनन्दसित हाम्रो रात बित्यो।

बिहान करिब ७ बजे त्यो ट्रेन वाराणसी पुग्यो। त्यहाँबाट फेरि प्रयागका निम्ति अर्को ट्रेन चढ्नुपर्ने थियो। ट्रेनभित्र पस्न हामीलाई साह्रै मुस्किल पऱ्यो। हामी दुवै दिदीबहिनी मोटा पनि र अवस्था पनि ढल्किसकेकाले यात्रा मुस्किल थियो। स्वामीजीले आफूले कष्ट सहेर हामीलाई धक्काधक्कीबाट रक्षा गर्दै ट्रेन चढाउनुभयो। साढे बाह्र बजे मुख्य शाहीस्नानको परम मुहूर्त मानिएको थियो। यो स्नान र अन्यमा ज्यादै अन्तर मानिन्थ्यो। त्यही बेला त्यहाँ पुग्नु ज्यादै जरुरी थियो। हामी त अब सम्पूर्ण भार स्वामीजीलाई सुम्पेर निर्धक्क भएका थियौं। उहाँले हामीलाई सम्बोधन गर्दै आज्ञा भयो- "माताजी, आप लोग निश्चिन्त रहिए। मैं शाही स्नान के समय त्रिवेणी में आपलोगों को स्नान अवश्य कराऊँगा। तत्पश्चात् ही मैं आपलोगों से बिदा लुँगा।"

दया र प्रेमको परोपकारी साधुहरूको अहैतुकी कृपामा नै सायद परमेश्वरको कृपा लुकेको हुन्छ। बिनाकारण जीवहरूलाई दया गर्नु नै उहाँहरूको सर्वोपरि कर्तव्य हुँदो रहेछ। हामी १/२ करोड मनुष्यको भीडमा पुग्यौं। धेरै टाढादेखि नै बस रोकियो। भीडको धक्काधक्की सहँदै हामी अघि बढ्दै गयौं, खालि स्वामीजीहरूको भरोसाले। अब हामी गङ्गाकिनारामा पुग्यौं। पुलिसहरूको नियन्त्रण, अन्य कार्यकर्ताहरूको सम्बोधन तथा अनेक संस्थाका स्वयंसेवकहरूको निगरानीमा हामी अगाडि बढ्दै गयौं। जस्तै भीड भए पनि उनीहरूको निर्देशनमा हिँड्दा त्यति दुःख भएन। त्यहाँको व्यवस्था पनि निकै राम्रो थियो। अनेक बाटाहरू बनाएर स्नानको व्यवस्था मिलाइएको थियो।

त्यहाँ एक्कासि ठूलो हल्लाखल्ला भयो। स्वामीजीले एकतर्फी उभिन लगाइबक्सियो। अनि मैले कहिल्यै नदेखेको कुरा देखें। लाखौंका सङ्ख्यामा काला नागाहरू तरबार चम्काउँदै अघि बढ्दै आइरहेका थिए। पहिलो स्नान उनीहरूको हुँदो रहेछ। त्यसपछि अनेकौं हौदा कसेर सिँगारिएका हात्तीमा भारतका प्रमुखप्रमुख स्थानबाट आएका हजारौं चेलाहरू आआफ्ना गुरुका पछाडि लस्कर लागेर बढेका, एवंप्रकारले अनेकौं महात्माहरू, साधुहरू, योगीहरू अवधूतहरूको स्नान हुँदो रहेछ। हात्ती, उँट, घोडाहरूको सवारीको लस्करै लाग्दो रहेछ। यसपछि बिस्तारै साधारण जनसमूहहरूको पालो आउँदो रहेछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यसपछि स्वामीजीले गङ्गानजिकै हामीलाई लग्नुभयो । उहाँले दुइटा नाउलाई इसारा गरेर बोलाउनुभयो र बन्दोबस्त मिलाएर त्रिवेणीको सङ्गममा लैजानुभयो । यस्तो स्नान मैले पहिले गरेकी थिइनँ । त्यहाँ ससाना तामाका घडाभित्र जल भरेर बन्द गरेको पाइँदो रहेछ । त्यस कुम्भलाई गङ्गाको सङ्गममा अर्पण गर्नुपर्ने नै त्यहाँको मुख्य विधान रहेछ । उहाँले प्रत्येकका हातमा त्यो दिँदै भन्नुभयो- "ल अब कपडा फेरेर बस्नुस्, म आफैं तपाईंहरूलाई स्नान गराउँछु ।" त्यसपछि उहाँले हाम्रो हात समातेर गङ्गामा प्रवेश गराउनुभयो।

स्नानपछि उहाँले भन्नुभयो- "माताजी, आपलोग कहीं देखकर विश्राम किजिए । मैं भी अपने स्थान की खोजी में जाऊँगा ।"

यति भनेर हेर्दाहेर्दै त्यो असङ्ख्य भीडमा उहाँ लोप हुनुभयो । साँच्चिकै हाम्रो स्नानकै निम्ति होला, उहाँलाई परमेश्वरले भेट गराइदिनुभएको थियो । सायद आफ्नै रूपमा । हामी झसङ्ग भयौं र यत्रतत्र आफ्नो बस्ने ठाउँ खोज्न थाल्यौं । तर त्यस भीडमा कहाँ जाने ? त्यहाँ नजिकै एउटा ठूलो रामलीला मण्डप देखियो । त्यहाँ पराल ओछ्याइएको थियो । आज रातभरि त्यहाँ रामलीला हुने रहेछ । हामी त्यसैको छेउमा गएर बस्यौं र आफूले लगेकै खानेकुरा खान थाल्यौं ।

साँझ पर्दै आयो । त्यहाँबाट हामीजस्तै अनेकौं यात्रीहरूलाई उठाउँदै गर्न थाले । हामीचाहिँ अनेक गर्दा पनि टसमस नभएर त्यहीँ बसिरह्यौं । बिस्तारै रात ढल्दै गयो । आधारातमा रामलीला सुरु भयो । हामी दर्शक बनेर हेर्दै पनि गर्‍यौं, निद्रा पनि पुऱ्याउँदै गयौं । येनकेनप्रकारेण रात बित्यो । माघ महिना, नदीको छेउ, विहानको चिसो हावा । असाध्यै चिसो थियो, हामी काँप्दै थियौं ।

भोलिपल्ट बिहान ५ बजेदेखि नै स्नान सुरु भयो । हामीले नजिकै गङ्गाकिनारमा गएर स्नान गर्‍यौं । अब भीड केही कम हुँदै गयो । मुख्य कुम्भ सिद्धियो । अब बिस्तारैबिस्तारै यात्रुहरू फर्किंदै गए । त्यहाँ खालि माघभरि नै त्यहीँ छाप्रो, पाल किरायामा लिएर एक महिना स्नानका लागि बस्न आएका गृहस्थी, साधु-सन्न्यासी र भक्तहरू मात्र हुन थाले । बल्ल वरिपरि छ्याङ्ग भयो ।

एकापट्टि 'देवराहा बाबा' लेखेर उहाँकहाँ जाने बाटो देखाइएको थियो । उहाँको दर्शन गर्ने मेरो ठूला इच्छा थियो । मैले आफ्नो इच्छा प्रकट गरें तर कसैबाट सुनुवाइ भएन । फेरि हामी अगाडि बढ्दै गयौं । अनि अनायासै हामी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विद्यानन्द स्वामीको पालमा पुग्यौं । उहाँ नेपाली सबैको परिचित महात्मा हुनुहुन्थ्यो । उहाँ प्रायः प्रत्येक वर्ष काठमाडौंमा आएर बस्नुहुन्थ्यो । त्यहाँ हामीले उहाँको दर्शन गऱ्यौं ।

त्यहाँबाट बाहिर निस्किनेबित्तिकै बाटामा मेरी ठूल्दिदीकी बुहारी सुभद्राले हामीलाई भेटिन् र आफू बसेको ठाउँमा जान साह्रै कर गरिन् । हामीले उनको हार्दिक श्रद्धालाई नकार्न सकेनौं । उनी एक महिनाभरि बस्ने गरेर आफ्ना दाजु, मामा, बहिनी र आफ्ना परिवारसित आएकी रहिछन् । उनले आग्रहसाथ हामीलाई लगेर राखिन् । घरबाट हिंडेदेखि हामीले राम्ररी खाना खाएका थिएनौं । उनले हामीलाई मीठो दाल-भात पकाएर श्रद्धासित खुवाइन् । त्यहाँ उनीहरू बसेको देखेर साह्रै रमाइलो लाग्यो । यसरी बस्नेले पो त साँच्चिकै कुम्भको मर्यादा प्राप्त गऱ्यो भन्ने मैले सोचें । त्यहाँ घरको जस्तै सम्पूर्ण बन्दोबस्त मिलाइएको थियो । पूजापाठ, होम सम्पूर्ण कुरा त्यहाँ गरिएको मैले देखें । मलाई साह्रै आनन्द लाग्यो । उनले अझ एक-दुई दिन बस्ने आग्रह गरेकी थिइन् तर हामीलाई अनुकूल थिएन ।

त्यताबाट हामी बनारसतिर लाग्यौं । बनारसमा दुई रात बसियो । विश्वनाथजीको दर्शनको आनन्द प्राप्त भयो । त्यहाँ दिज्यूको आफ्नै मामाको घर थियो । आरामसित रमाइलो गरेर बस्यौं । अनि भोलिपल्ट फेरि हाम्रो फर्किने तयारी भयो । भोलि बिहानै रक्सौलको ट्रेन चढेर बिस्तारैबिस्तारै हामी घरतिर लाग्यौं ।

यस्तै थियो मेरो कुम्भको यात्रा । स्वामीजीको अविस्मरणीय प्रेम र दयाको सम्झना मेरो मनमा जीवनपर्यन्त बाँचिरहनेछ ।

❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जीवनघटनाका सम्झनाहरू

कहिलेकहीं मन अचानक विगतका तीता-मीठा सम्झनाहरूमा अल्झिन पुग्छ । बिस्तारै मन र मस्तिष्कलाई छोएर द्रुत गतिले घटनाहरूलाई समेटेर यसैसित तादात्म्य राख्दै भूतसित एकात्म बनेर बग्न पुग्छ र भूतकै दृश्यावलीहरूमा हराउँदै जान्छ ।

म आफ्ना यस्तै धेरै वर्षअगाडिका घटनामा उभिन पुग्छु जुन बेला आफ्नो यौवन, रूप तथा सौन्दर्यको मदले मस्त र स्वाभिमानले आफ्नै चालढालमा गर्वित बनेर उभिएकी थिएँ । स्वजनहरूको स्नेह र प्रेमले ओतप्रोत बनेर निर्विघ्न थिएँ ।

नव आकाङ्क्षा, नव जीवन, नवीन कल्पना, नव उमङ्गले प्रफुल्लित थिएँ र आफूलाई निकै भाग्यमानी मान्दै वसन्तको नव पल्लवित पालुवा तथा सुन्दर फूलहरूजस्तै आफ्नै जीवन-परिवेशसँगै हाँस्दै र झुल्दै थिएँ । त्यस बेलाको ठूलो तथा सम्पन्न परिवार, जताततैबाट यश तथा अर्थको वृद्धि भएका वेला कुल र खानदानको अहम्ले सिँगारिएको त्यो ठूलो घर ।

त्यस बेला भर्खरै राणाकालीन शासन अन्त्य भएको थियो । हुन त मेरा ससुराज्यू जुद्धशमशेरको ज्यादै विश्वासी र भाइसमान स्नेह पाउने व्यक्ति होइबक्सिन्थ्यो तर उहाँको पहुच जुद्धशमशेरका दरबारमा मात्र नभएर श्री ५ का दरबारमा पनि प्रशस्त थियो । त्यसैले राणाकालीन अन्त्यको असर हाम्रा घरमा त्यति परेको थिएन । परिस्थिति पूर्ववत् नै रहेको थियो । परिवारमा निर्भयता र सन्तुष्टि नै देखिन्थ्यो । मलाई त्यति राजनीतिका कुरामा समावेश भने गरिँदैनथियो ।

सायद त्यस बेला म अल्पज्ञ, अन्जान, सानी बुहारी मात्र थिएँ । त्यस बेला हामीलाई मनोरञ्जनका कुराहरूमा मात्र दिलचस्पी हुन्थ्यो । एक वर्षमा गाईजात्राको सात दिनचाहिँ गाईजात्रे नाच, गाना र अनेक किसिमका हास्यव्यङ्ग्यका प्रदर्शनीहरू हुन्थे । खालि राणाहरूका घरमा सिनेमा हेरिन्थ्यो । मेरी सासूज्यूले जर्साबहरूसित बिन्ती चढाइबक्सेको थियो- "सरकार, मेरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

छोरीवुहारी सिनेमा भनेपछि मर्न खोज्दछन्, खवर बक्सेमा आउने थिएँ ।" त्यसैले कुनैकुनै वेला हामीलाई ढोके पठाएर बोलाइन्थ्यो ।

हाम्रो त्यस वेलाको उत्साहको वर्णन गर्न सक्दिनँ । मानौं सोभ्कै स्वर्ग जान लागेजस्तो खुसी हामीलाई लाग्दथ्यो । यसमध्ये पनि साह्रै हेर्न मन लाग्नेहरूमा मेरी कान्छी नन्द सानुमैया र म नै सर्वप्रथम गनिन्थ्यौं । सिनेमा हेर्न भनेपछि हाम्रा गोडा नै भुइँमा हुँदैनथे । दौडादौड गरेर हामी ढोकामा पुग्दथ्यौं । त्यस बेला बाहिर कतै सिनेमाहल थिएन न त अरू कुनै मनोरञ्जनका माध्यमहरू नै थिए । भारत नगई फिल्म हेर्न नपाइने बेला हाम्रा निम्ति यो कम सौभाग्यको कुरा पनि थिएन ।

यस्तै आनन्द र उमङ्गले दिन वितिरहेका थिए । थाहा थिएन, अचानक विस्तारै हाम्रा घरमा दुर्भाग्यले पाइला चाल्दै रहेछ, तर त्यो कुरा भने अज्ञातै थियो । अकस्मात् बादल गर्जेर चट्याङ परिसकेछ, तैपनि हामी वेहोस नै थियौं । २०१० साल कार्तिक महिनाको लक्ष्मीपूजाको अघिल्लो दिन थियो । हामी सवै छोरीबुहारीलाई वरिपरि राखेर चोकमा बसेर सासूज्यू काम अह्राउँदै होइवक्सिन्थ्यो । जाडो महिनाको बिहानीको रमाइलो घाममा हामी सवै उहाँका वरिपरि वसेका थियौं । कसैले भाइटीकाको मिठाई बनाउने, सेल पकाउने व्यवस्था थियो भने कसैले फलफूल मिलाउने, मसला केलाउने ।

उहाँ यस्तै विभिन्न कामवारे हामीलाई सम्भाउँदै होइवक्सिन्थ्यो, हामी भने उहाँका आँखा छलेर आपसमा जिस्किँदै, हाँस्दै, रमाइलो गर्दै थियौं । वातावरण रमाइलो थियो । जाडो सुरु भएका वेला करिब आठ-नौ बजेको थियो । ससुराज्यू वाहिरवाट सवारी भयो । उहाँका हातमा 'गोरखापत्र' थियो । भित्र पस्नेबित्तिकै सासूज्यूलाई सम्वोधन गर्दै आज्ञा भयो- "हेर, माहिला वाबूलाई त विक्रमान सिंहले हत्याको झूटो आरोप लगाएछ ।"

हामी सवै स्तब्ध भयौं । मेरा त हातगोडा पनि काँप्न थाले । सासूज्यू उठेर कोठाभित्र गइवक्सियो । त्यहाँ के कुरा भयो, हामीलाई केही थाहा भएन तर भयानक दुर्भाग्यको भावी आशङ्काले भने मलाई द्रवीभूत तुल्याउँदै गयो । हामी सवै उत्साहविहीन र दुःखी बनेर त्यहीँ बसिरह्यौं । अब हामी सवै तिहारको कार्यक्रमप्रति उदासीन भयौं । उत्साह र हर्ष एकैछिनमा कुलेलम भए ।

केही क्षणपछि सासूज्यू हामी भए ठाउँ सवारी भयो तर उहाँको मुख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अँध्यारो थियो । आँखा पनि आँसुले भरिएका थिए । म चुप लागिरहें । कसैलाई यस विषयमा सोध्ने साहस भएन ।

यस्तै प्रकारले ४/५ दिन बिते । म भन्थें- "हरे घर किन नआएको होला ! यदि भाइटीकालाई घर आइदिएको भए यो आपत् त पर्ने थिएन नि ।" हाम्रो भेट नभएको पनि झन्डै एक वर्ष भइसकेको थियो । मेरा केटाकेटी सानासाना भएकाले उनीहरूलाई गाउँमा लैजानु हुँदैनथ्यो । त्यस कारण नै हामीलाई छुट्टिएर बस्ने बाध्यता थियो । उहाँ त्यस बेला गाउँमा बसेर खेती गर्नुहुन्थ्यो भने म घरमा बसेर मान्यजनको सेवा र बच्चाहरूको लालनपालन गर्थें । अहिले जस्तो बुहारीहरूले मन लागेको कुरा गर्ने स्वतन्त्रता त्यस बेला थिएन । सर्वप्रथम मान्यजनहरूको आज्ञापालन नै सर्वोपरि मानिन्थ्यो । घर र घरको मर्यादामा बाँधिएको आदर्श जीवन थियो ।

पछि थाहा पाउँदै गएँ– उहाँ अब लुकेर वीरगन्जमा अर्काका घरमा बस्नुभएको छ । त्यस बेला यातायातको केही सुविधा पनि थिएन । वीरगन्जसम्म पुग्न पनि धेरै गाह्रो थियो । थानकोटबाट भीमफेदीसम्म हिँड्नुपर्थ्यो । हिँड्न नसक्नेले उलिनकाठ या घोडामा जानुपर्थ्यो । आफ्नो सरसामान डोकामा बोकाएर बाटो लाग्नुपर्थ्यो । त्यसपछि अहिलेको ट्रकजस्तो लहरी भन्ने पाइन्थ्यो । त्यसमा बसेर अमलेखगन्जसम्म जानुपर्थ्यो र त्यहाँबाट सानो रेल चढेर वीरगन्ज पुगिन्थ्यो । हाम्रो गाउँ जितपुरमा पर्दथ्यो ।

मलाई भने यस्तो दुःखका बेला आफ्ना पतिको सेवामा जान पाए हुन्थ्यो भन्ने इच्छा लागिरहेको थियो तर त्यो सम्भव थिएन । यस्तो बेला उहाँलाई दिनुपर्ने सान्त्वना, समवेदना, धैर्यबाट वञ्चित हुनुपर्दा साह्रै दुःख र पीडाको अनुभव भए पनि उहाँहरूकै स्वविवेकको प्रतीक्षा गर्नुबाहेक अर्को माध्यम पनि मेरा निम्ति थिएन । म अन्यमनष्क बनेर घर, सासूससुरा तथा सानासाना बच्चाहरूको सेवा गर्दै मौन बसिरहें ।

भोलिपल्ट थाहा पाएँ– त्यहाँको हालखबर र छोराको हेरविचार गर्न ससुराज्यूले आफ्ना एक कारिन्दा सानुकाजी भन्ने व्यक्तिलाई वीरगन्ज पठाइबक्सेको रहेछ । त्यो पनि मैले उनी फर्केपछि मात्र थाहा पाएँ । मनमा लाग्यो– एउटा चिठी मात्र पनि पठाउन पाए त हुन्थ्यो । बिचरालाई अलि खुसी पनि त लाग्ने थियो होला । अनि सबै कुरा मनमै राखेर मौन बसिरहें । यस्तै थियो त्यस बेला । ५ छोरी, ३ छोरा तथा अनेक नातिनातिनाले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भरिएको परिवार । तीन वुहारी अनि त्यस बेलाको भव्य दरवारजस्तो राम्रो सुसम्पन्न घर ।

तर सवै सम्पन्नताभित्र पनि एउटा कठिन दुःखको सामना त्यस घरले भोग्नुपरिसकेको थियो । वुहारी भित्र्याएको तीन वर्षपछि नै उपचारनिम्ति भारतको ठूलो हस्पिटलमा भर्ना गरिएका ज्येष्ठ पुत्रको अचानक मृत्युको खवर सुन्नुपरेको थियो । यो पुत्रशोकले मेरी सासूको मुटुलाई विदीर्ण पारिसकेको थियो । अनुपम अद्वितीय सुन्दरी वुहारीलाई चौध वर्षका उमेरमै श्वेतवस्त्रमा लपेटेर राख्नुपरेको हृदयघाती दुःखले मातृहृदयलाई विक्षिप्त पारिसकेको थियो । त्यसमा फेरि यो अर्को सामर्थ्यवान् ठूलो छोरालाई परेको दुःखदायी खबर सुनेदेखि नै उहाँका आँखा ओभाउन सकेका थिएनन् । मवाट छलिएर उहाँ आफ्नो आँसु पुछिवक्सिन्थ्यो । म पनि एक्लै रुन्थें । छोराछोरी सानासाना हातले मेरो आँसु पुछ्ने प्रयास गर्थे ।

सात दिनपछि सानुकाजी फर्केर आए अनि बल्ल त्यहाँको वस्तुस्थिति थाहा पाएँ । सासूज्यूले मलाई बोलाएर मर्जी भो- "हेर रमा (मेरो घरमा बोलाउने नाम), हामीलाई कस्तो दुःख पर्‍यो ! विक्रमान सिंहले हाम्रो शत्रुताको फाइदा उठाएछ । अन्यायमा निर्दोष माहिला वावूलाई पोलेछ । त्यहाँका थारू र भूमिहारवीच वर्षौंदेखि पानीकुलोका विषयमा झगडा भइरहन्थ्यो । अहिले त्यसले भीषण रूप लिएछ । भाला र वन्दुक लिएर दुवै पक्षको घमासान पर्दा तीन जनाको मृत्युसमेत भएछ । यसैमा विक्रमानले फलानो जमिनदार पनि वन्दुक लिएर वसेको थियो भनी आफ्नै नोकरचाकरहरूद्वारा पोलाइदिएछ । सरजमिन पनि थारू तथा अरू कुनै व्यक्ति नभएको वेला पारेर एकतर्फी गराएछ । अहिले त यस्तो मुद्दामा थुनामा राखेरै कारवाही गर्ने कानुन छ रे । हेर, अव के गर्ने ?"

यस्तै कुरा गर्दै उहाँ र म धेरैवेरसम्म रोइरह्यौं । त्यस वेला मैले महसुस गरें– आखिरमा पुरुषजातिको सर्वोपरि आमा र पत्नी नै प्रेमको अन्तर्निहित अवलम्वन रहेछ । दाजुभाइ, दिदीवहिनी, साँच्चै भनूँ भने अझै पिता पनि, त्यति द्रवीभूत हुँदा रहेनछन् । पिता पनि आफ्नो कर्तव्य पूरा गरेर सन्तोष लिन सक्दा रहेछन् । तर माता र पत्नी भने उसको दुःखका साथै आफू पनि त्यस्तै अशान्त, व्याकुल तथा विक्षिप्त बनेर वस्दा रहेछन् । आमा र पत्नीलाई जे वित्छ त्यो नै रहेछ नारीजातिको उत्सर्ग, स्नेह, प्रेमको अमूल्य उदाहरण ।

अव विस्तारैविस्तारै मेरो जीवनाकाशमा घनघोर अन्धकारको कालो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वादल छाउँदै गयो । सासूज्यूले एक दिन मलाई एकान्तमा राखेर आज्ञा भयो- “रमा, तिमी र म भोलि वागदरबार जाऔँ । त्यहाँ काहिँला जर्साब होइबक्सिन्छ । काहिँली महारानी (हरिशमशेरकी रानी) यहाँ भइदिएको भए त मलाई यो काम गर्न केही गाह्रो हुने थिएन तर उहाँ स्वर्गे भइसकिबक्सियो । हुन त महेन्द्र युवराज सरकारको पहिलो विवाह तिम्रा ससुराले मोहनशमशेरसित लडेर गराइबक्सेको हो । यो गुण अवश्य जर्नेलले बिर्सिएका छैनन् होला । भोलि जानुपर्छ । तिमीले केही बोल्नुपर्दैन, सवै कुरा म गर्छु । तिमीचाहिँ जर्नेलको अगाडि रोइरहनू ।” मैले स्वीकृतिको शिर हल्लाएँ ।

भोलिपल्ट चोकमा दुई उलिनकाठ ठीक भए, उहाँलाई बोक्ने तीन जना ज्यापू, मलाई दुई जना थिए । उलिनकाठ बोकेर उनीहरू ढोकावाट निस्किए । कुपण्डोल घरवाट कानदेवतास्थान, वाग्मती पुल, त्रिपुरेश्वर हुँदै हामी नागस्थान वागदरवारको ढोकामा पुग्यौं । ढोकामा उलिनकाठ विसाए । त्यहाँवाट भित्र हाजिर पुऱ्याउनुपर्ने रहेछ । भित्रबाट वोलावट आए मात्र प्रवेश पाइने ।

सासूज्यूले “गुरुमा बज्यै दर्शनमा हाजिर हुनुभएको छ भनिदिनुस् न, ढोके वावू !” भनिबक्सियो । ऊ भित्र गयो । करिब आधा घण्टापछि ऊ फर्केर आयो र “जानुस्” भन्यो । अब हामीलाई डोलेले फेरि उचालेर दुई चोकसम्म पुऱ्याई बिसाए । हामी ओर्लियौं र बिस्तारैबिस्तारै दुई चोक फेरि नाघेर ठूलो भऱ्याङमा पुग्यौं र चढ्न थाल्यौं । फेरि माथि पुगेर लामोलामो कोरिडोर हुँदै बल्लबल्ल जर्नेलको खोपीबाहिर पुगेर नतमस्तक भई उभिरह्यौं । त्यहाँ उभिएकी सुसारेलाई फेरि भित्र हाजिर पठाउनुपऱ्यो । केहीबेरपछि भित्र जाने आज्ञा प्राप्त भयो र पस्यौं । मेरी सासूज्यू हात जोडेर डराउँदै निहुरिरहिबक्सियो । म पनि तदनुरूप गर्ने चेष्टा गर्दै पछिल्तिर उभिरहें । धेरैबेरपछि जर्साबले ठूल्ठूला आँखाले पुलुक्क हेरेर “ल बस, किन आयौ ?” भन्ने आज्ञा भयो । अब विस्तारै सासूज्यू आफ्नो विपत्-गाथा बिन्ती गर्न लागिबक्सियो । उहाँले छिनछिनमा पछाडि फर्कंदै मलाई आँसु बगाउन सङ्केत पनि गर्दै गरिबक्सियो । तर मेरो मनस्थिति भने अर्कैतिर बग्दै गइरहेको थियो । मलाई त्यस वातावरणबाट वाहिर भाग्न ज्यादै हतार लागिरहेको थियो तर म विवश थिएँ ।

सासूज्यूवाट सबै कुरा सुनेपछि बल्ल जर्नेलबाट मर्जी भो- “ल साँच्चिकै भन, तिम्रो छोराले मान्छे मारेको होइन त ?”

सासूज्यूले मर्जी भयो- “होइन सरकार, भूमिहारसित जग्गासम्बन्धी पुरानो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रिस-ईवी थियो । यसै कारणले शत्रु-साधनाको मौका पाऱ्यो । सरकार, यी वुहारीलाई शरणमा ल्याएकी छु । गरिबपरवर निगाह रहोस्, सरकारलाई ठूलो पुण्य हुन्छ । यिनको आँसु पुछिबक्सियोस् । जय होस् सरकार, करुणा राखिवक्सियोस् ।"

ठूलो गर्जना गर्दै जर्नेलबाट मर्जी भयो- "ल भन, मैले के गर्नुपऱ्यो ?"

सासूज्यूले डराईडराई मर्जी भयो- "सरकार, अहिलेलाई थुनामा नराखी कारबाही गरिदिनू भन्ने आदेश श्री ५ सरकारबाट गराइवक्सियोस्, अरू निर्णय भने पछि हुँदै गर्छ । यति भए अहिले छोरा घरमा आएर आफ्ना जहानबच्चासित बस्न पाउँथे, लुकेर बस्नुपर्दैनथ्यो । पछि सत्य र असत्यको निर्णय अवश्य नै हुनेछ ।"

यति भनेपछि उताबाट ठूलो आवाजमा गर्जना भयो- "ल जाऊ, म गराइदिउँला ।"

सासूज्यूले अब ठूलो विजयप्राप्तिको अनुभव गरेर लामो श्वास फेरिबक्सियो अनि मलाई उठ्ने इसारा गरिबक्सेपछि पछाडि सर्दैसर्दै वाहिर निस्क्यौं ।

वाहिर के निस्केका थियौं, सासूज्यूबाट ममाथि मीठो गालीको बौछार हुन थाल्यो- "रमा, तिमी के भएकी ! त्यति सम्झाउँदासम्झाउँदै पनि किन नरोएकी ? तिम्रो आँसु देखेर दया लाग्ने थियो कि ?"

मैले भनें- "हजुर, एक त मलाई कसैका अगाडि आँसु नै आउँदैन, त्यसमा पनि यस्तो राक्षसजस्तो पुरुषका अगाडि के रुनू ? जो त्यस्ता राम्राराम्रा केटी लिएर नारीजातिकै अपमान गर्दै उनीहरूको पवित्रता, शुद्धता, सत्यतासित नै निर्मम खेल खेल्दै छ, त्यस्तो चरित्रहीन, भ्रष्ट, धन र मानले मात्तिएको पुरुषका अगाडि एक स्त्रीको आँसुको के मूल्य हुन्छ ? हजुर, मलाई माफ गरिबक्सियोस्, मेरो हृदय त घृणाले भरिएको थियो । त्यहाँ मेरो आँसु नै आएन, मेरा मनमा त्यस पुरुषप्रति विद्रोह र क्रोधको अग्नि दनदन दन्किरहेको थियो । वगरेका अगाडि किलामा बाँधिएको खसीले रोएको जस्तै हुने लाग्यो ।"

मेरो तर्कअगाडि उहाँ केही बोलिबक्सिएन । हामी घर फर्केर आयौं र आफ्नो गृहकार्यमा संलग्न भयौं । यस्तै तवरले जर्नेलको आदेशको आशा वोकेर हामी चिन्तामा डुब्दै दिन पर्खिरहयौं । तर पन्ध्रौं दिन बित्यो, उसको अत्तोपत्तो भएन । अनि बिस्तारै हाम्रो आशामा पनि तुषारापात हुँदै गयो ।

अब अर्को प्रयासपट्टि उहाँहरूको सोच हुन थाल्यो– श्री ५ बडामहारानी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रत्नका दाजु शम्भुराजाकहाँ विन्ती चढाउनुपर्छ । जर्नेलको कुरा त कसैले सुन्दैन भन्ने सल्लाह भयो । हामी फेरि त्यही तवरले दरबारमा पुग्यौं । छोराका दरवारको लङ अर्कै थियो । त्यस्तै तीन चोक नाघेर खोपीवाहिर पुग्यौं र रानीसावमा बिन्ती चढाएर भित्र प्रवेश गऱ्यौं । त्यहाँको वातावरण मेरा निम्ति त्यति नराम्रो थिएन । रानीसाव पनि सौम्य, हँसिली र मृदुभाषी थिइन् । शम्भु जर्नेलको भने दर्शन पाइएन । बाहिर सवारी भएको रहेछ । रानी सुशील, नवढेकी, सरल भएकीले हामीलाई दु:खको गाथा फुकाएर बिन्ती गर्न सजिलो भयो । उनका अगाडि मैले सासूज्यूको आज्ञापालन गर्न प्रयत्न गर्नैपरेन, पतिको मुक्तिको कामनाले अनायासै मेरा आँखावाट आँसु बग्न थाल्यो । रानीले सवै कुरा जर्नेलमा बिन्ती चढाइदिने आश्वासन दिएर हामीलाई विदा गरिन् ।

त्यही दरवारमा फेरि अर्को प्रयासचाहिँ ससुराज्यूले गरिवक्स्यो । सुशीलराजा, श्री ५ रत्नका कान्छा भाइ, साह्रै मन परेका हुनाले उनलाई उहाँवाट आदेश गराउन सकिन्छ कि भनेर ससुराज्यू आफैं गएर विन्ती चढाइवक्सेछ । यस्तै गर्दै आसैआसमा दिनहरू बित्दै गए ।

वीरगन्जमा अर्काका घरमा लुकेर बस्दा उहाँलाई पनि ज्यादै दु:खको अनुभव भयो । सुसम्पन्न परिवारमा जन्मेर, हुर्केर बालककालदेखि सुख र सयलमा वसेको व्यक्तिलाई असत्यमा अनायास आइलागेको भयानक दोषारोपण खप्न साह्रै गाह्रो भयो । उहाँको मस्तिष्कले यो भीषण आघात सामना गर्न सकेन । उहाँ गुमसुम बस्ने, कसैसित नबोल्ने, अनेक तर्कवितर्क गर्ने, सवैसित डराउने गर्न लागेको खबर पनि आउन थाल्यो । अव त उहाँको मानसिक सन्तुलन नै विग्रिने चिन्ताले सताउन थाल्यो ।

यस परिस्थितिले मेरो धैर्य, साहस, सहनशीलता सम्पूर्णलाई आतङ्कित तुल्यायो । छोराछोरीले पनि अलिअलि कुरा बुझ्न थाले । उनीहरू टोलाएर मूकदृष्टिले आमालाई हेर्न लागे । यसपछिका कैयौं रात म निदाउन सकिनँ । अव कसैको आशा र भरोसा पनि भएन । जताततैबाट निराशा र दु:खसिवाय केही थिएन । राति ओछ्यानमा बसेर म ईश्वरसित प्रार्थना गर्दथें ।

अचानक एक रात मेरा मनमा विचार आयो– आफ्ना पिताजीलाई चिठी लेख्ने । अव म उठेर सरदार शिवनाथ कविराजज्यू (मेरा पिताजी) लाई चिठी लेख्न बसें । आमा म जन्मेको केही दिनपछि नै परलोक भएकी र ४५ दिनमा पिताजीले अर्को विवाह गरिसकेकाले पिता पनि पिताजस्तो नहुने कुरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विदितै छ यस लोकमा । यो नयाँ कुरा होइन । त्यसैले म त्यहाँ केही स्नेह र प्रेम पाउन्नथें । न त कहिले पिताको स्पर्श र संस्पर्श पाएको याद छ । चुम्बन र आलिङ्गन त धेरै टाढाको कुरा, बाबुको नजिकैको स्पर्श पनि जीवनले अनुभव गरेन । प्रेमबिनाको नाता पनि के नाता ? मेरो पनि त्यहाँ केही थिएन । त्यहाँ कसैलाई मेरो प्रेम नै थियो न त आवश्यकता नै थियो । अन्त्यमा विवश भएर मैले विमातृ पिताज्यूको ढोका ढकढक्याउन बाध्य हुनुपऱ्यो । त्यस घरमा आफ्ना दु:खको दास्तान लिएर जानु पनि मरेतुल्य हुनु नै थियो । तर यस दु:खमा प्रभुकै प्रेरणाले होला सायद, म पिताको आश्रय लिन पुगें ।

त्यस राति मैले एक पाना चिठी लेखें । भोलिपल्ट घरको एउटा नोकरका हात लगाई पिताज्यूकहाँ पठाएँ । त्यस बेला उहाँ भुजा खाएर दरबार जान लुगा फेर्दै हुनुहुँदो रहेछ । त्यो चिठी हेरेर कोटमा राखेर दरवार जानुभएछ । उहाँलाई आजीवन नारायणहिटीको जागिर प्राप्त थियो । दरबारबाट बिहान ८ बजे नै बग्गी आएर ढोकामा उभिन्थ्यो । सत्र भाइ राणाजीकहाँ पनि उहाँको निरानन्द प्रवेश थियो ।

उहाँको आफ्नै योग्यताको प्रभाव समाजमा जताततै व्याप्त थियो तथा रोग चिन्ने र आफैंले निर्माण गरेका औषधिद्वारा रोगीलाई परम स्वस्थ वनाउने अक्षुण्ण शक्ति परमेश्वरले दिएका थिए । यही कारण पनि त्यस बेला सकेसम्म ब्राह्मणलाई सरदारको पदवी दिइने चलन नभए पनि उहाँले पाउनुभएको थियो । समाजमा जताततै उहाँको चर्चा-परिचर्चा व्याप्त थियो तर यो सबै कुरा हाम्रा निम्ति 'आकाशको फल आँखा तरी मर्' भनेजस्तो मात्र थियो ।

त्यस दिन राजाका अगाडि उपस्थित भएर छोरीका निम्ति "सरकार, मेरी छोरीको चिठी, आमा नभएकी छोरी, दु:ख नपाओस् प्रभु, दयासागर करुणानिधान !" भन्नुभयो रे । अनि स्वयं राजाले आफैं चिठी पढेर हुकुम भएछ- "ए कविराज, तिम्री छोरीले कति पढेकी छन्, हँ ? ... कस्तो राम्रो चिठी लेखेकी !" फेरि हुकुम भएछ- "कस्तो बुद्धिमान् रहिछ ! यो चिठीले मेरो हृदयलाई छोयो । ल म अहिले नै थुनामा नराखी कारवाही चलाइदिनू भन्ने आदेश गरिदिन्छु र पछि-परन्तुमा मुद्दामा केही परेमा पनि म आफ्नो भिटो लगाएर तिम्रो ज्वाइँलाई छोडिदिन्छु । तिम्री छोरीलाई भनिदेऊ । कविराज, अझै पनि यो छोरीलाई केही पढाइदेऊ ।"

यो सुनेपछि उपेक्षित र मिल्काइएकी छोरीप्रति पिताज्यूको हृदय पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

खुसीले भरिएछ । राजाको मूल्याङ्कनबाट यसपछि पिताज्यूले मलाई बोलाउनुभयो र भन्नुभयो- “अब पीर गर्नुपर्दैन । ज्वाइँलाई बोलाएर घरमा राखे हुन्छ । अब भोलि नै आदेश सर्वोच्चमा पुग्छ ।” यो सुनेर म पनि घर फर्केर आएँ । यस खबरले घरमा सबैको हृदय खुसीले भरियो ।

मेरा पिताजीको प्रसिद्धि नेपाल र भारत सबैतिर फैलिएको थियो । हुन त उहाँले साधारण कविराज पास गर्नुभएको थियो, तर आयुर्वेद औषधि निर्माण गर्ने उहाँको आफ्नै नयाँ तरिका तथा रोगनिवारण गर्ने शक्ति र क्षमता अतुलनीय नै थियो । नेपालका सत्र भाइ राणाका दरबार उहाँका निम्ति आफ्नै थिए । यति मात्र होइन, कवि, चित्रकार, साहित्यिक, नाटककार, ज्योतिषी, वैदान्तिक सम्पूर्ण कृति र ज्ञानविज्ञानको चर्चा त्यहाँ नै गर्न पुग्दथे र उहाँबाट नै आआफ्ना विषयको मूल्याङ्कन पाउन खोज्थे ।

एकपल्टको उहाँको डाइग्नोसिसले विदेशी डाक्टरहरूलाई पनि चकित पारेको थियो । त्रिभुवन सरकार बिरामी परिबक्सियो । त्यहाँ पिताजीले रोग पहिचान गरेर औषधि गर्दै हुनुहुन्थ्यो तर त्यस बेलाका महान् राजा, नेपालीलाई राणाको शासनबाट मुक्त गराएर प्रजातन्त्र दिने राजा, दरबारको चारदिवारबाट उम्केका स्वतन्त्र यशस्वी राजालाई जुरिच (स्वीट्जरल्यान्ड) मा गएर आफ्नो चेक अप गराउने इच्छा भयो । सवारीको सबै कार्यक्रम तयार भयो तर पनि राजाले पिताजीलाई छोड्न चाहिबक्सेन । उहाँलाई साथै लिएर जाने इच्छा गरिबक्सियो । तर यस कुरामा पिताजीलाई राजी गराउन भने निकै प्रयत्न गर्नुपऱ्यो ।

उहाँ छुवाछूत मान्ने नैतिक ब्राह्मण, हिन्दू धर्मावलम्बी, बाहिर कहीं केही खानुहुन्नथ्यो । राजाले ज्यादै आग्रह गरेपछि उहाँले भन्नुभयो- “सरकार, म जान त जान्छु तर मलाई केही खानचाहिँ हुकुम नहोला । म फल, दूध र ड्राई फुड्स मात्र खान्छु ।” राजाले वचन बक्सियो । दाह्री पालेर मयलपोस, कोट, टोपीलगायत नेपाली वेशभूषामा मात्र सदैव रहेको व्यक्तिलाई राजाले सुट-टाई पहिऱ्याएर दाह्री खौरिन लगाई युरोपेली बनाएर साथै लगिबक्सियो । सात फुट अग्लो स्वस्थ राम्रो व्यक्तित्वका धनी मेरा पिताजीलाई यो नौला पहिरन पनि साह्रै सुहाएको थियो ।

जुरिचमा डाक्टरले राजाको सम्पूर्ण चेकअपसँगै यहाँ दिइएका औषधिहरू जाँचे । स्वास्थ्य रिपोर्ट देखेर राजा र त्यहाँका सबै डाक्टरहरू छक्क परे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपालमा खालि नाडी समातेर पिताजीले राजालाई मुटु रोग भएको निदान गर्नुभएको थियो । जुरिचमा अत्याधुनिक उपकरणले परीक्षण गर्दा पनि राजालाई मुटु रोग नै भएको ठहर भयो । पिताजीको डाइग्नोसिस क्षमता र योग्यताको कदर त्यहाँका विशेषज्ञहरूले गर्नैपऱ्यो । राजाबाट बक्सिने सम्मान र कदर त झन्झन् बढ्दै जाने नै भयो ।

यस्तै थियो मेरा पिताजीको वौद्धिकता तथा योग्यताको इतिहास । तर मातृविहीन हामी दुई छोरीहरूको भने त्यहाँ कुनै अस्तित्व थिएन, पिताजीको अमूर्त रूपलाई सम्मान र आदर गर्नुसिवाय ।

तर आज धेरै वर्षपछि महान् राजा त्रिभुवन सरकारप्रति नतमस्तक बनेर श्रद्धा र आदरको पुष्प निवेदन गर्छु । मभित्र लुकेको लेखनशैली र सुषुप्त कवित्वचेतनालाई सर्वप्रथम इङ्गित गरिदिने सहृदय, भावुक, साहित्यप्रेमी तथा सद्गुणको कदर र मूल्याङ्कन गर्न सक्ने क्षमता भएका त्यस्ता राजालाई कहिल्यै विर्सन सक्दिनँ ।

आज मलाई लाग्छ, बावुलाई छोरीले विपत्कालमा लेखेको एउटा मामुली चिठी पढेर कसरी राजाले उक्त दुर्बल नारीको भावना बुझिबक्सेको रहेछ ! उहाँको प्रशंसाको करिब ४०-५० वर्षपछि मेरा टुटेफुटेका कविताले पत्रपत्रिकामा स्थान पाउन थाले । यद्यपि आजको बौद्धिक वर्गबाट सम्मान र मानको कहिल्यै अपेक्षा गरिनँ र भविष्यमा पनि गर्दिनँ । खालि म आफ्नै लेख्ने इच्छालाई डोऱ्याउँदै जान्छु । मेरो लेख्ने आफ्नै स्वतन्त्रताभित्र सिर्जित यिनै अन्तःकामनाका भावधारालाई परमात्माले अक्षुण्ण राख्नुहोस् । स्वान्तःसुखाय मेरो लेखकीय मौलिक भावनाको सार्थकता र यथार्थता पनि यही हो ।

❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

एक शून्य क्षणको मृत्यु

यो ठूलो पृथ्वीको एक कुनाको उच्च पहाडको छातीमा दश-वीस घरहरू छन्। अलि तलतिर कलकल आफ्नै गतिमा खोला बग्दै छ। गाउँभन्दा माथि हरिया ठूलाठूला रूखहरू विस्तारै आफ्नै मस्तीमा हल्लिरहेका छन्। उत्तरतिर सुन्दर हिमचुलीहरू प्रभातको प्रथम सूर्यकिरणले टल्किरहेका छन्। जताततै प्रकृतिको सुन्दर मधुरिमाको परिवेशले गाउँ सिँगारिएको छ तर त्यहाँ मानिस छैनन्। घरका ढोकाहरू सवै वन्द छन्। कतैकतै घरपालुवा जन्तुहरू आफ्नै सुरमा चरिरहेका छन्। तर उनीहरूका आँखामा डर, त्रास र भयको प्रतिविम्व छ। मानौं आफ्ना प्रिय वन्धुहरूको वियोग-व्यथाले द्रवीभूत छन्। उनीहरू मनुष्य प्रेमवाट विछोडिएका छन्। उदास आँखाले बाटातिर टुलुटुलु दृष्टि घुमाएर कुनै मानवजातिको प्रतीक्षा गर्दै छन्।

त्यो शून्य वाटामा आवतजावत छैन, शून्य छ, परम एकान्त छ। मानौं भयानक महामारीले स्तव्ध पारेको मसानघाट। मनुष्यविनाको प्रकृति पनि उदास र शिथिल छ। कहीँ उत्साह छैन, रौनक छैन, वालवालिकाको चहलपहल छैन। नवयुवतीहरूको उल्लास र उमङ्गको गीत छैन। खोलाको गति र पवनको गतिसितै मिलेर निस्केको स्वरमाधुर्य छैन। खालि चराचुरुङ्गी मीठा आवाजले त्यस शून्यलाई मानौं संरचना प्रदान गर्ने अथक चेष्टा गर्दै छन्।

त्यहाँ हिमाल हर्षकै छ, नदी कलकल गर्दै आफ्नै गतिमा अहर्निश वगिरहेकै छ। वायु प्रवाहित छ। सूर्य उदाएकै छ। धूपी, साल, सल्लाहरू नाच्दै छन्। प्रकृतिको सम्पूर्ण सुन्दरता पूर्ण छ तर यहाँ के छैन त ? मात्र मनुष्यताको नामोनिसान छैन। लामालामा उकाली-ओरालीहरू निस्तव्ध, खामोस छन्। टाढा कहींकहीं कुकुर भुकेको आवाज आउँछ र केही मात्रामा शून्यलाई अनायास भङ्ग गर्ने दुस्साहस गरिदिन्छ।

यस्तै वातावरणमा एउटा घरभित्रबाट एक मनुष्यको आर्द्र आवाज आउँछ– ऐया ... ऐया ...। एक प्रौढा स्त्री आफ्नो ओछ्यानमा लम्पसार परेकी छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उनको उठ्ने शक्ति छैन । विस्तारै उठेर उनी पानी राखेका ठाउँमा पुग्छिन् तर त्यहाँ एक थोपा पानी पनि छैन । फेरि निराश भएर ओछ्यानमै आएर लड्छिन् र हृदयविदारक आवाजमा भन्छिन्- “अहो, कहाँ होला मेरो कान्छो ? हरे, कहिले आउला त्यो ? के म त्यसको मुख देखेर मर्न पाउँला ? हे ईश्वर, म के गरूँ ! सवै गाउँलेहरू विद्रोहीहरूको अत्याचार सहन नसकेर यत्रतत्र भागे, कता गए कता, मलाई पनि हिँड् नभनेको होइन तर जान सकिनँ । मेरो कान्छो एकपल्ट आफ्नो घर र आमालाई भेट्न कसो नआउला त ? हे भगवान्, के भयो त्यसलाई ? किन आएन ? अव म मरे पनि यहीं मर्छु। कहाँ जाऊँ ? वरपर सवै गाउँ यस्तै छन् । छोराहरू सबैका कहाँ गए कहाँ ! कसैलाई विद्रोहीहरूले समातेर आफ्ना गुलाम वनाए । कोही टाढावाट मुग्लान पसे भन्छन् । हरे, कहीं मेरो छोरालाई पनि आउँदाआउँदै विद्रोहीहरूले फेला पारेर आफ्नो समूहमा त मिलाएनन् ?”

विचार गर्दागर्दै उनलाई कम्प हुन्छ । उनी डङरङ्ङ त्यहीं लड्छिन् । केहीवेरपछि उनी व्युँझिन्छिन् । उनको घाँटी सुकेको हुन्छ । त्रासले हातगोडा थरथर काँपेका छन् । अन्न नखाएको कति दिन भयो, अव त पानी पनि छैन । उनी लामो श्वास फेरेर घुप्लुक्क घोप्टो पर्छिन् । मनमनै भन्छिन्– के मेरो कान्छोलाई विद्रोहीहरूले भेट्टाएर मारी त सकेनन् । उनी आफैं झस्किन्छिन् । “हरे प्रभु, मैले कस्तो अपसगुनको कल्पना गरेकी ? मेरो कान्छोलाई कसैले केही गर्दैन । त्यसले कसको के बिगारेको छ र ? यस गाउँमा उसलाई माया नगर्ने को थियो र ? कसैलाई केही नभन्ने ज्ञानी केटो पो थियो त । त्यसलाई कसैले केही गर्दैन । मेरो छोरो अवश्य आउँछ ।”

फेरि उनका मनमा अर्को शङ्का उठ्छ । उनी तर्सिन्छिन् आफैंसित । “हुन त के भन्नू, यी विद्रोहीहरूका हातमा पऱ्यो भने के गर्छन् के गर्दैनन्, अकारण पनि हिर्काइदिन्छन् । मेरा आफ्नै आँखाअगाडि पल्लो घरको माहिला कार्कीलाई छ्याकछ्याकी खुकुरीले हिर्काएर खोलामा मिल्काइदिएका थिए । त्यसपछि त रातारात गरेर सबै गाउँलेहरू घर छाडेर भागेका न हुन् । नत्र आफ्नो वासस्थान, वालीनाली, गाईवस्तु सवै छाडेर को भाग्ने थियो र ?”

यस्तै कल्पना, चिन्तना, दुश्चिन्तना गर्दागर्दै उनलाई निद्रादेवीले आफ्नो काखमा लिइदिनुभयो । केही क्षणपछि निद्रामै हल्ला सुनेर उनका आँखा खुले । “ए, भित्र को छ ? ढोका खोल्, ढोका खोल् ...” भन्ने कर्कश आवाज आइरहेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

थियो । उनी उठ्न असमर्थ बन्दै लड्दै उठ्न मात्र कोसिस गर्दै थिइन्, ढोकालाई वुटले हिर्काएर उनीहरू भित्र पसिहाल्छन् । उनी थरथर काँप्दै भन्छिन्- "बावू, म बिरामी भएर सुतेको, झट्टै ढोका खोल्न सकिनँ, नरिसाउनुस् ।"

"ए वुढिया, यहाँका सारा गाउँलेलाई कहाँ भगाइस् ? अनि भन् तेरा छोराछोरीहरू खै ? भन् ।"

"गाउँले कहाँ गए कहाँ मलाई थाहा भएन । मेरा त कोही छैनन् । मेरो एउटा छोरो कान्छो दुई वर्षअगाडि नै भारतमा काम गर्न भनेर ३-४ जना साथी मिलेर गएका, ऐलेसम्म आएका छैनन् । हजुरहरूले कान्छोलाई कहीँ भेट्नुभयो भने वरु तेरी आमा विरामी छे भनेर घर पठाइदिनुहोस् न है ।"

"ए, यो वुढिया त हामीलाई काम पो लगाउँदी रहिछ ! के हेर्छस्, हिर्का न नकचरी बूढीलाई ।"

त्यसपछि त उनको स्वर पनि फुट्नै छाड्यो । एउटाले अगाडि वढेर "ल, हामी ७ जनालाई खाना पका, कहाँ के लुकाएर राखेकी छस् ?" भनेर एउटाले वुट लगाएको गोडाले एक लात हिर्कायो ।

"हरे वाबूहरू, कहीँ केही छैन । सबै भाँडाकुँडा त्यहीँ छन्, हेर्नुस् । कति दिन भइसक्यो मैले एक सिता अन्न मुखमा हालेकी छैन । अरू त के कुरा, मैले विरामी भएर पानी लिन जान नसक्दा पिउन पनि पाएको छैन । घरमा भएको भए त म बाबूहरूलाई पकाएर खुवाइहाल्थें नि ।"

यो सुनेर एउटा केटाले भन्यो- "कस्तो अलच्छिनीको घरमा आइएछ ! यसलाई फेरि एक-दुई लात हानेर फर्कौं ।" अनि ३-४ जना क्रमैसित उनको निर्वल, अस्वस्थ, जीर्ण शरीरमा एकएक कठोर लात हिर्काएर वाहिर निस्के । उनी किङ्कर्तव्यविमूढ वन्दै "ऐया ... ऐया ..." गरेर त्यहीँ भुइँमा लडिरहिन् ।

यस्तै तवरले उनका दिन र रात बित्दै गए । जल र अन्नविना मानिसको शरीर कति दिन अड्न सक्छ र ! उनी झन्झन् शिथिल हुँदै गइन् ।

विद्रोहीहरूको त्रासले त्यस गाउँबाट गएका गाउँलेहरू कोही फर्किने आँट गर्न छोडेर यत्रतत्र छरिएका थिए । त्यस पहाडको ढुङ्गे डाँडा खोपेर, गोडेर, सागसिस्नुमा निर्वाह गरेका तथा ढिँडो-पीठोमा गुजारा गरेर तैपनि शान्तिप्रिय, प्राकृतिक, सुन्दर, स्वस्थ हावापानीमा पालिएका ती स्वस्थ र सुन्दर युवकयुवतीहरू आज यत्रतत्र बेपत्ता भएर जीवन रक्षा गर्न बाध्य भएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कहाँबाट यो मनुष्यहत्याको भयावह दारुण महामारी आयो ! उनका आँखा बिस्तारै खुल्छन् । उनलाई झझल्को आउँछ आफ्नो छोराको, सूर्यास्तको बेलाभित्र अन्धकार फैलिसकेको थियो । उनलाई भित्र छाया चलेजस्तो लाग्छ । आफ्ना छोराको पदचाप सुनेझैं लाग्छ । आफ्नो सिरानमा कान्छा उभिएर "ए आमा ! किन सुतेकी ? उठ, अब म आएँ । मलाई भोक लाग्यो, भात पकाऊ" भनेजस्तो लाग्छ अनि जुरुक्क उठ्न खोज्छिन् तर फेरि लड्छिन् ।

अब उनको प्राणले अरू शारीरिक कष्ट सहन सक्दैन । उनको प्राणपखेरु "कान्छा ! कान्छा !" भन्दै अनायास शरीरबाट छटपटाएर निस्किन्छ । अन्धकार गहन बन्दै जान्छ । टाढा कुकुर भुकिरहेको आवाज सुनिन्छ । त्यस सुन्दर घरमा निस्तब्धता छाउँदै गयो । त्यस गाउँको त्यही परिवेशमा दुलही बनेर पसेकी र पुत्रवधू बनेर गाउँलाई हँसाएर, मेलापातमा रमाएर बसेर आज पचास वर्षको प्रौढावस्थामा पुगेकी एक माताले निर्मम अत्याचारहरूबाट सताइएर आफ्नो प्राण त्यागन विवश बन्नुपर्‍यो । उनलाई त्यस घरमा आएर हेर्ने र लासलाई खोलामा मिल्काइदिने व्यक्ति पनि त्यहाँ कोही थिएन ।

वातावरणमा यथास्थिति थियो । हिमाल भोलिको सूर्योदयमा फेरि हाँसिरहेको थियो । खोला बगिरहेकै थियो । चराहरू चहचहाइरहेकै थिए तर मात्र एक मानवीय आर्तस्वर बन्द थियो । न त त्यहाँ मृत्युको उदासीनता फैलियो न कुनै मनुष्यका आँखा रसाए । त्यहाँ मौन निजी रिक्तताको पराकाष्ठा थियो तर पनि भित्र कहीँ मृत्युको नीरव शून्यता र वियोगको हृदयस्पर्शी आघातचाहिँ व्यक्त भएझैं लाग्दथ्यो ।

❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नारीजीवनप्रतिको दृष्टिकोण

आजभोलि पत्रपत्रिकाका लेख, टीभी कार्यक्रम सबैमा नारी हक र स्वतन्त्रतासम्बन्धी कुराहरूले भरिएको पाउँछु। नारी स्वतन्त्रताविषयक लामालामा व्याख्यानहरू पनि देख्छु । त्यसपछि म केही विचार गर्न वाध्य बन्छु ।

नारीलाई कस्तो स्वतन्त्रताको आज खाँचो परेको छ ? बौद्धिक स्वतन्त्रता, शारीरिक स्वतन्त्रता, सामाजिक स्वतन्त्रता या अर्कै स्वतन्त्रता ?

बौद्धिक स्वतन्त्रता भनूँ भने त्यो त पुरुषसमान नै पाइरहेकै देख्छु। बौद्धिकता त व्यक्तिगत कुरा हो । त्यो त परमेश्वरले सबैलाई समान रूपले दिएको देखिँदैन । एकै धर्म एउटै गर्भवाट पैदा भएका र उस्तै वातावरण र लालनपालनमा हुर्केका बालबालिकाहरूको पनि बौद्धिक स्तरचाहिँ समान पाइँदैन । बाहिरी समानान्तर परिपूर्णताले मात्रै पनि मानवमस्तिष्क समान रूपले विकसित हुने रहेनछ। त्यहाँ पनि भिन्नताको अनुभव भएकै हुन्छ। प्रत्येक व्यक्तिको बौद्धिक प्रतिभा र विकास, नारी होस् या पुरुष, उसको आफ्नै जन्मजात सम्पत्ति भन्नु पनि अनुपयुक्त लाग्दैन ।

आजको आधुनिक जगत्मा वैचारिक स्वतन्त्रता भने प्राणी मात्रका निम्ति उपलव्ध हुनुपर्ने नै कुराजस्तो लाग्छ। यहाँनेर फेरि एउटा कुरा आउँछ– विचार पनि स्वस्थ, सही, विवेकपूर्ण तथा सर्वहितकारी हुनु आवश्यक छ । नत्र त सवभन्दा विनाशकारी विचारधाराले नै मानवजगत्लाई नै समाप्त र तहसनहस पार्नसमेत वेर लाग्दैन ।

अब अर्को चर्चा हो शारीरिक स्वतन्त्रताको । त्यो त आजको युगमा पूर्णरूपेण पराकाष्ठामा पुगिसकेको देखिन्छ। पश्चिमी पोसाक र केटीहरूको चालचलन, रूपरेखाको अध्ययन गर्दा कहीँ केही रोकिएको देखिँदैन । बरु भनूँ भने रूप र यौवनलाई मात्र जीवनसर्वस्व मानेर उच्छृङ्खलताको पराकाष्ठामा उभिन थालेको दृश्यले मर्यादा र आदर्शको अन्तिम विन्दुको पनि परिक्रमण गरेको देखिनसमेत थालिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सामाजिक स्वतन्त्रताको कुरा गर्ने हो भने त्यो त समयको गति सँगसँगै बदलिँदै जान्छ र बदलिँदै गई पनि रहेकै छ । पचास वर्षअघिको हाम्रो समाज व्यवस्थालाई विचार गर्ने हो भने आजका केटीहरूका निम्ति त्यो समय सायद एक भयावह दन्त्यकथा लाग्न सक्छ । अझ त्यसभन्दा पछाडि दृष्टि दियो भने हामीलाई पनि त्यस्तै लाग्न सक्छ । समय भनेकै परिवर्तनशील छ, प्रवाहित छ । जस्तो प्रवाह रोकिएको नदी दुर्गन्धपूर्ण बन्छ त्यस्तै समाज पनि परिवर्तनविना कुण्ठित बन्न थाल्छ । परिवर्तन प्राकृतिक गुण हो । समय गतिशील छ, जीवन गतिशील छ अनि समाज पनि गतिशील हुनैपर्छ ।

ईश्वरले स्त्री तथा पुरुषलाई एउटै साँचामा बनाएको छ, भिन्दै वनाएकै छैन । स्त्रीबिना पुरुषको अस्तित्व छैन भने पुरुषविना स्त्रीको पनि अस्तित्व छैन । स्त्री-पुरुष दुवै एकअर्काका पूरक हुन् । परमेश्वरलाई पनि अधितत्त्व (एकोऽहम् वहुस्यामः) को इच्छा उठ्नेवित्तिकै सृष्टिका लागि मायाको आवश्यकता पऱ्यो भने मनुष्यको त कुरै भएन । एउटा रथका दुई पाङ्ग्रा भएकाले दुवैको अनिवार्यता नै जीवन हो । एउटा पाङ्ग्रा विग्रेको रथले आफ्नो गन्तव्य भेट्टाउन सक्दैन ।

सुखी, स्वस्थ, सौम्य, विवेकी, विश्वासी, एकअर्काप्रति मर्यादायुक्त त्याग र स्नेहले भरिएका नारी र पुरुषको जीवनप्रणाली नै सदासर्वदाका निम्ति अपेक्षाकृत समाजको परम आवश्यकताको वस्तुस्थिति हो जस्तो लाग्छ ।

तर यो सम्पूर्ण सत्त्वगुणको कुरा एकतर्फी भने होइन, यसमा दुवै पक्षको त्यत्तिकै उपयोगिता हुनुपर्छ । सवैभन्दा ठूलो वैमनस्यको कारण नै पतिले पत्नीको मर्यादा नराख्नु, आदर नगर्नु, विश्वास पनि नगर्नु अनि यस्तै नारीले पनि पतिको बेवास्ता गर्नु, ज्यादै अहंवादी वन्नु, उच्छृङ्खलताको सीमारेखालाई पनि नाघेर स्वतन्त्र वन्नु हो । यसरी नै आजको विशृङ्खलताको मूर्त रूप देखिन थालेको छ । यस्तो जीवनप्रणालीले न त समाज उन्नत बन्छ न त सन्तान नै गुणी, योग्य, बुद्धिमान् तथा महान् वन्न सक्छन् ।

गरिब र निर्धन जनसाधारणको कुरा त मैले यहाँ गरेकै छैन । उनीहरूको पक्ष त फेरि अर्कै छ । त्यहाँ न शिक्षा छ, न स्वास्थ्य । कष्ट, अभाव, रोग, शोक, असमर्थता तथा विकृतिको जीवन जिउन उनीहरू वाध्य वनेका हुन्छन् । जहाँ पेटभरि खाना र जीउभरि कपडाको नै पूर्णता छैन त्यहाँ के बौद्धिकता, के आदर्शको कुरा गर्नू ? शरीरभरि कपडा र पेटभरि आहारा प्राप्त गर्नु नै सर्वप्रथम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

त्यहाँको आवश्यकता हुन्छ ।

जति अर्थ र अनर्थका कुराहरू, जति सत्य र असत्यका विवेचनाहरू, जति नैतिक पतनका खबरहरू, जति देखासिखी र तँछाडमछाडका होडबाजी, विधि-व्यवहारमा भइरहेका अनावश्यक प्रदर्शनी छन् यी सबै यहाँका उच्च धनाढ्य र अल्प मध्यम व्यक्तिहरूबीचका कुरा हुन् । यी सबै दुर्व्यवहारको दोषीचाहिँ पुरुष नभएर नारी नै भएको देखिन्छ। उनीहरूकै विलासिताका कारण नै पुरुषहरू अन्याय र अनर्थकारी रूपले भए पनि अर्थ आर्जन गर्न अगाडि परेका देखिन्छन् । यदि नारीहरू त्यागी तथा थोरैमा साधारण जीवन निर्वाह गर्ने र उच्च विचारले भरिएको जीवन रोज्ने भइदिएको भए आज समाज जुन विकृतिको सिकार भइरहेको छ त्यो कदापि हुने थिएन ।

भयानक रोगका कीटाणुहरूले जसरी एक मनुष्यशरीरबाट अर्को शरीरमा सरेर रोगलाई फैलाइदिन्छन् त्यस्तै सामाजिक दुर्गुण, दुश्चरित्रता, वितृष्णा तथा अनैतिकता पनि बिस्तारै समाजमा फैलिने सङ्क्रामक रोग नै रहेछन् ।

नारीहरू बुद्धि, विवेक र धैर्यमा अवश्य नै पुरुषभन्दा केही कम छैनन् । केही मात्रामा भने बरु बढी नै पनि होलान् । आज कुन क्षेत्रमा नारीजातिले ठाउँ ओगट्न पुगेका छैनन् ? के डाक्टर, के इन्जिनियर, के लेखक, के पाइलट यत्रतत्र नारीले पुरुषका काँधमा काँध मिलाएर आफ्नो योग्यता देखाएका छैनन् र ? आजका उच्च ओहदामा उभिन पुगेका नारीहरू न त आर्थिक उन्नतिका पछाडि छन् न त अफ कुनै क्षेत्रमा ।

तर यी सबै कुरापछि पनि एक विषयमा भने दैवले नारीजातिलाई कम बनाएको छ– शारीरिक बल र पौरुषमा । तर यसलाई पनि आजका सशक्त नारी खेलाडीहरूले तर्कहीन तुल्याइसकेका छन् । जे होस्, ईश्वरले नारीलाई कोमल, भावुक, सहृदय, दयालु वनाएको छ, यदि उनीहरू आफ्नो प्रकृत्तिप्रदत्त गुण र स्वभावमा रहेमा । विकृतिको पराकाष्ठामा पुगे त मानव, दानव र दानवी वन्न केहीबेर लाग्दैन । विपरीतमा त जे पनि सम्भव हुन्छ, असम्भव केही छैन ।

श्रीमद्भगवत् गीतामा विभूति योगविषयक वर्णन गर्दा श्रीकृष्णले कुन वस्तुमा मेरो रूप छ भन्ने प्रसङ्गमा नारीमा निम्न गुण मेरो हो भन्नुभएको छ–

कीर्तिः श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सृष्टिका सन्दर्भमा महान् गुण, दैवी सम्पदा, सात्त्विक र परम कल्याणकारी भावनाले विभूषित तुल्याएर परमेश्वरले नारीजातिलाई पृथ्वीमा पठाउनुभएको छ। अनन्त प्रेम, अतुलनीय माधुर्य नै प्रसूता नारीको दूध बनेर नवजात शिशुको मुखमा चुहिन थाल्छ। माता वन्नुभन्दा ठूलो सार्थकता र उपलब्धि नारीजीवनको अर्को कदापि छैन। एक नारी जव माता वन्छे उसको मुटुमा नैसर्गिक आनन्द र तृप्तिको प्रवाह सम्पूर्ण रक्तकोषमा प्रवाहित वनेर बग्न थाल्छ अनि ऊ पूर्ण वन्छे, परिपूर्ण वन्छे।

नारी जवसम्म आमा बन्दिन ऊ कहीँ न कहीँ अपूर्ण र गतिविहीन वनिरहेकी हुन्छे। वासना र शारीरिक भोकको समाप्ति आमा नवनी हुँदैन। आमा वनेपछि मात्रै पूर्णताको प्राप्ति मानिन्छ तर आमाको अवस्थामा पुगेपछि भने ऊ तृप्त वन्छे, परिपूर्ण र गरिमामय दैवी रूपले विभूषित हुन्छे।

यस्तो ईश्वरप्रदत्त महिमामय जीवन हामीलाई प्राप्त छ। यसको सही मूल्याङ्कन र सही उपयोग गर्नुमा नै नारीजीवनको सार्थकता छ। नारीलाई कोमल, मृदुल, स्नेही, दयालु भावनाले सिँगारेर पुरुषलाई कठोर, पराक्रमी, सामर्थ्यवान्, शारीरिक वलले परिपूर्ण बनाएको छ। यसनिम्ति नै होला कर्म क्षेत्रले पनि नारीलाई पुरुषवाट वियुक्त बनाएको छ।

अघिपछि पुरुषसँग प्रतिस्पर्धायुक्त कर्म गरे पनि नारी जव गर्भवती वन्छे त्यस बेला अवश्य कार्यमा शिथिलता र व्यवधान परि नै हाल्छ। त्यस्तै प्रसूति अवस्थामा पनि पुरुषसमान कर्म गर्न पनि मुस्किल हुन्छ। फेरि वच्चाको लालनपालनमा पनि केही समयका निम्ति भए पनि उसलाई विश्रान्तिको परम आवश्यकता पर्छ। त्यस कारण प्रकृतिप्रदत्त कर्म तथा योग्यताप्रति नै सचेतता निर्वाह गर्नु हाम्रा निम्ति उपयुक्त हुन्छ।

हाम्रो वैदिक पृष्ठभूमिमा स्त्रीजातिको अतुलनीय मर्यादा छिपेको थियो। मैत्रेयी र गार्गीजस्ता विदुषी, सावित्रीजस्ता पतिपरायणा तथा त्यस्ता अनेकौं आदर्श ज्ञानी, ऋषिपत्नीहरू, उपनिषद्कालका अनेकौं आदर्श चरित्रहरूबाट हाम्रो संस्कृतिको मर्यादाले उच्च शिखर छोएको पाइन्छ।

यस्तै उदात्त चरित्रहरूबाट हाम्रा वैदिक कालका नारीहरूका दायित्व तथा मर्यादा झल्केका छन्। वैदिक कालदेखि उपनिषद्काल र त्यसपछिको धेरै कालपर्यन्त नारीजातिको ठूलो मर्यादा र सम्मान थियो। जहाँ नारीहरू पुजिन्छन् त्यहाँ नै देवताहरू खुसीले वास गर्छन् भन्ने उक्तिले पनि त्यस समाजको स्वरूप

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

झल्किन्छ ।

धेरै समयको अन्तराल हुँदै गयो । पछि हिन्दूसम्राट्हरूको पतन सुरु भयो । मुस्लिमहरू प्रबल बने, अत्याचार सुरु भयो । हिन्दूहरूको पलायन हुन थाल्यो । बिस्तारै विदेशीहरूले भारतलाई आफ्नो मुठ्ठीमा पार्दै गए अनि यसपछि नै सभ्यताको ह्रास भयो । इतिहासले अर्को मोड लियो । मुस्लिमहरूका हातबाट आफ्ना चेलीवेटीलाई वचाएर धर्मको रक्षा गर्नु नै त्यस बेलाको सर्वप्रथम कर्तव्य हुन थाल्यो ।

जसरी भए पनि आफ्ना कन्यालाई यवनका दुराचारवाट रक्षा गर्न सात वर्षदेखि दश वर्षभित्र विवाह गरेर एक युवकको जिम्मा लगाउने परिपाटी चल्न थाल्यो र यसलाई नै धर्मको रूप दिएर रजस्वला हुनुभन्दा अगाडि नै विवाह गर्ने प्रथा सुरु गरियो ।

सायद यसपछि नै वालविवाहले गहिरो जरो गाड्दै गएर समाजलाई फेरि रूढिवादी बनाउँदै गयो । पापको डर देखाएर रजस्वला नभईकनै परिवारले कन्यादान गरिदिने होडवाजी सुरु भएपछि निर्दोष वालिकाहरूले अर्काको घरको कठोरताको सामना गर्दै विवाहको मर्यादा नबुझीकनै गृहिणीको कर्तव्यवहनको दुष्कर परिणाम भोग्नुपर्‍यो । यसैबाट अनमेल विवाहको सुरुआत पनि भयो ।

यही नै सामाजिक आडम्बर र अत्याचारको चरम सीमा थियो । जुनसुकै सामाजिक कर्म तथा स्वव्यवहारलाई पनि धर्मको नाम दिएर नबुझ्केकालाई र नजान्नेहरूलाई तर्साएर वौद्धिक दुरुपयोग गरियो । स्त्रीहरू पनि मूर्ख बन्दै गए । उनीहरूलाई शिक्षाबाट वञ्चित तुल्याइयो र घरको चारदिवारभित्रै बाँधियो ।

त्यस बेला भने साँच्ची नै नारीजातिको अपमान र दुर्व्यवहार गरिएको वीभत्स समाज बनेको थियो । एक पुरुषले अनेकौं विवाह गर्न र उनीहरू-लाई वन्धक तथा कैदीसमान व्यवहार गरेर राखिने चलन पनि नराम्रो नमानिने समय थियो । सायद यही नै हिन्दूहरूको सवैभन्दा ठूलो पतनको काल थियो ।

समाजमा अवश्य नै एकैनासको व्यवस्था रहँदैन । युग वदलिन्छ । मानिसको विचार बदलिन्छ । घटनाहरू हुन्छन् अनि परिस्थिति बदलिन्छ । चालचलन वदलिन्छ, समाजको ढाँचाकाँचा र रूपरेखा तथा मान्यता सवै बदलिन्छन् । यस्तो बेला वौद्धिक व्यक्तिको अभाव भए रूढिवादी विचारहरूले प्रश्रय पाउन थाल्छन् । नचाहिने कुरालाई धर्म र पापको दुर्व्यवहारले मनुष्यजीवनलाई विकृत तुल्याइदिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

धर्म त शाश्वत कुरा हो, त्यो सदासर्वदा एक हुन्छ, जो सनातन छ, निर्विकार छ, सत्य छ। धर्म नैसर्गिक छ, शाश्वत धर्म त देश, काल र परिस्थितिभन्दा सर्वोपरि कुरा हो । यो व्यक्तिगत पनि हो । यो सदासर्वदा एक छ, अक्षुण्ण छ, सत्यस्वरूप छ। यसलाई जान्न विवेक, वैराग्य तथा पूर्ण ज्ञानको आवश्यकता छ ।

जुन बेला समाजलाई चलाउन जस्तो व्यवस्था चाहिन्छ त्यही बेला मनुष्यले स्वयम् निर्धारण गरेका कुराहरू कदापि धर्म होइनन् । ती त सामाजिक व्यवस्था र मर्यादाका निम्ति कानुन मात्र हुन् । तिनलाई राख्न र फ्याँक्न समाज नै सक्षम हुन्छ । ती लौकिक मर्यादा र मान्यता मात्र हुन्, धर्म होइनन् । धर्म त सूक्ष्म तत्त्व हो जो अपरिवर्तनशील छ, जो मनन, ध्यानधारण तथा ईश्वरार्पित पूर्ण ज्ञानवाट अनुभवमा आउँछ ।

'गहना धर्मणो गति' भन्नुको तात्पर्य पनि सायद यही हो । अस्तु !

❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्रीशिवजीको विषपान

श्रीमहाधिदेव शिवको विषपान उहाँको लीलाविशेषका महत्त्वपूर्ण कथाहरूमध्ये पनि एक विशिष्ट कथा हो ।

जतिखेर देव र असुरहरू मिलेर समुद्र मन्थन गर्न लागेका थिए त्यस वेला अनेक बहुमूल्य रत्न उत्पन्न भए । साथसाथै हलाहल विष पनि निस्क्यो । त्यस विषले दसै दिशा दग्ध हुन लाग्यो । विषको भीषण ज्वालाले देवताहरू जल्न लागे । त्यहाँ कसैमा पनि यो सामर्थ्य थिएन कि विष साम्य गर्न सकून् । आखिर सबै देवताहरू मिलेर शिवजीको प्रार्थना गर्न लागे- "प्रभु, जसरी भए पनि यस विषको ज्वालाबाट हाम्रो रक्षा गर्नुहोस् ।" यो करुण पुकार भगवान्ले सुन्नुभयो । उहाँले परिस्थिति बुझेर त्यो उग्र गरललाई आफ्ना हातमा लिएर पान गर्नुभयो ।

विषपान गरेर शङ्करले समस्त त्रिलोकप्रति ठूलो उपकार गर्नुभयो । अन्यथा त्यस हलाहल विषको ज्वालाले सम्पूर्ण प्राणी भस्म हुने थिए । विषलाई पचाउने सामर्थ्य शिवमा नै छ । यही अद्भुत पराक्रमका कारण नै उहाँको नाम देवाधिदेव रह्यो । विष साक्षात् मृत्युको रूप हो जसद्वारा प्राणको लोप हुन्छ । विषपानका कारण नै शङ्कर मृत्युञ्जय हुनुभयो ।

हुन त सबै देवताहरू अमर मानिन्छन् परन्तु विषका रूपमा साक्षात् स्थूल मृत्युसित लोहा लिएर विषलाई आफ्ना शरीरमा पचाएर वास्तविक मृत्युञ्जयको उपाधि शिवजीलाई नै प्राप्त भयो । उग्र हलाहल पान गरेर पनि उहाँको शरीरबाट स्वर्गीय सुगन्ध नै निस्कियो । मृत्युको दुर्गन्धले स्पर्श गर्न सकेन । उहाँ मृत्युबाट मुक्त भएर अमृतको गर्भमा सदासर्वदाका निम्ति प्रतिष्ठित बन्नुभयो ।

लिङ्गपुराणमा समुद्रमन्थनको कथा विषयमा उल्लेख छ कि विषपानको अनन्तर शिवजी हिमालयको एकान्त कन्दरामा गएर बस्नुभयो । यता देवताहरूले उहाँलाई खोज्न थाले । परन्तु कतै नदेखेनन् । उनीहरू उहाँको स्तुति तथा प्रार्थना गर्न चाहन्थे । देवताहरू सबै मिलेर श्रीशिवजीलाई खोज्न थाले । धेरै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रयासपछि आखिर हिमालयमा पुगेर दर्शन पाए ।

देवताहरू स्तुति गर्न चाहन्थे कि विषपानजस्तो महान् पराक्रम प्रभुले गर्नुभयो । परन्तु शिवजी हिमालयका गुफामा ध्यानमग्न स्थिर हुनुहुन्छ, देवताहरू त्यहीँ नजिक गएर प्रार्थना तथा प्रभुको प्रशंसा गर्न लागे तर आशुतोषलाई न त प्रार्थनाको न त प्रशंसाको नै आवश्यकता थियो ।

देवताहरू भन्न लागे- "आज हजुरले जसरी महापराक्रम गरेर त्रिलोकको रक्षा गर्नुभयो त्यसको वर्णन गर्न हामी असमर्थ छौं । आज प्रभुबाट जुन पराक्रम भयो त्यस्तो पराक्रम आजसम्म कसैले गर्न सकेको थिएन ।"

देवताहरूको प्रार्थना सुनेर गम्भीर आवाजमा शिवले आज्ञा गर्नुभयो- "हे देवताहरू हो ! हेर, स्थूल विष पिएर मैले कुनै विचित्र कुरा गरेको छैन । मेरा दृष्टिमा वस्तुतः ठूलो कुरा त्यो हो जसले संसारमा भरिएको विषयरूपी विषलाई पचाउन सक्छ ।

"संसारको अनुभव तथा विश्लेषणद्वारा जो विषय विष उपस्थित हुन्छ त्यो विष स्थूल विषको अपेक्षा धेरै भयङ्कर हुन्छ । सबैका निम्ति प्रकट हुने विषय विषमाथि विजय प्राप्त गर्न सक्नु नै सच्चा पुरुषार्थ हो ।"

यस कथाको मध्यमा एक अर्को प्राचीन कल्पना पनि छ । यसअनुसार प्रत्येक व्यक्ति समुद्रका अगाडि अनन्त तथा अपार छ– 'पुरुषो वै समुद्रः' । यस समुद्रमा मनरूपी जलराशि भरिएर रहेको छ अनि नित्यप्रति त्यसको मन्थन भइरहेको छ तथा त्यही मन्थनद्वारा गुण र दोष प्रकट भइरहन्छ । जुन गुण तथा सत् पक्ष छ त्यो नै अमृतको रूप हो । त्यस्तै जुन दोष या असत् पक्ष छ त्यो नै विषको रूप हो । जुन मनुष्य दोषलाई जितेर मनको स्वराज्यमा शिवात्मक रूपको रक्षा गर्न सक्छ, ऊ नै स्वयमेव सच्चा शिव बन्छ ।

वैदिक ग्रन्थहरूमा शिवजीको विषपानको व्याख्या अन्यत्रभन्दा वेग्लै प्रकारको पाइन्छ । यसअनुसार–

यो विश्व तथा प्रत्येक प्राणी समुदाय अग्नि तथा जलको संयोगले बनेका छन्– 'अग्नि सोमात्मकम् जगत्' । अग्नि पिता र जल माता हो । अग्नि देवताहरूको तथा जल असुरहरूको निवासस्थान हो । जलका अधिपति वरुण असुरहरूका अधिपति पनि मानिन्छन् । अग्निका अधिपति भने रुद्र महादेव हुनुहुन्छ । उहाँ सबमा ज्येष्ठ तथा श्रेष्ठ हुनुहुन्छ– 'अग्नि वै रुद्रः' । अग्नि ज्योति, दिन र उष्माको रूप हो भने जल रात्रि, तम अनि हिमको रूप हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यिनै प्रतीकहरूको व्याख्या हाम्रो प्राचीन वैदिक दर्शनको समुन्नत अङ्ग थियो । तदनुसार अग्नि या रुद्र प्राणाग्निको संज्ञा मानिन्थ्यो भने यसविपरीत जल प्राण-निराकरणको सूचक । मनुष्यशरीरमै यो कुरा प्रतिक्षण प्रत्यक्ष घटित भइरहेको हुन्छ । यहाँ रक्त दुई प्रकारको छ– लोहित अनि नील । यी दुवै प्रवाहित हुने धमनी तथा नाडी अलग-अलग छन् । शुद्ध रक्त रातो धमनीद्वारा शरीरमा अभिशरण हुन्छ । त्यसमा प्राणवायु या अमृतको स्पर्श तथा शक्ति देखिन्छ । यही नै जीवनरक्षक तथा पोषक हो । त्यस्तै नीलो रङको नाडीमा अशुद्ध रक्तको प्रवाह शरीरस्थ विषलाई लिएर हृदयतिर वहिरहन्छ अनि हृदयमा पुगेर प्राणवायुको स्पर्श पाएर पुनः शुद्ध बन्दछ । यस प्रकार अमृत र विषको द्वन्द्व या चक्र प्रत्येक पल घुमिरहेको हुन्छ । यसद्वारा नै जीवनसत्ता अडेको छ तथा स्थिर रहेको छ । प्राणात्मक अङ्गले शरीरको नसा तथा नाडी र कोषमा उत्पन्न हुने मल या विषलाई दग्ध गरेर शुद्ध नगरेमा अत्यधिक विष जम्मा भएर मृत्युको कारण वन्न सम्भव हुन्छ ।

अतःएव यो कल्पना यथार्थ छ कि शरीरको हृदयस्थित शिवात्मक प्राणाग्नि निरन्तर विषको पान गरिरहन्छ । यो विषपान विषम गरलको शोषण तथा पाचन भएर नै शरीरको देवात्मक शक्ति तथा इन्द्रियहरू स्वास्थ्यलाभ गर्न समर्थ भएका हुन्छन् ।

अमृत तथा मृत्युको सङ्घर्षको यो नाटक प्रतिपल र प्रतिक्षण जीवनरक्षाका निम्ति प्रत्येक प्राणीको आध्यात्मिक केन्द्रमै भइरहेको हुन्छ । मनुष्य, पशुपक्षी, वृक्ष-वनस्पति सब नै आफ्नो शिवात्मक प्राणशक्ति या प्राणाग्निद्वारा नै विश्वरूप मृत्युको पराभव गर्दछन् ।

अतः शिवको विषपानको प्रसङ्ग कथा-कहानी मात्र होइन । प्रत्येक मनुष्यरूपी समुद्रमा जलीय रत्नको मन्थन भइरहेको हुन्छ । त्यसैमा सदासर्वदा विष र अमृत दुवै उत्पन्न भइ नै रहन्छन् । प्राणको वेग अमृतमय तथा अपानको वेग विपाक्त हुन्छ । प्राणको विजय तथा अपानको पराजय विष र अमृतको नै एक रूप हो ।

यस प्रकारको विषभूत प्राण तथा मन तीनै धरातलमा उत्पन्न भइरहन्छ । यिनै तीन अग्निको सम्मिलित रूपलाई वैदिक परिभाषामा वैश्वानर भनिन्छ । प्रत्येक प्राणकेन्द्रमा यसको प्रतिष्ठा भएको हुन्छ– 'अयमग्नि वैश्वानरो यो यमन्तः पुरुषे' ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शरीरस्थित वैश्वानरले सूर्यरूपी विराट्-विराट् वैश्वानरद्वारा निरन्तर शक्ति प्राप्त गरिरहेको हुन्छ। अग्नि, वायु, सूर्य यी तीन अग्निहरूको सत्ता अध्यात्म र अधिदैवत दुवैमा छ। दुवै एकमा अर्को संयुक्त अथवा मिलेर रहेको हुन्छ। विराट् वैश्वानर महाशक्तिशाली महासुपर्णकै समान हुन्छ। द्युर्लोकका सुपर्णले भूमिमा पञ्चमहाभूतको घेरालाई आफ्नो दृढ पन्जाले समातेर राखेका छन्– 'ग्रस्ता सुपर्णस्य वलेन कर्तिकाम्'।

जवसम्म दुवैमा यो सम्वन्ध अक्षुण्ण रहन्छ, तवसम्म जीवन सकुशल छ। यो वर्तिकाको संरक्षण दुई अश्विनीकुमार अथवा प्राण र अपानले गर्छन्।

एकातिर हाम्रो अन्तरमा नै अमृतको महासागर छ भने अर्कातिर मृत्युले अधिष्ठित वरुणको आसुरी रूपमा प्रवाहले वञ्चित सडेको दुर्गन्धयुक्त जल छ। इन्द्रका प्रतिनिधि सुपर्ण र साथै वरुणका प्रतिनिधि नाग हुन्। यी दुई नै सौपर्णेय तथा काद्रवेय कहलाइन्छन्। सुपर्णकी माता विनीता तथा नागकी माता कद्रु हुन्। यिनीहरूको पारस्परिक द्वन्द्वका कथाहरू अनेक पुराणमा उपलब्ध छन्। यसको मूलचाहिँ ब्राह्मण ग्रन्थ र वेदमा छ। यो कुरा प्रसिद्ध छ कि सुपर्ण या गरुड आफ्ना पखेटाको शक्तिले स्वर्गसम्म पुगी अमृतको घडा लिएर फर्केका थिए। विषले भरिएका नाग पनि अमृतको भाग चाहन्छन् परन्तु उनले केवल यो कुरालाई मात्र चाट्न समर्थ भए जसमा गरुडले ल्याएर अमृतको घडा राखेका मात्र थिए। कुशालाई वैदिक भाषामा वर्हिष्य पनि भनिन्छ। सर्वप्रथम पुरुषको निर्माणमा कुशारूपी नस, नाडीहरूमा नै अमृतजलले प्रोक्षण गरिन्छ। विषले त धेरै टाढाबाट मात्रै प्राणधाराको स्पर्श गर्न पाउँछ। ती धारामा विषको सञ्चरण नै साक्षात् मृत्युको रूप हो।

अमृत र मृत्युको द्वन्द्व विश्वव्यापी छ। सूर्यका रश्मिहरूमा पनि यिनै दुई तत्त्व छन्। प्रत्येक सूर्यरश्मिले प्रकाश तथा ताप उत्पन्न गरिरहेको हुन्छ। सधैं प्रकाशले अमृतलाई र तापले मृत्युलाई जन्म दिइरहन्छ। प्रकाशको किरण पोषक तथा तापको रश्मि विनाशक मानिन्छ। यिनकै मेलद्वारा सूर्यको वर्षाछत्रक याने रङको पङ्क्ति वन्दछ। प्रत्येक रश्मि उसकै रूप हो। यस कारण वैदिक परिभाषामा नील-लोहित इन्द्रधनुषको वर्णन गरिएको हुन्छ। वेदमा उल्लेख भएअनुसार रुद्रको एक स्वरूप या नाम व्रात्य पनि हो। व्रात्य त्यस्तो स्वरूप हो जसले सृष्टि यज्ञभन्दा पहिले सर्वदिशा-दिगन्तरमा उग्र वेगले विचरण गर्ने रौद्र पुरुषलाई इङ्गित गर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

त्यो व्रात्य जुन धनुषलाई धारण गर्दछ उसको उदर या भ्रुकेको भागलाई नील र पृष्ठभागलाई लोहित भनिएको छ। नील सानो रश्मि र लोहित ठूलो रश्मि हो, जस्तो कि किरणको नीलो र रातो रङको पट्टीमा देखिन्छ।

पुराणहरूमा भगवान्को अतिप्रिय नाम पनि नील-लोहित भनिएको छ। उहाँको घाँटी नीलो र शेष शरीर लोहित भनिएको छ। कण्ठ आकाशको प्रतीक हो, जहाँबाट शब्दहरूको उदय हुन्छ। त्यस्तै चार भूत कवन्ध शरीरको प्रतीक हो। यही चारमा विश्वसत्ताले आफ्नो प्रभाव प्रकट गर्न सक्छन् अथवा दूषित गर्न पनि सक्छन् किन्तु जस्तोसुकै हलाहल विष होस् तर त्यो अनन्त सूक्ष्म आकाशमा विलीन हुन सक्छ र त्यहाँ त्यसलाई दूषित गर्न सक्दैन। आकाशको वायु विषले दूषित हुन सक्छ परन्तु आकाश हुँदैन। आकाश पञ्चभूतमा सवभन्दा अधिक व्यापक या विभू हो।

वेदान्तदर्शनमा त आकाशलाई ब्रह्मको स्वरूप पनि मानिएको छ। 'आकाशस्य तान्लिङ्गात्' अर्थात् ब्रह्मकै समान आकाश पनि तत् स्वरूप छ। यो अव्यक्त छ परन्तु आकाश शब्दद्वारा मूर्त हुन्छ, जस्तो कि ब्रह्म विश्वद्वारा मूर्त हुन्छ। यसरी कण्ठ देशको स्थान आकाशको अध्यात्मकेन्द्रमा छ। यहाँ पनि भगवान् शिवले विषलाई स्थान दिएर नीलकण्ठ कहलाइनुभयो। यसको अभिप्राय यो भन्न सकिन्छ कि विष पनि त्यहाँ अमृत बनेर मात्रै बस्न सक्छ अनि यसका साथै भगवान्को मृत्युञ्जयको उपाधिलाई चरितार्थ गर्दछ।

योगविद्यानुसार पञ्चमहाभूतका पाँचवटा चक्र छन् जसको केन्द्र मेरुदण्डमा छ। उसमा पाँचौं विशुद्ध चक्र कण्ठ देशमा अवस्थित मानिन्छ। विशुद्ध चक्रको तत्त्व आकाश हो। यो सवभन्दा माथि छ। यसको तलतिर चार अरू छन्। पहिलोमा हृदयमा स्थित अनाहत चक्रको अधिपति वायु हो। अर्को उदरस्थलमा जठराग्निका रूपमा क्रियाशील मणिपुर चक्र छ। यसको अधिष्ठाता अग्नि हो। त्यसको तलतिर नाभिस्थानमा क्रियाशील जलले अधिष्ठित स्वाधिष्ठान चक्र छ। अर्को सवभन्दा तल मूलाधार चक्र छ।

मूलाधार, स्वाधिष्ठान, मणिपुर तथा अनाहत यी चारवटा चक्रद्वारा जुन चार प्रकारको मल निक्लिरहन्छ त्यो सदैव विषले भरिएको हुन्छ। यहाँसम्म कि अनाहत चक्रमा क्रियाशील वायु पनि शुद्ध तथा अशुद्ध दुई प्रकारको हुन्छ। विषले दूषित वायु प्रतिक्षण बाहिर आइरहन्छ र बाहिरको अमृतमय शुद्ध वायु पिएर फेरि भित्र फर्किन्छ। यो विधान प्रकृतिको प्रत्येक प्राणमा समान रूपले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रहेको छ। यही प्राण तथा अपानको चक्रात्मक व्यापारको नाम जीवन हो।

परन्तु अनाहत या चतुर्थ चक्रमाथि जब हामी कण्ठदेशीय विशुद्ध चक्रतिर हेर्दछौं तव त्यहाँबाट उत्पन्न हुने सूक्ष्म शब्दमा कुनै स्थूल विष हामी देख्दैनौं। शब्दको पनि दुई रूप छ। एकको सूक्ष्म अर्थ छ परन्तु अर्कोको स्थूल। सूक्ष्म अर्थको सम्वन्ध मनसित जोडिएको हुन्छ तथा स्थूल शब्दको सम्वन्ध तलका चार अङ्गसित– विशेषतः नाभि अनि त्यस्तै हृदयसित भएको हुन्छ। यस्तो शिक्षाशास्त्रीय शब्दको तरङ्गको विषयमा भनिन्छ। मन या चिन्तनको सम्बन्ध मस्तिष्कको सहस्रदल कमलबाट हुन्छ जहाँ भगवान् शिवको निवासस्थान मानिएको छ। त्यहाँ नै आज्ञा या ज्ञानको चक्र छ। जान्ने र जानिनेजति सम्पूर्ण क्रियासमूह सबै त्यहीँबाट उद्बोधित भइरहन्छन्। त्यही नै अमृत लोक हो। भगवान् शिवको मस्तकमा विराजमान सुशोभित चन्द्रमा त्यही अमृतकै प्रतीक हो जसले सदासर्वदा शीतल बनेर अमृत वर्षा गरिरहेको हुन्छ। जसको पनि जुन स्थूल केन्द्रीय नाडीजाल छ सबै त्यही अमृतले सिञ्चित भएर अमृततत्त्व प्राप्त गर्दछ। त्यसैद्वारा शरीरस्थ हलाहल विषको ज्वाला शान्त भइरहेको हुन्छ। अग्निविद्याको यस्तै विभिन्न रहस्य छ। शरीरस्थ भगवान् शिवको महिमा तथा अमृतमय सोमात्मक शक्तिको व्याख्या कसले सम्पूर्ण तवरले जान्न र भन्न सक्छ! यो सम्भवै छैन।

शिवको विषपानको कथा कुनै इतिहासको तथ्य होइन, न त कुनै सुदूर अतीतमा मात्र घटित भएको कुनै कथा हो। यो त नित्यप्रति घटित हुने अद्भुत लीला हो जो मन, प्राण, तथा पञ्चभूतको धरातलमा प्रतिपल भइरहेको छ।

ईश्वरीय दिव्य रचनाको यो सर्वोत्कृष्ट नियम हो कि यहाँ अमृत या देवताको विजय तथा विष या असुरहरूको पराजय निश्चित छ। भनिन्छ, जब प्रजापतिले देवताको सृष्टि गर्नुभयो त्यसै बेला स्वतः अमृत, ज्योति तथा सत्यको प्रादुर्भाव भयो। त्यस्तै जब असुरहरूलाई सृष्टि गर्नुभयो तब मृत्यु, तम तथा विषको पनि जन्म भयो।

जब शुद्ध चित्शक्ति या मन देवलोकबाट पञ्चभूतको धरातलमा आउँछ तब तुरुन्तै मलविक्षेपद्वारा लिप्त बन्न पुग्छ। यस चित्तको शुद्धि निरन्तर आवश्यक छ जो सहस्रदल कमलमा निवास गर्नुभएका भगवान् सदाशिवको चिन्मय शक्तिले मात्रै सम्भव छ। समस्त चर तथा अचर भगवान् शिवको भावमी शक्तिमा निर्मित छ। भूतको अशुद्ध भाव चिन्मय आत्मतत्त्वको शुद्ध भावले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पवित्र गरिरहेको हुन्छ । अमृत या विषको यो तारतम्य सदा ध्यानमा राख्नयोग्य छ । भगवान् शिवको विषपानको मार्मिक सङ्केत त्यतैतिर छ । परन्तु सूक्ष्म भावमा व्याप्त मानस विषलाई वशमा गर्नु नै सच्चा पराक्रम तथा शिवत्वको लक्षण हो ।

शिवको शरीरमा पनि हामी सर्प वेरिएको देख्छौं । सर्प साक्षात् विष या मृत्युको रूप हो परन्तु अमृतस्वरूप शिवमाथि त्यराको कुनै प्रभाव छैन । मानसिक या मनन समाधिका आधिदेवता शिव मनस्तत्त्वका पनि अधिष्ठाता हुनुहुन्छ । मनद्वारा नै उहाँ मृत्युञ्जय बन्नुभएको छ । ऋग्वेदीय भनाइअनुसार शिवका तीन नेत्र छन्– सूर्य, चन्द्र तथा अग्नि । सूर्यको पिङ्गला तथा यमुना, चन्द्रको इडा या गङ्गा तथा अग्निको सुषुम्ना या सरस्वती पनि मानिएको छ ।

यस कारण नै शिवजीको संज्ञा त्र्यम्बक मानिएको छ । यी तीनमध्ये पनि सुषुम्ना या सरस्वती सर्वोपरि मुख्य शक्ति हुन् । मन नै त्यो दिव्य सरोवर हो जहाँवाट सुषुम्ना या सरस्वतीको जन्म हुन्छ । सरस्वती सवैभन्दा अधिक पवित्र धारा हो– 'पाविका नः सरस्वती' । अमृतरूपी अनेकानेक विचारहरूका वेग त्यहींबाट जन्म लिन्छन् जो पृथ्वी तथा आंकाशमा व्याप्त भइरहेका हुन्छन् ।

सूर्य तथा चन्द्रको द्वन्द्वात्मक स्पन्दनलाई नियमितता प्रदान गर्ने मुख्य धारा नै सरस्वती हो । वैदिक भाषामा सूर्यलाई धर्मया द्वन्द्व नाम दिइएको छ जसको अर्को अर्थ गर्मी हो । चन्द्रमालाई हिम भनिन्छ । धर्म तथा हिम दुवै मध्यस्थ अग्निका नै दुई रूप हुन् । एकमा ताप तथा अर्कोमा प्रकाशको स्रोत छ । त्र्यम्बक शिवको विशिष्ट रूप सुगन्धमय छ । अर्थात् जव शरीरको प्राणशक्तिले सवै दोषहरूलाई शमन गरिदिन्छ तब नै शरीर-सञ्चारी रसले दुर्गन्धलाई हटाइदिन्छ । शुभ गन्धलाई योगको प्रथम लक्षण मानिन्छ । दूषित गन्ध मृत्युतिर बढ्छ र त्यस्तै सुगन्ध अमृततिरबाट प्रवाहित हुन्छ । अतःएव शिवको मृत्युञ्जय मन्त्रमा प्रार्थना गरिएको छ– "हे प्रभु, हामी मृत्युबाट छुटौं परन्तु अमृतबाट होइन" (मृत्योर्मुक्षीय मामृतम्) ।

(पौराणिक कथा, धार्मिक पत्रपत्रिका र आत्मानुभूतिका आधारमा)

❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चारुशीला मिश्र

जन्म : वि.सं. १९८६, काठमाडौं
ठेगाना : कुपन्डोल, ललितपुर
माता : श्री मनदेवी रिमाल
पिता : सरदार कविराज शिवनाथ रिमाल
पति : श्री केशरराज मिश्र
ससुरा : श्री विश्वराज मिश्र
सासू : श्री दुर्गादेवी मिश्र

लालनपालन

मातामही : श्री कोमलप्रिया अर्याल
मामा : श्री कृष्णचन्द्र अर्याल

प्रकाशित कृतिहरू

१. भावाञ्जलि (कवितासङ्ग्रह, २०४५)
२. श्रद्धाञ्जलि (कवितासङ्ग्रह, २०६१)
३. भाव-सरिता (कवितासङ्ग्रह, २०६२)
४. भक्ति-सरिता (लेखसङ्ग्रह, २०६२)

भक्ति-सरिताभित्र गद्यकार चारुशीला मिश्रद्वारा लिखित पन्ध्रवटा गद्यरचनाहरू समावेश गरिएका छन् । विषय-क्षेत्रगत विविधताले नौलो स्वाद चखाउने प्रयत्न गरेको पाइन्छ । ईश्वर-भक्ति, अध्यात्मराग, ईश्वरीय लीलाजस्ता आध्यात्मिक विषयप्रतिका आफ्ना अनुभव र अनुभूतिलाई अभिव्यक्त गर्दै आफ्नो अध्यात्मचिन्तनतर्फको आकर्षणलाई प्रस्तुत गर्न लेखिका सफल रहेको एकातर्फ पाइन्छ भने अर्कातर्फ जीवनभोगाइका क्रममा अनुभव गरिएका सामाजिक, सांस्कृतिक, राजनीतिक एवं भौगोलिक परिदृश्यहरूलाई समेत यथावत् अङ्कन गर्न सक्ने क्षमताले सार्थकता प्राप्त गरेको अनुभव हुन्छ ।

डा. शैलेन्द्रप्रकाश नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu